# यसको साथ

# दौडनुहोस्

काँधमा काँध मिलाएर सुसमाचारको

काम गर्ने स्त्री तथा पुरुषलाई परिचय गराउने एक पृष्ठ अन्तरदृष्टिहरू


Chad Neal Segraves, DMiss

(चाड नील सेग्रेभ्स, डिएमिस्)

Leslie Neal Segraves, DMiss

(लेस्ली नील सेग्रेभ्स, डिएमिस् )



SERVING SHOULDER to SHOULDER

# यसको साथ दौडनुहोस्ः

सुसमाचारको लागि काँधमा काँध मिलाएर

काम गर्ने स्त्री तथा पुरुषलाई परिचय गराउने एक पृष्ठ अन्तरदृष्टिहरू

Chad Neal Segraves, DMiss

(चाड नील सेग्रेभ्स, डिएमिस्)

Leslie Neal Segraves, DMiss

(लेस्ली नील सेग्रेभ्स, डिएमिस् )

# यसको साथ दौडनुहोस्

**यसको साथ दौडनुहोस्:** सुसमाचारको लागि काँधमा काँध मिलाएर

काम गर्ने स्त्री तथा पुरुषलाई परिचय गराउने एक पृष्ठ अन्तरदृष्टिहरू

प्रतिलिपि अधिकार © २०२२ चाड नील सेग्रेभ्स, लेस्ली नील सेग्रेभ्सद्वारा

१०/४० कनेक्सन् एक अन्तरसाम्प्रदायिक सेवकाइ हो जसले कम सुसमाचार पुगेका जातिहरूलाई समावेश गर्न विश्वासीहरूलाई सुसज्जित गर्दछ। विगत १८ वर्षदेखि यस सेवकाइले अमेरिकाका स्थानिय चर्चहरू तथा १०/४० झ्याल भित्र बस्ने स्थानिय खीष्टियनहरूसँग साझेदारी गर्दैआइरहेका छन्। यी साझेदारीहरूले पवित्र आत्माको शक्तिमा वचन तथा कामको संयुक्त पहल गर्ने काम गर्दछ, र फलस्वरुप घरेलु चर्चको अर्थपूर्ण गुणात्मक वृद्धि गर्दछ। अधिक जानकारीको निम्ति, १०/४० कनेक्सन्को आधिकारकित वेभसाइट् भिजिट गर्नोस् 1040connections.org.

स्र्वाधिकार सुरक्षित छन्। यस पुस्तकको कुनै पनि अंश– तस्बिर तथा चित्रहरु समेत– प्रतिलिपि अधिकार धारकको पूर्व लिखित अनुमति बिना कुनै पनि तरिकाले पुनःउत्पादन गर्न सकिन्दैन, पाठमा उल्लेख भएका महत्वपूर्ण लेखहरू र समीक्षाहरूमा मूर्तित संक्षिप्त उद्धरणहरूको मामलामा बाहेक

यो पुस्तक संयुक्त राज्य अमेरिकामा प्रकाशित भएको हो।

धर्मशास्त्रका सन्दर्भहरूमा सबै जोड दिएका कुराहरू लेखकहरूद्वारा थपिएका हुन्।

बाइबलीय सन्दर्भ(उद्घरण)हरू पवित्र बाइबल, नयाँ अन्तर्राष्ट्रिय संस्करण ® **(NIV)** प्रतिलिपि अधिकार © 1973, 1978, 1984, 2011 **Biblica, Inc.** बाट लिइएको हो, ® **Zondervan** को अनुमतिद्वारा प्रयोग गरिएको हो। विश्वव्यापी रूपमा सबै अधिकार सुरक्षित छ।

# ONE-PAGER TABLE OF CONTENTS

**FOREWORD**

**FIVE-FAMILIES OVERVIEW**

| Key Question | Passage | Concept |
|---|---|---|
| **IDEAL FAMILY** | | |
| 1. What is the ultimate goal? | | *telos* |
| 2. Is God a male, female, both, or neither? | Gen. 1, Jn. 4 | *Abba* |
| *3.* Who is made in God's image…male, female, or both? | Gen. 1 | *imago Dei, adam* |
| 4. Did God originally plan for both men and women to lead? | Gen. 1 | 5 Commands |
| 5. Were women created as the helper of men? | Gen. 2 | *ezer* |
| 6. Does "created first" mean that men always lead? | Gen. 2 | Created Order Charts |
| **FALLEN FAMILY** | | |
| 7. Does God want pain, sweat, thorns, & male-only dominion? | Gen. 3 | *mashal* |
| 8. Should a woman desire her husband? | Gen. 3 | *t'suqah* |
| 9. Are Greek, Roman, and Jewish cultures fallen? | | Biblical Cultures |
| **REDEEMED FAMILY** | | |
| 10. How did Jesus treat women? | Jn. 4, Lk. 11 | Redeemer |
| 11. Why did Jesus choose 12 men and 0 women? | Acts 2 | The Twelve |
| 12. Where did Jesus point to find the ideal marriage? | Matt. 19 | Reference Point |
| 13. Did Jewish men thank God for not making them a woman? | Gal. 3 | *Beraka* |
| 14. Can you show me a good Bible example of a woman leading? | Eph. 4 | 5-fold (APEPT) |
| 15. Does the Holy Spirit give gifts based on gender? | Rom. 12, 1 Cor. 12 | *charis* |
| **MULTIPLIED FAMILY** | | |
| 16. Isn't man the "head" of woman? | 1 Cor. 11:3 | *kephale* |
| 17. Did Aristotle say that women were defective? | | *kephale* |
| 18. Does head (Hebrew "*rosh*") translate to "*kephale*" in Greek? | | LXX, *rosh, kephale* |
| *19.* Are women the "glory of man"? | 1 Cor. 11:7-9 | *de, dia* |
| 20. Was Paul a *restrictor* or a *releaser* of women? | Rom. 16 | *synergos*, *prostatis* |
| 21. Does "The 2-2-2 Principle" open doors for women teachers? | 2 Tim. 2:2 | *anthropos* |
| 22. Doesn't the Bible say that men have authority over women? | 1 Cor. 7 | *exousia* |

# TABLE OF CONTENTS (cont.)


| | | | |
|---|---|---|---|
| 23. | Is the Trinity ranked in a hierarchy? Are men and women? | Jn. 14 | *perichoresis* |
| 24. | What difference does a period make in 1 Cor. 14:33? | 1 Cor. 14 | (.) No Punctuation |
| 25. | Is there a chiasm in 1 Cor. 14, and who is silenced? | 1 Cor. 14 | *chiasm* and *sigato* |
| 26. | Is it "disgraceful" for a woman to speak in church? | 1 Cor. 14 | Spiritual/Ascetic Slogan |
| 27. | Are women more easily deceived? | 1 Tim. 2 | Artemis, Created Order |
| 28. | Can a woman teach with godly authority? | 1 Tim. 2 | *authenteo* |
| 29. | Does Paul limit who can lead a church? | 1 Tim. 3 | *tis, diakonos* |
| 30. | When it comes to men and women, who submits to whom? | Eph. 5 | *hypotasso* |
| 31. | Does the Bible ever mention roles for males/females? | | Roles |
| 32. | How should men and women treat each other? | | *Allelois* |
| 33. | What about these 10+ common objections? | | Objections |

**FOREVER FAMILY**

| | | | |
|---|---|---|---|
| 34. | How will Jesus (the Groom) marry the Church (the Bride)? | Rev. 19 | *echad, eis* |
| 35. | Who labored to reach the goal? | Rev. 7 | *panta ta ethne* |
| 36. | Will God give eternal rewards based on gender? | | *doulos* |
| 37. | God knew when to stop… do we? | Gen. 2 | *shabbat* |

# यसको साथ दौडनुहोस्

## प्रस्तावना

नमस्ते मित्रहरू,

यदि तपाईं परमेश्वरको सन्देश सित दौड्न चाहनुहुन्छ भने, तपाई सहि ठाउँमा आउनुभएको छ। यदि तपाईं चेला, अगुवा, चर्चहरु वृद्धि गर्न चाहनुहुन्छ भने, तपाईं सहि ठाउँमा आउनुभएको छ। "काँधमा काँध"मा यहाँहरुलाई स्वागत छ! जसै तपाईं यस पुस्तकमा भएका जानकारीहरु पढ्दैजानुहुन्छ, तपाईंले बाइबललाई गहिरोरुपमा उत्खनन् गरेको पत्ता लगाउनुहुनेछ। यो हाम्रो सुरुवाती विन्दु हो। "काँधमा काँध" अथवा "काँधमा काँध मिलाएर सेवा गर्ने" भन्ने वाक्यांस पनि बाइबलकै खण्डबाट आएको हो।

धेरै वर्ष अगाडी, एउटा पुरानो करारका अगमवक्ताबाट आएको एउटा वचनले हामीलाई गहिरोरुपमा प्रभाव पारेको थियो। सपन्याहले परमेश्वरबाट आएको सन्देश सपन्याह ३:९ पदमा यसरी भन्दछ,

"त्यस बेला देश–देशका मानिसहरुका ओठ शुद्ध पार्नेछु,

र तिनीहरु सबैले परमप्रभुका नाउँको पुकारा गरुन्

र काँधमा काँध मिलाएर उहाँको सेवा गरुन्।"

**ती मानिसहरू। शुद्ध ओठहरू। त्यो नाम।**

जसै हामीले यस पदबारे सोच्यौँ र प्रार्थना गऱ्यौँ, हामीले परमेश्वरको हृदयलाई अझ धेरै बुझ्न थाल्यौँ। जब हामीले ती विभिन्न प्रमुख वाक्यांसहरूलाई हेऱ्यौँ, एउटा फूल फक्रे जस्तै, परमेश्वरको त्यो घोषणा अर्थपूर्ण हुदैँ गयो।

**१. ती मानिसहरू** – जसलाई परमेश्वरले "मेरा मानिसहरू" भन्नुभएन। त्यसले केवल इस्राएल जातिलाई मात्र संकेत गर्थ्यो। बरु त्यो त गैर यहुदी 'मानिसहरू' जो विश्वभरी फैलिएका ती जातिसमूहहरूको सम्बन्धमा थियो। ती सम्पूर्ण जातिसमूहहरू आफ्ना सृष्टिकर्तासँग मिलापमा आएको परमेश्वर हृदय देखि नै चाहनु हुन्छ।

**२. शुद्ध ओठहरू** – कसरी शुद्ध ओठहरूले परमेश्वरको चरित्र र हृदयलाई प्रकट गर्दछन् भनेर तपाई अचम्मित पर्नुहुन्छ होला। तपाई याद गर्नुहोस्, जब यशैया अगमवक्ताले परमेश्वरलाई उच्च सिंहासनमा विराजमान हुनुभएको देख्नुभयो। उनले सराफहरुले 'पवित्र, पवित्र, पवित्र' भनेर पुकार्दैगरेको सुने। परमेश्वरको पवित्रताले उहाँका गुणहरुको वर्णन गर्दछ, गुनानोवात गर्दछ। परमेश्वरमा पवित्र प्रेम छ, पवित्र करुणा छ। त्यसको चित्र तपाईले पाउनुहुन्छ।

परमेश्वरको पवित्रताद्वारा अभिभूत भएर, यशैया अगमवक्ताले कराएर भने, 'म अशुद्ध ओठ भएको मानिस हूँ !' त्यो पवित्रताको उपस्थितिमा, यशैयाका आफ्ना पापहरू शुद्ध भए। त्यस समयमा, सराफहरूले यसो भनेनन्, "होइन, यशैया, तिमी अशुद्ध छैनौ! तिमीलाई लाज लाग्न सक्छ, तर त्यो तिम्रो वास्तविक आत्म होइन। तिमी कहिल्यै परमेश्वरबाट अलग भएका छैनौ।" होइन, पक्कै पनि होइन! बरु, एउटा सराफले तातो कोइला लिएर यशैयाको ओठलाई शुद्ध पारे। पश्चात्ताप र शुद्धताले परमेश्वरको हृदयको ठूलो समझतिर डोऱ्याउदँछ।

यस शुद्धिकरण पछि, यशैयाले त्रिएक परमेश्वरले 'हाम्रो लागि को जाने ?'भनेर भनिरहनुभएका कुरा सुन्न सके। सपन्याह ३:९ ले बताउँछ कि 'मानिसहरु' को शुद्ध ओठ/पश्चात्तापले दुईवटा कुराहरुतर्फ डोऱ्याउँछः यसले तिनीहरुलाई प्रभुको नाम पुकार्न प्रेरित गर्छ, र यसले तिनीहरुलाई उहाँको सेवा गर्न प्रेरित गर्छ– यशैयालाई जस्तै।

**३. त्यो नामको पुकार** – पहिले गैर–यहूदी "जातिहरुले अन्य देवी देवताहरुको नाममा पुकारा गर्थे। यद्यपि, यो भविष्यवाणीले देखाएको छ कि जातिहरुले बरु सर्वोच्च परमेश्वरको नाउँ पुकार्नेछन् ! "अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन।" (प्रेरित ४:१२ हेर्नुहोस्) शुद्ध ओठको साथ, जातिहरुले परमेश्वरलाई जान्नेछनर र पुकार्नेछन्।

## यसको साथ दौडनुहोस्

यस खण्डमा थप एउटा वाक्य दिइएको छ।

**४. काँधमा काँध = एउटै काँध** – 'तिनीहरुले काँधमा काँध मिलाएर उहाँको सेवा गर्नेछन् ' ('एउटै काँधमा')। जातिहरू क्षमा र मुक्तिको लागि मात्र होइन, तिनीहरू सेवा गर्न बाहिर आउनेछन्। मानिसहरू काँधमा काँध मिलाएर, काँधहरू जोडेर एकतामा काम गरिरहेका छन्, एउटै लक्ष्यमा अघि बढिरहेका छन्। तिनीहरू शाब्दिक रूपमा 'एउटै काँध बाङछन्।' संग–संगै भन्ने कुराले सृष्टिको कथामा जस्तै, परमेश्वरको स्वरुप धारण गर्नेहरूको रूपमा हाम्रो साझा उत्पत्तिलाई देखाउँदछ। 'काँधमा काँध' भन्ने कुराले हाम्रो साझा उद्देश्यलाई संकेत गर्दछ। यी बोलाइएका र पठाइएका खेतलाहरूलाई अब 'के गर्ने' थाहा छ।

यो 'एउटै काँध'ले काम र कर्तब्य देखाउँछ। एउटै बोझ तान्दै, एउटै बोझ बाँड्दै हामी एउटै दिशामा जाँदैछौ।

हामी एक–अर्कासँग मात्र होइन, येशूसँग पनि 'काँध बाँड्छौं'। मत्ती ११:३० ले बताउँछ कि उहाँको 'जुवा सजिलो छ, उहाँको भारी हलुको छ।' हामी परमेश्वरको उपस्थितिको आनन्द लिन्छौं, यो जानेर कि हामी एक अर्कासँग मिलेर परिश्रम गरेझैं हामी परमेश्वरसँग पनि परिश्रम गरिरहेका हुन्छौं। उहाँको निम्ति गरिएको हाम्रो सेवा उहाँसँग गरिएको सेवा हो।

## हाम्रो लक्ष्य

काँधमा काँध (S2S) ले ख्रीष्टको शरीरमा भएका स्त्री र पुरुषहरूलाई परमेश्वरको स्वरुप वाहकहरूको रूपमा आफ्नो पहिचानमा सँग–सँगै खडा हुन र तिनीहरूले संसारभरि परमेश्वरको मिशन विस्तार गर्दा काँधमा काँध मिलाएर उभिन तयार पार्न चाहन्छ।

**परमेश्वरले पुरुष र स्त्रीहरूलाई आफ्नो उद्देश्यको लागि पृथ्वीमा प्रभुत्वको साझेदारिताको निम्ति योजना बनाउनुभयो।**

शैतानलाई थाहा छ कि परमेश्वरको मिशनमा बाहिरी रूपमा उत्प्रेरित पुरुष र स्त्रीहरूको रणनीतिक शक्ति। त्यसैले, शत्रुले तिनीहरूको ध्यान परमपरा, अधिकार, स्थिति र शक्तिमा केन्द्रित गराएर ती समूहलाई विचलित, विकृत र निस्कृय पार्न खोज्छ।

**काँधमा काँध पाठ्यक्रमले परमेश्वरका कामदारहरूलाई मुक्त गर्न चाहन्छ –पुरुष र स्त्रीलाई परमेश्वरको विश्वव्यापी उद्देश्यहरूको निम्ति राम्रोसँग नेतृत्व र प्रेम गर्न स्वतन्त्र तुल्याउँदछ।**


संसारभरि र हरेक संस्कृतिमा धेरै कारणहरूका लागि, पुरुष र स्त्रीहरू सुसमाचारको लागि सँगै काम गर्न संघर्ष गर्छन्। यसको एउटा प्रमुख समाधान चाँहि धर्मशास्त्र रोम्रोसँग बुझेर सुरु हुन्छ। यो हाम्रो साझा उत्पत्ति, हाम्रो साझा पतन, ख्रीष्टमा हाम्रो साझा उद्धार, हाम्रो साझा पवित्र आत्माको बास, र हाम्रो साझा गन्तव्यबाट स्पष्ट हुनुपर्छ कि परमेश्वरले पुरुष र स्त्रीलाई एकतामा रहेर उहाँको मिशनमा सँगै परिश्रम गरेको चाहनुहुन्छ। यद्यपि, केही मानिसहरूले परमेश्वरका छोरीहरू सीमित गर्न बाइबल प्रयोग गर्छन्। हामी आउने पृष्ठहरूमा ती खण्डहरूलाइ सम्बोधन गर्नेछौं, र देखाउनेछौं कि वास्तवमा, परमेश्वरले पुरुष र स्त्री दुवैले फसलमा परिश्रम गरेको चाहनुहुन्छ।

# यसको साथ दौडनुहोस्

येशूले भन्नुभयो कि हामीले उहाँको आज्ञा पालन गर्दा उहाँप्रतिको हाम्रो प्रेम प्रकट हुन्छ। यो **यसको साथ दौड्नुहोस्** स्रोतले तपाईंलाई र तपाइँको सञ्जालहरूलाई धर्मशास्त्रलाई उत्खनन् गर्न मद्दत गर्नेछ कि परमेश्वरले कसरी मूल्याङ्कन गर्नुहुन्छ र आफ्ना छोराछोरीहरूलाई पृथ्वीमा अधिकार गर्नको लागि मान्यता र वरदान दिनुहुन्छ, जुन उहाँले आज्ञा गर्नुभयो।

काँधमा काँध पाठ्यक्रममा हामी बाइबलीय खण्डहरूलाई परिष्कृत गर्न चाहन्छौं ताकि तपाईं टाढा र छिटो दोडन सक्नुभएको होस्। अगमवक्ता हबकूकले भनेझैं, "तैले यो प्रकाश पाटीमाहरूमा प्रष्ट लेख, र समाचारबाहक त्यससित दौड्न सकोस्।" तपाईं सबै जातिहरूलाई उद्धार गर्न येशूको सपनाको लागि दौड्न सक्नुभएको होस्!

**तपाईं बाइबलमा भरोसा गर्न सक्नुहुन्छ!**



कुनै डर छैन! येशूले भन्नुभयो, "स्वर्ग र पृथ्वी बितेर जानेछन्, तर मेरा वचनहरू कहिल्यै बितेर जानेछैनन्।" परमेश्वरको वचन बलियो र निश्चित छ, कुनै पनि बौद्धिक आक्रमण र तीन पाउन्ड मानव मस्तिष्क भित्र बनेको कुनै पनि प्रश्न सामना गर्न सक्षम छ। किनभने परमेश्वरको वचन अटल छ, यसकारण हामी धर्मशास्त्रमा राम्ररी काँधमा काँधको धरातल बसाल्न चाहन्छौं। बाइबल एउटा ढाँचा हो जुन परमेश्वरले हामीलाई जीउनको लागि दिनुभएको छ। परमेश्वरको हृदय बुझ्नको लागि कुनै बलियो आधार छैन, कुनै राम्रो आधार छैन। बाइबलको विश्वासनियता र भरोसायोग्यता देखाउन हामीलाई केही अचम्मको प्रमाण प्रस्तुत गर्न अनुमति दिनुहोस्। तपाईं यो उदाहरणलाई आफ्नो लाथि थप अनुसन्धान गर्न सक्नुहुन्छ।

**टोराहमा अचम्मको प्रमाण** (तपाईंले यो पढ्न चाहनुहुन्छ!)

टोराह हिब्रू बाइबलको पहिलो ५ पुस्तकहरू हुन् (उत्पत्ति, प्रस्थान, लेवी, गन्ती र व्यवस्था)। 'टोराह' शब्द हिब्रूमाा (टाउ, भा, रेस र खेत ) **Tau, Vav, Resh** र **Khet** को हिज्जे चार अक्षरको शब्द हो।

के तपाईंलाई थाहा छ यदि तपाईंले उत्पत्तिको पुस्तकमा पहिलो अक्षर **Tau** टाउ पत्ता लगाउनुहुन्छ, त्यसपछि ५० भन्दा बढी अक्षरहरू गन्नुहुन्छ भने तपाईंले **Vav** भा पाउनुहुनेछ। थप ५० अक्षरहरू गणना गर्नुहुन्छ भने, तपाईंले **Resh** रेस फेला पार्नुहुनेछ। थप ५० अक्षरहरू गन्नुहुन्छ भने तपाईंले **Khet** खेत फेला पार्नुहुनेछ।

त्यसको हिज्जे टोराह **TORaH** हुन्छ! के यो अचम्मको छैन र? हो, यो यस्तै रहन्छ!

प्रस्थानको पुस्तकले पनि त्यस्तै गर्छ। ५० औं अक्षरले पनि टोराह **TORaH** को उच्चारण दिन्छ। आश्चर्यजनक! टोराहका पहिलो दुई पुस्तकहरूमा उद्देश्यसहितको एकै प्रकारको ढाँचा छ। यसले के संकेत गर्न सक्छ? अब हामी एकैचोटी पन्चग्रन्थको पाँचौं पुस्तक व्यवस्थामा आउँनेछौं। व्यवस्थामा कुराहरू अलिक फरक छन्। पद ५ मा सुरु ग्दै, तपाईं पहिलो अक्षर **Khet** खेत फेला पार्नुहुन्छ, त्यसपछि ५० अक्षरहरू गन्नुहोस् तपाईंले **Resh** रेस पाउनुहुन्छ। थप ५० अक्षरहरू गणना गर्नुहोस् र तपाईंले **vav** भाव फेला पार्नुहुनेछ। थप ५० अक्षरहरू गन्नुहोस् र तपाईंले **Tau** टाव फेला पार्नुहुनेछ। तपाईंले बुझ्नुभयो... त्यो टोराह हो, पछाडिबाटको उच्चारण! हो, यो सही हो। व्यवस्थाको पुस्तकले उत्पत्तिको पुस्तक जस्तै कुरा गर्छ, तर उल्टो उच्चारणले!

के अनुमान गर्नुहोस् भने, गन्तीको पुस्तकमा थप एउटा पुस्तक पछाडि राख्नुभयो भने, उही ढाँचा दोहिरिन्छ, टोराह **TORaH** को उच्चारण दिन्छ, ५० अक्षरहरू गणन गरेपछि। त्यसोभए अब, तपाईंसँग टोराह **TORaH** लाई अगाडिबाट उच्चारण गर्ने दुई पुस्तकहरू र पछाडिबाट उच्चारण गर्ने अन्तिम दुई पुस्तकहरू छन्। तिनीहरू ऐनाका छविहरू जस्तै छन्। तिनीहरूले पँचग्रन्थको बीचको तेस्रो पुस्तक लेवीलाई औंल्याइरहेको देखिन्छ। यस्तो अविश्वासनीय कथाको केन्द्रमा के अवस्थित हुन सक्छ? त्यस्तो केन्द्रित हुने लायक के छ?

## यसको साथ दौडनुहोस्

तपाईं के सोच्नुहुन्छ कि लेवीको पुस्तकले पनि टोराह **TORaH** लाई ५०–अक्षर बढ्तामा उच्चारण गर्छ? गर्दैन् ! यो वास्तवमा एक फरक संख्या ढाँचा हो जसले फरक शब्दको हिज्जे गर्दछ। त्यसोभए, तयार हुनुहोस्...

लेवीः

- सात अक्षरहरू गणना गर्नुहोस्... पहिले योध **YODH** फेला पार्नुहुन्छ।
- साथ अक्षरहरू गन्नुहोस्... **HE** हि फेला पार्नुहुन्छ।
- अरु सात अक्षरहरू गन्नुहोस् ...**VAV** वा पाउँनुहुन्छ।
- .... **He** ही फेला पार्नुहुन्छ।

यसको उच्चारण के हुन्छ? **Y-H-W-H** य–ह–व–ह

ती चार अक्षरहरूले परमेश्वरको नामको हिज्जे – **Yah-He-Veh-He** वा **YaHWeH** यहोवाह

वाह कस्तो राम्रो...

त्यसोभए, पहिलो पाँच पुस्तकहरूले यो ढाँचा बोक्छन्ः

# टेराह टेराह यो हारोट हारोट

यस अद्भुत समरूपताबाट हामीले के लिनु पर्छ ? **TORAH** टोरह शब्दले शाब्दिक रूपमा परमेश्वरलाई अगाडि र पछाडिबाट देखाउँछ! यहोवाह परमेश्वर स्वयं धर्मशास्त्रको केन्द्रविन्दु, स्रोत, आधार, उदेश्य, मुख्य बिन्दु हुनुहुन्छ!

एक पटक फेरि, तपाईं बाइबलमा भरोसा गर्न सक्नुहुन्छ। यो जथाभावी लिइएको कथाहरूको संग्रह मात्र होइन। शिक्षाहरू उद्देश्यप्रेरित छन्, कथाहरू जसरी लेख्न आवश्यक थियो त्यसरी नै लेखिएका छन्, व्यवस्थाहरू यथार्थतासँग लेखिएका छन्। त्यो असल र खराब र चमात्कारी कुराले परमेश्वर यस्तो सुन्दर कुराको लेखक हुनुहुन्छ। हामी परमेश्वर र उहाँको चरित्रमा भरोसा गर्न सक्छौं।

त्यसकारण, हामी बाइबललाई माया गर्छौं, तर परमेश्वरको चाहिँको *आराधना* गर्छौं। हामी बाइबललाई माया गर्ने भएकोले, हामी पुरानो नियम वा पावललाई फ्याँक्दैनौं। कुन पद पालन गर्ने हो भनेर कसैले छान्न वा रोज्न सक्छ भन्ने सोच्नु हुँदैन। तर हामीले बाइबललाई कसरी लागू गर्ने भनेर बुझ्न आवश्यक छ, किनकि यसको पक्कै पनि गलत प्रयोग हुन सक्छ!

कसैको सपना कुचलिएको एक व्यक्तिगत अनुभव

जब म (चाड) विश्वविद्यालयमा थिँए, अर्की विद्यार्थी, एउटी युवतीले मेरो राय रोधे। एउटा समूहको अगाडि, उनले मलाई सोधे, “मलाई साँच्चै लाग्छ कि परमेश्वरले मलाई पास्टर वा चर्चको अगुवा हुन बोलाउनुभएको छ। तपाई के सोच्नुहुन्छ, चाड?

अब, त्यहाँ एउटा यस्तो क्षण थियो। के म उसलाई प्रोत्साहन दिने, उसलाई निर्माण गर्ने, र जीवनका शब्दहरू बोल्ने? वा म उसको सपनालाइ ‍ कुल्चने?

मैले उसलाई हेरे र ईमानदारीपूर्वक भने, “मैले देखेको छु कि परमेश्वरले तपाईंलाई साँच्चै प्रयोग गर्नुहुन्छ र तपाईसँग सेवकाइको लागि ठूलो सीप पनि छ। तर म पावलले १ तिमोथी २ मा भनेका कुराहरूलाई टार्न सक्दिन। “म स्त्रीले पुरुषलाई सिकाउने...वा अधिकार जमाउने अनुमति दिन्नँ।” तपाईं कसरी पास्टर वा चर्चको अगुवा हुन योग्य हुनुहुनेछ।”

मैले सबैको अगाडि, पूर्ण रूपमा कुचल्ने शब्दहरू बोले।

## यसको साथ दोडनुहोस्

सायद तपाईंलाई पनि सार्वजनिक रूपमा कसैले कुचल्ने शब्दहरू बोलेको हुन सक्छ। वा हुनसक्छ तपाईंले धर्मी स्त्रीहरूको सामुन्ने कुल्चने शब्दहरू बोलेको वा ढोका बन्द गरेको हुन सक्छ।

हिमीले वर्षौंदेखि सिकेका कुराहरू मैले बुझेको म साँच्चै चाहन्थे। तर कसैले पनि मेरो हृदयलाई चित्त बुझ्दो तरिकाले मलाई ती कुराहरू व्याख्या गरेन। यो सधैँ एक प्रकारको राजनीतिक एजेन्डा जस्तो लाग्थ्यो, वा यसले मेरो भावनाहरूलाई धेरै नै खिच्यो। यो कहिल्यै पनि एक बालियो ईश्वरशास्त्रीय जवाफको रूपमा आएन। यो सामान्यतया सामाजिक एजेन्डा अगाडि बढाउन तर्कसंगत जस्तो लाग्थ्यो। बाइबललाई साँच्चै माया गर्ने मानिसहरूलाई सेवकाईमा अगुवाइ गर्न प्रोत्साहन दिन किन हिचकिचाएका छन् भनेर हामी बुझ्न सक्छौं। स्त्रीहरूलाई पुरुषहरूको साथमा आत्मिक रूपमा नेतृत्व गर्न प्रोत्साहन गर्ने अवधारणा प्राय भारी सांस्कृतिक बिचारको पोको, वा दुर्व्यवहार /अन्यायको स्पष्ट परिस्थितिहरू, वा मिश्रित उद्देश्य एजेन्डाहरू, वा भावनात्मक रूपमा प्रतिक्रियाशील अनुभवहरूको साथ आउँछ, तर प्रायः ईश्वरशास्त्रीय अन्तरदृष्टिको साथ आउँदैन।

किन यति थोरै व्यक्तिगत कथाहरू र चित्रणहरू?

हामीलाई थाहा कि व्यक्तिगत दृष्टान्तहरूले हृदयलाई शक्तिशाली रूपमा जोड्दछ। त्यसैले, हामीले जानाजानी धेरै कथाहरू समावेश गरेका छैनौं। सेवकाईको बीस वर्ष भन्दा बढीमा, हामीसँग सयौं नयाँ अनुभवहरू छन्, र हामी धेरै राष्ट्रहरूका विश्वासीहरूलाई चिन्छौं जसको गवाहीहरूले प्रकट गर्दछ कि परमेश्वरले पुरुष र स्त्री दुवैलाई फलदायी कामदारको रूपमा प्रयोग गर्नुहुन्छ। ईश्वरीय ईश्वरशास्त्रले व्यक्तिगत अनुभवलाइँ पछाडी पारेको हुनाले, हामी यो स्रोत बाइबलीय संस्कृति, बाइबलीय सम्दर्भहरू र बाइबलीय भाषाहरूमा केन्द्रित भएको चाहन्छौं। हामी कथाहरू फरक ढाँचा वा स्थानमा बाड्न सक्छौं, तर यहाँ हामी बाइबलीय पाठलाई बुझ्न र लागू गर्नमा तीव्र रूपमा ध्यान केन्द्रित गर्न चाहन्छौं।

हाम्रो अभिप्राय भनेको परमेश्वरको मिशन पूरा गर्नु र उहाँका खेतालाहरूको संख्यामा गुणात्मक बृद्धि ल्याउनु हो। यस प्रक्रियामा, हामीले केही कठिन खण्डहरूको जवाफ दिन आवश्यक हुन्छ जुन कुराले परमेश्वरले महिलाहरूलाई कसरी प्रयोग गर्न सक्नुहुन्छ भन्ने कुरालाई सीमित गर्दछ। प्रत्येक खण्डमा हामी सांस्कृतिक मुद्दाहरू छलफल गर्नेछौं वा ग्रीक र हिब्रूमा मुख्य शब्दहरू ल्याउनेछौं। हामी तपाईंका लागि नयाँ हुनसक्ने अवधारणाहरू प्रस्तुत गर्नेछौं, जस्तै “हिब्रू समानान्तरता” वा “व्यतिक्रम”। हामी उत्साहित हुन्छौं किनभने यी भाषा सुत्रहरूले हामीलाई लेखकको दिमाग बुझ्न मद्दत गर्दछ, र आशा छ कि हामीलाई लेखकको मौलिक अभिप्राय, साथै मूल श्रोताहरूले बुझेका कुराहरू नजिक लैजान्छन्।

Even now, we have already introduced the concepts of chiasm and Hebrew parallelism. Did you recognize it? The awesome TORaH example… is exactly that! Things at the beginning match the things at the end, often with a key point right in the middle.

We think this stuff is really fun!

**Three Fears**

To be honest, we have three big fears with the whole project:

1. That people will just accept what we say without thinking about it. This material requires thoughtful consideration. We want you to pray, think, ask Jesus. Do not just believe the information because we say it. We believe what we say is correct, but the Apostle Peter encourages everyone to *“prepare your minds for action.”*



2. That people will think, “Oh, this is too hard. I need a degree in theology.” Or “I can’t trust my Bible unless I can read it in Greek! I’m just giving up!” Absolutely not. You can trust the Bible! We are just giving you some new tools to understand

God's heart and explain some of Paul's confusing content. We want this study to encourage you, not deflate or discourage you.

3. That people will try and misuse this information to justify sinful behavior. The angels surrounding God's throne in Isaiah 6 did not call out, "LOVE, LOVE, LOVE." How did they describe God? What did they say? Exactly… *"HOLY, HOLY, HOLY."* Everything that we promote should line up with God's HOLY character.

   So, please don't use these materials to try and justify any action that goes against the character of the Most High, Life-giving, HOLY God.

**Four Key Questions**

Because we love to see disciples make disciples, we have included one of the fundamental parts of disciple-making movements – "the Four Questions." Some principles and some questions transfer across cultures. These questions transcend culture and they help readers see that while we are not promoting Western or Eastern culture, we are seeking to understand and expand God's kingdom culture.

The Four Questions show that whatever we read in the Bible should inform us about:

1. God's character and nature.
2. The character and nature of people.
3. A step of practical obedience (We tell our children that "*delayed* obedience is *dis*obedience.")
4. An expectation of sharing this information. We anticipate that someone you know needs to hear this information. So, who can you tell?

| 4 Crucial Questions |
|---|
| 1. What does this teach us about **GOD**? |
| 2. What does this teach us about **PEOPLE**? |
| 3. What command should I **OBEY**? |
| 4. With whom can I **SHARE** this? |

**For You or NOT For You?**

S2S seeks to encourage followers of Jesus who want to obey the Bible and figure out how men and women can work together in the Gospel. Our audience is:


- **FRONT-LINE DISCIPLE MAKERS/CHURCH PLANTERS**. You see the urgency of the Gospel and the need for more laborers. But you want solid theological answers for the difficult passages that seem to limit women. Welcome, brothers and sisters! This material is specifically for you. May it strengthen your faith and help you multiply the church in your context.
- **CURIOUS INDIVIDUAL FOLLOWERS** of Jesus who love the Bible and want ALL Jesus offers. You are not a radical feminist, or a power-seeking man, but you do want to see in the Bible how much God values you and can use you – including your leadership giftings.

- **CONGREGATIONAL CHURCH LEADERS** who see the potential of women in your congregation. You deeply want to be consistent in your understanding and application of Scripture. We hope S2S serves you as you seek to unleash godly leaders in your context.
- ***NOT* THE ANGRY WOMAN OR MAN** who wants to use the Bible for your own purposes in a way that violates the holiness of God. S2S celebrates men. We celebrate women. We honor the holiness of God. We surrender to the authority of God to develop standards and boundaries because God knows the best path to human flourishing.
- ***NOT* THOSE AGAINST WOMEN'S LEADERSHIP** in the Church. S2S has chosen not to engage in debate that leads to accusation of other believers. If you are here for the purpose of accusation, we will not engage. If you are here to have Christ-like conversations, we honor that!

Now that we have shared some of our goals, our love of the Bible and Jesus, and some of our fears, we pray that you will thoroughly enjoy these materials. We pray that they will bless you, your family, your churches, your networks, your entire people group.

The prophet Isaiah said, *"The grass withers, the flowers fade, but the Word of God stands forever."* Now let's obey, and run with it.

# पाँच परिवारको अवलोकन–छोटो–छिटो दृष्य प्रसङ्ग




Running fast and far together to complete the Great Commission requires relating with other people (not surprising!). Across the timeline of humanity, large general periods indicate how men and women relate with one another (and with God). We call these five general periods “families.”

When we refer to family, we include males and females of any age - single, widowed, or married. This includes YOU! The Bible speaks much about family - from the creation of the first family in Genesis to a grand Wedding in Heaven. The Apostle Paul prophetically prayed for the global family:

> *For this reason I kneel before the Father, from whom every family in heaven and on earth derives its name. I pray that out of his glorious riches he may strengthen you with power through His Spirit in your inner being, so that Christ may dwell in your hearts through faith.*
> Ephesians 3:14-17

Understanding the Five Families gives us a clear picture of God’s heart and intent, as well as people’s sin and need. The first family (Ideal) and the last family (Forever) demonstrate the bookends of God’s perfect plan for people at creation and into eternity future. The central (Redeemed) family focuses on the cross of Christ as the pivotal centerpiece of all history. These “up” times are shining pinnacles of God’s design and holiness. These mountaintops serve as the goals, the guides, the standards to keep in mind. The second (Fallen) and fourth (Multiplied) families reveal the struggle with the sin of our cultures and our need to complete Jesus’ commission. These “down” times show the valleys where men and women labor to overcome evil, deceit, and doubt.

As you seek to run with Jesus, even as we live in the present valley of sin and death, let us fix our eyes on God’s original intent, his glorious sacrifice, and life in his eternal presence.

# आर्दश परिवार

आर्दश परिवारलाई दृढतापूर्वक दिमागमा राख्नुहोस्। परमेश्वरले पहिलो पुरुष र स्त्रीहरूलाई परमेश्वरको स्वरूपमा सृष्टि गर्नुभयो। यो पहिलो परिवारले परमेश्वरको मनसाय र परमेश्वरको हृदय प्रकट गर्‍यो। यो पुरुष र स्त्री सही र गलत, सम्मान र लाज छनोट गर्ने क्षमताको साथ पापरहित पूर्णतामा बाँचे। तिनीहरू परमेश्वरसँग, एकअर्कासँग, तिनीहरू आफैभित्र र पृथ्वीसँग पूर्ण मेलमिलापमा बाँचे। यदि तपाईं कहिल्यै सोच्नुहुन्छ कि कसरी परमेश्वरले सुरूमा एउटा परिवार जीउने भन्ने उद्देश्य राख्नुभयो... यो नै हो!

www.servingshouldertoshoulder.com

## अन्तिम लक्ष्य के हो?

संसारको लागि येशूको हृदय! हामीले कुनै पनि कुरा पूरा गर्ने (तेलोस्) सोच सहित सुरू गर्नुपर्छ। पृथ्वीमा हुँदा, येशूले आफ्ना चेलाहरूलाई महान कामहरू गर्न र पवित्र आत्माद्वारा सबै जातिहरूलाई चेला बनाउने आफ्नो कार्य पूरा गर्न (तेलोस्) शक्ति दिनुभयो (प्रेरित १:८)। परमेश्वरले योएलः २:२८—२९ मा यो वास्तविकताको प्रतिज्ञा गर्नुभयो।

**मुख्य शब्द**

**τέλος**

टेलोस् *telos* = अन्तिम लक्ष्य, गन्तव्य, अन्तिम

"त्यसपछि म मेरा आत्मा सबै मानिसमाथि खन्याउनेछु। तिमीहरूका छोराछोरीहरूले अगमवाणी बोल्नेछन्। तिमीहरूका बुढा मानिसहरू स्वप्नदर्शी हुनेछन्, र तिमीहरूका युवकहरूले दर्शन देख्नेछन्। ती दिनमा मेरा सेवकहरू पुरुष र स्त्रीहरू दुवैमाथि म आफ्ना आत्मा खन्याउनेछु।"

## तपाईं एक पेडलले पनि बाइक चलाउन सक्नुहुन्छ, तर अवश्य दुई पेडलले अझ सजिलो हुन्छ!

"पाँच परिवार"ले पुरुष/स्त्रीहरूले कसरी सम्बन्ध राख्न सक्छन् भन्ने कुरा बुझ्नको लागि एक रुपरेखा प्रस्ताव गर्दछ।

**आदर्श परिवार—** सुरुमा परमेश्वरले आफ्नो सिद्ध योजना प्रकट गर्नुभयो। एक पुरुष र एक स्त्री, संग—संगै, काँधमा काँध जोडेको। दुवै पवित्र, पापरहित, आदरणीय, र पृथ्वीभरी फैलन्दै जाने र त्यसलाई शासन गर्ने स्पष्ट जनादेशको साथ आशिष् पाएको।

**पतित् परिवार—** परमेश्वरको शत्रु जसले पहिलो पुरुष र महिलालाई छलपूर्वक आक्रमण गऱ्यो। पापले संसारमा प्रवेश गऱ्यो र रोग, दमन, लाज, डर र मृत्यु ल्यायो। हरेक संस्कृति र हरेक व्यक्ति अहिले पतित संसारको बोझमा लडिरहेका छन्। पतनले पुरुष र स्त्री बीचको आपसी साझेदारीको लागि परमेश्वरको सुन्दर योजनालाई चकनाचूर पाऱ्यो।

**उद्धार गरिएको परिवार—** येशूको मृत्यु र पुनरुत्थानले सबै पुरुष र महिलाहरूमा जीवन र आशा ल्याउँछ। क्षमा पाएका मानिसहरू सामान्य, सांस्कृतिक अपेक्षाहरू भन्दा बाहिर र माथि रहेर बाँच्न सक्छन्। ख्रीष्टमा, पुरुष र महिलाले फेरि परमेश्वरको राज्यको सङ्गी—नागरिक र पवित्र आत्माद्वारा वरदान पाएका सह—समान अत्तराधिकारीको रूपमा नेतृत्व गर्न एक र अर्कालाई प्रेम गर्न सक्छन्।

**बृद्धिभएको परिवार—** हामी केवल आशिष् र वरदान प्राप्त गर्न सन्तुष्ट छैनौं! येशूको चेलाहरू अरू जातिहरूका लागि आशिष् हुनुपर्दछ। येशूले आफ्ना चेलाहरूलाई अरू चेलाहरू बनाउन, पृथ्वीको हरेक कुनासम्म भरिन्दै जान र मानवता फैलाउन मद्दत गर्न निर्देशन दिनुभयो!

**अनन्तताको परिवार—** परमेश्वरको मौलिक अभिप्राय अनन्तकालमा महसुस गरिनेछ र त्यो साकार भएकोमा उत्सव मनाइनेछ। त्यो पवित्र, सम्मानजनक सम्बन्धहरू।

## परमेश्वरको चरित्र नै अन्तिम आधार हो।

**परमेश्वरीय वर्गिकरणले यस अध्ययनलाई मार्गदर्शन गर्दछ।**

**परमेश्वरको चरित्र—** सबै कुरा अन्ततः (टेलोस) परमेश्वरको स्वभाव र चरित्रमा आउँछ। अर्को कुनै आधार टिक्दैन। परमेश्वरको पवित्र मापदण्ड अनुरुप हुने हरेक कार्य, विश्वास र उद्देश्य मात्र बाँकी रहन्छ। अरु सबै हराएर जानेछ।

**परमेश्वरको राज्य—** परमेश्वरको राज्य येशूको पहिलो र मुख्य सन्देश थियो। परमेश्वरको राज्य र शासनले जीवनको हरेक क्षेत्रमा परमेश्वरको चरित्रलाई प्रदर्शित गर्दछ। संसारका राज्यहरू बितेर जानेछन् तर परमेश्वरको राज्य सधैंभरि रहनेछ।

**परमेश्वरको मिशन—** सबै मानिसहरूले उहाँलाई व्यक्तिगतरूपमा चिनून् र महिमामा उहाँको आराधना गरोस् भन्ने परमेश्वर चाहनुहुन्छ। सुसमाचार नपुगेका असंख्या जाति समूहहरू येशूको नामको पहुँचभन्दा बाहिर छन्। सबै मानिसहरूलाई येशूको सुसमाचारको खाँचो छ।

**परमेश्वरका कामदारहरू—** परमेश्वरको राज्य प्रदर्शन गर्ने परमेश्वरको मिशन पूरा गर्न, ती सबै परमेश्वरका कामदारहरूको खाँचो छ। यो स्रोतले सबै मानिसहरू, विशेष गरी सुसमाचार कम पुगेका मानिसहरूलाई सुसमाचार सुनाउनको लागि परमेश्वरका खेतालाहरूलाई तयार पार्न र बृद्धि गर्न खोज्छ।

### ठोस आधारहरू

सम्पूर्ण बाइबल आधिकारिक छ र शिक्षा र सुधारको लागि उपयोगी छ। हामीले पुरुष/स्त्री बीचको सम्बन्धलाई उहाँको वचनमा पाइने परमेश्वरको चरित्र र राज्यको प्रकाशमा बुझ्नुपर्छ। अधिकारको चाहना (महिला) वा पदको रक्षा (पुरुष) सही सुरुवात वा समाप्ती बिन्दु (टेलोस्) होइन। परमेश्वरको विश्वव्यापी मिशनको समापन(टेलोस)ले उहाँको चरित्र, राज्य र मिशनलाई प्रतिबिम्बित गर्ने कामदारहरूलाई कसरी संख्यामा बृद्धि गर्ने र पठाउने भनेर पत्ता लगाउन हामीलाई बाध्य तुल्याउनुपर्छ।

**४ महत्वपूर्ण प्रश्नहरू**

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

### निष्कर्ष

अन्तमा (टेलोस्), हामी प्रार्थना गर्दछौं कि तपाईंको हृदयको आँखा उज्यालो होस्, र परमेश्वरको मिशा पूरा होस् (टेलोस्)!

www.servingshouldertoshoulder.com

# के परमेश्वर नर वा नारी, वा दुवै हो कि होइन?

**परमेश्वर नत नर हो न नारी !** पुरानो नियमका दिनहरूका कनानी देवताहरू विपरीत, र आधुनिक मानिसहरूले पूजा गर्ने निश्चित हिन्दु, जनजाति, वा पुर्खाहरूका देवताहरूको विपरीत, परमेश्वर लिङ्गभन्दा माथि हुनुहुन्छ। खीष्टियनहरूले परमेश्वर "दाढी, हातमा दश औंला र खुट्टामा दश औंला भएका एक वृद्ध मानिस" हुनुहुन्छ भनी विश्वास गर्दैनन्। एकदमै होइन! न त परमेश्वरमा कुनै स्त्रीको शरीरका अंगहरू छन्। एकदमै होइन! यूहन्ना ४:२४ मा, येशूले "परमेश्वर आत्मा हुनुहुन्छ।" भनेर व्याख्यन गर्दा स्पष्ट पार्नुभयो। जब वचन देहधारी हुनुभयो, येशू पक्कै पनि पुरुषको शरीरमा हुनुहुन्थ्यो। यद्यपि, अनन्त, त्रिएक परमेश्वर नत पुरुष हो न स्त्री।

मुख्य शब्द

**Aββα**

बुवा, पापा, बाबा

### येशूले किन परमेश्वरलाई "अब्बा" भन्नुभयो?

परमेश्वरले मानिसहरूसँग बाड्न चाहनुभएको घनिष्ठ, प्रेमिलो पारिवारिक सम्बन्धलाई प्रदर्शन गर्न येशूले परमेश्वरलाई "अब्बा" (बुवा, पापा, बाबा) भन्नुभयो। येशू आउनुभएको समयमा, यहूदीहरूले परमेश्वरको नामलाई यति धेरै आदर गर्थे कि तिनीहरूले परमेश्वरको नाम सित्तैमा लेख्न वा लिन पनि चाहदैन थिए। यहूदी गुरुहरूले परमेश्वर घनिष्ट र भेट्न सकिने परमेश्वर हुनुहुन्छ भनेर कहिल्यै सिकाएनन्। के उहाँ उत्पत्ति २ अध्यायमा अदनको बगैंचामा मानिसहरूसँग हिँड्ने र कुरा गर्ने परमेश्वरभन्दा फरक हुनुहुन्छ? परमेश्वरलाई "अब्बा" भनेर बोलाएर येशूले परमेश्वरलाई पुरुषको रूपमा प्रकट गर्न खोज्नुभएन। बरु, उहाँले मानिसहरूलाई परमेश्वर घनिष्ट, प्रमिलो र सम्बन्ध राख्नुहुने हुनुहुन्छ भनी चिनाउन चाहन्थे।

धर्मशास्त्रले परमेश्वरलाई पुरुष र स्त्री दुवै शब्दमा वर्णन गर्दछ किनभने यी मानिसहरूले बुझ्ने रूपकहरू र उपमाहरू हुन्। व्यवस्था ३२ को १८ पदमा उल्लेखित परमेश्वरको पुरुष तथा स्त्रीसँग सम्बन्धित कार्यहरूलाई याद गर्नुहोस्। *"तिमीहरूले जन्माउने चट्टानलाई तिमीहरूले त्याग्यौ, तिमीहरूलाई जन्म दिनुहुने परमेश्वरलाई तिमीहरूले बिर्स्यौ।"* जबकि, परमेश्वर लिङ्क भन्दा माथि हुनुहुन्छ, पुरुष तथा स्त्रीका उत्कृष्ट गुणहरूले परमेश्वरलाई प्रतिबिम्बित गर्दछ[

### पुलिंगी शब्दहरूमा परमेश्वरलाई उल्लेख गर्ने पदहरूः

- भजनसंग्रह ८९:२६– "त्यसले मलाई यसो भनी पुकार्नेछ, "तपाईं मेरा पिता हुनुहुन्छ, मेरा परमेश्वर र मेरो उद्धारको चट्टान हुनुहुन्छ।"
- यशैया ६३:१६– "तर तपाईं त हाम्रा पिता हुनुहुन्छ... तपाईं, हे परमप्रभु, हाम्रा पिता हुनुहुन्छ। तपाईंको नाउँ तादिदेखि नै हाम्रा उद्धारक हो।"

### स्त्रीलिंगी शब्दहरूमा परमेश्वरलाई उल्लेख गर्ने पदहरूः

- यशैया ६६:१३– "आमाले आफ्ना बालकलाई सान्त्वना दिएझैं म तिमीहरूलाई सान्त्वना दिनेछु।"
- मत्ती २३:३७– "...जसरी कुखुरीले आफ्ना चल्लाहरूलाई पखेटामुनि बटुल्छ, त्यसरी नै मैले धेरै पल्ट तेरा बालकहरूलाई बटुल्ने इच्छा गरें ...।"

के हामीले परमेश्वरलाई "आमा" भन्नुपर्छ ? जबकि, हामी व्यक्तिगत रूपमा परमेश्वरलाई आमाको रूपमा उल्लेख गर्दैनौं, र यसले परमेश्वरलाई "अपमानित" तुल्याउँछ भनी हामी विश्वास गर्दैनौं। जेहोस्, बुबा र आमाका उत्कृष्ट गुणहरू परमेश्वरको चरित्रको प्रतिबिम्ब हुन्। साथै, जब मानिसहरूले परमेश्वरलाई "पिता"भनेर बोलाउँछन् तब परमेश्वर परिवर्तन भएर अझ पुरुष जस्तै बन्नुहुन्न र यदि मानिसहरूले परमेश्वरलाई "आमा" भनेर बोलाउँदा उहाँ फेरि बदलिएर स्त्री जस्तै बन्नुहुन्न। परमेश्वर आत्माको रूपमा रहनुहुन्छ... कुनै पनि लिङ्ग भन्दा माथि। ध्यान दिनुहोस् कि माथिका उदाहरणहरूमा, परमेश्वरलाई सिधै एक संज्ञाको रूपमा पिता भनिएको छ, तर उहाँलाई यी शब्दहरू (जसरी, जस्तै, झैं) द्वारा आमाको रूपमा वर्णन गरिएको छ। जबकि, हामी बुझ्दछौं कि परमेश्वर नत पुरुष न नारी हुनुहुन्छ, हामीले येशूले परमेश्वरलाई पिताको रूपमा उल्लेख गर्ने तरिकालाई सम्मान गर्नुपर्छ। के तपाईं येशूले "पिता र म एउटै हौं।" भनी भन्नु भएको कल्पना गर्न सक्नुहुन्छ? त्यसपछि गएर उहाँले "हे हाम्रा स्वर्गमा बस्नुहुने आमा..."भनेर प्रार्थना गर्न सिकाउँदा, त्यो पक्कै पनि भ्रमित हुन्थ्यो! याद गर्नुहोस् येशू भाषा द्वारा पनि सीमित हुनुहुन्थ्यो।

### निष्कर्ष

परमेश्वर मानिसहरूसँग सङ्गति गर्न, उनीहरूका भित्री र व्यक्तिगत चिन्ताहरू जान्न सँगै हिँड्न चाहनुहुन्छ। परमेश्वरले आफैलाई प्रकट गर्न भाषा प्रयोग गर्नुभयो, तर भाषा परमेश्वरको शक्ति र प्रेम व्यक्त गर्न धेरै नै सिमित छ। परमेश्वर पवित्र हुनुभए तापनि उहाँलाई व्यक्तिगत र घनिष्ट परमेश्वर हुनुहुन्छ भनी येशूले देखाउनुभयो। हामी आनन्द मनाऔं!

### ४ महत्वपूर्ण प्रश्नहरू

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com

# परमेश्वरको स्वरूपमा कसलाई बनाइएको हो...पुरुष, स्त्री वा दुवै ?

मुख्य शब्द

***imago Dei***

लेटिनमा "परमेश्वरको स्वरुप"

**पुरुष र स्त्री दुवै परमेश्वरको स्वरूपमा बनाइएका हुन्।** परमेश्वरद्वारा सृष्टि गरिएको पुरुष र स्त्री स्वर्गिय होइनन्। यद्यपि, परमेश्वरले हामीलाई सृष्टिकर्ताको छाप लगाउनुभएको छ। सृष्टिकर्ताबाट उपहारको रूपमा दिइएको– प्रत्येक मानिसको अन्तर्निहित मूल्य हुन्छ। हामीले यो मूल्य वा योग्यता आफै कमाउँदैनौं। परमेश्वरले बालबालिकालाई जन्ममा आफ्नो स्वरूपको छाप लगाउन पर्खनु हुन्न। गर्भधारणको क्षणबाट नै प्रत्येक बच्चा परमेश्वरको स्वरूपमा गहिरो रूपमा रचिएको हुन्छ। उत्पत्ति १:२७ ले भन्छ,

"यसैकारण, परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो।

परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो।

नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो।"

## सृष्टिको मुकुट!

परमेश्वरको योजनाको गौरवको क्षण (वा मुकुट पहिरनको क्षण) भनेको नै पुरुष र स्त्रीको सृष्टि थियो। परमेश्वरले उत्पत्ति १:२६ मा भन्नुभयो, "मानिसलाई आफ्नै स्वरूप (शेलेम–छाया, प्रतिनिधि आकृति)मा, र हाम्रै प्रतिरूप (डेमुथ– समानता)मा बनाऔं।" सृष्टिको कुनै पनि थोकमा परमेश्वरको स्वरूप पाइन्दैन्, केवल मानिसमा पाइन्छ। तिनीहरूले परमेश्वरको प्रतिनिधित्व गर्छन् भन्ने पहिलो संकेत नै शासन गर्ने शक्ति हो, जस्तै लेखिएको छ, "...तिनीहरूले...अधिकार गरून्।" पुरुष र स्त्री दुवैले अन्य सृष्टिमाथि शासन गर्नुपर्दछ, तर एक–अर्कालाई होइन। परमेश्वर आफ्नो स्वरूप र प्रतिरूपमा बनिएका मानिसहरूमा खुसी हुनुभयो। मानिसको सृष्टि गर्नुभएपछि, परमेश्वरले भन्नुभयो, "...त्यो साह्रै राम्रो छ।" उत्पत्ति १:३१

## मानिसहरू कसरी परमेश्वरको स्वरूपमा सृष्टि गरिएका छन् ?

के परमेश्वरको हाम्रो जस्तै हात र खुट्टामा दश–दश औंला छन्? पक्कै छैनन्! परमेश्वरको स्वरूपमा बनाइएको हामी मानिसहरू: आध्यात्मिक, तर्क गर्न सक्ने, रचनात्मक, सम्बन्धात्मक, सृष्टिको हेरचाह गर्नेहरू हौं: हामी प्रेम गर्न, बलिदान गर्न, छनौट गर्न सक्षम छौं। हामी परमेश्वरको तर्फबाट पृथ्वीको हेरचाह गर्न शक्तिको प्रयोग गर्न सक्छौं। जसरी सातौं दिनमा सृष्टिको कामलाई रोक्नुपर्छ भनेर परमेश्वरलाई थाहा थियो, त्यसरी नै पुरुष र स्त्रीले पनि कुनै काम रोक्न, आराम गर्न नियन्त्रण गर्ने शक्ति वा संयमता प्रयोग गर्न सक्छन्।

## असल मानिसमा हुने गुणहरूको सुरुवात परमेश्वरबाट हुन्छ।

पुरुष र स्त्री दुवैले प्रदर्शन गर्ने कार्यहरूले परमेश्वरको चरित्रलाई प्रतिबिम्बित गर्दछ। जसै परमेश्वरले पालनपोषण गर्नुहुन्छ, सुरक्षा दिनुहुन्छ, प्रबन्ध गर्नुहुन्छ र प्रेम गर्नुहुन्छ, पुरूषहरूले पनि पालनपोषण, संरक्षण, प्रबन्ध र प्रेम गर्न सक्छन् र गर्नुपर्छ। त्यसैगरी, स्त्रीहरूले पनि पालनपोषण, संरक्षण, प्रबन्ध र प्रेम गर्न सक्छन् र गर्नुपछ। जब हामी बुबाले आफ्नो बच्चाको डायपर माया गरेर फेरिदिएको वा एउटी आमाले आफ्नो बच्चालाई बिस्तारै मसारेको देख्छौं, हामी त्यसमा परमेश्वरको पालनपोषणको झलक पाउँछौं। जब हामी बुबाले आफ्नो बच्चालाई बचाउन तालमा हाम फालेको देख्छौं, वा सडक पार गर्दा आमाले आफ्नो बच्चाको हात समातेको देख्छौं, हामी त्यस कार्यमा परमेश्वरको सुरक्षा गर्ने गुण देख्छौं।

उत्पत्ति ५:१–२ ले पनि मानिसजातिको उत्पत्तिको वर्णन गर्दछ:

"परमेश्वरले मानिस(आदम)लाई सृष्टि गर्नुहुँदा उहाँले उनलाई आफ्नै स्वरूपमा बनाउनुभयो।

उहाँले तिनीहरूलाई नर र नारी गरी सृष्टि गर्नुभयो।

तिनीहरूको सृष्टि भएको दिन उहाँले तिनीहरूलाई आशिष् दिनुभयो र "मानिस" (आदम) नाउँ दिनुभयो।

मुख्य शब्द

אָדָם

*आदम =मानवजाति, मानिस*

यी पदहरू अनुसार, आदम मानिसको पहिलो नाम होइन। यहाँ "आदम" पुरुष र स्त्री दुवैको संयुक्त पहिचान हो। संयुक्तरुपमा, तिनीहरू मानवजातिका सदस्यहरू हुन्, दुवै परमेश्वर को स्वरूप हुन्।

## निष्कर्ष

परमेश्वरले आफ्नो स्वरूपमा नर र नारी दुवै सृष्टि गर्नुभयो। तसर्थ, हामीले दुवैलाई परमेश्वरको स्वरूपको रुपमा सम्मान र मूल्याङ्कन गर्नुपर्छ। परमेश्वर आफ्ना मानिसहरूले सबै मावनजातिको अन्तर्निहित मूल्यलाई चिनेको चाहनुहुन्छ। जब हामी त्यसो गर्छौं, हामीले सृष्टिकर्तालाई सम्मान गरेको हुनेछौं।

### ४ महत्वपूर्ण प्रश्नहरू

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com

## के परमेश्वरले सुरूमा पुरुष र स्त्री दुवैलाई नेतृत्व गर्नको लागि योजना बनाउनुभएको थियो ?

मुख्य शब्द

**तिनीहरूलाई**

**बहुवचन क्रिया र बहुवचन सर्वनाम**

एकदमै! परमेश्वरले पहिलो पुरुष र स्त्रीलाई सम्मान र आशिष् दिनुभयो र उनीहरूलाई पाँचवटा मुख्य आज्ञाहरू दिनुभयो। पापरहित सृष्टिको आदर्श पूर्णतामा, हामी मानवतालाई आशिर्बाद दिन र मानवजातिको बृद्धिको लागि नेतृत्व गर्ने विश्व–पहुँचको जनादेश स्थापित गर्नको लागि परमेश्वरको हृदय पाउँछौं। मानवजातिको लागि परमेश्वरको पहिलो वचन बिचार गर्नुहोस्। उत्पत्ति १:२८

"परमेश्वरले तिनीहरूलाई आशिष् दिनुभयो, र तिनीहरूलाई भन्नुभयो,

"फल्दै, फुल्दै,बृद्धि हुँदै, पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दैजाओ।

समुन्द्रका माछाहरू, आकाशका पक्षीहरू तथा पृथ्वीका सबै जीवित प्राणीहरूमाथि अधिकार गर।"

### हामी कसरी थाहा पाउँछौं कि यी आदेशहरू तिनीहरू दुवैको लागि हो र पुरुषको लागि मात्र होइन भनेर ? क्रियापद र सर्वनाम

स्पष्ट रूपमा, परमेश्वरले पुरुष र स्त्री दुवैलाई यी आज्ञाहरू/आशीर्वादहरूमा साझेदार गर्न चाहनुभएको थियो, किनभने परमेश्वरले पाँच बहुवचन अनिवार्य हिब्रू क्रिया शब्दहरू प्रयोग गर्नुभएको छ। साथै, ध्यान दिनुहोस् कि परमेश्वरले बहुवचन सर्वनाम प्रयोग गरेर उनीहरूलाई आशीर्वाद र निर्देशन दिनुभयो। परमेश्वरले सुरुदेखि नै पुरुष र स्त्रीबीच शक्तिशाली र सामंजस्यपूर्ण साझेदारीको योजना गर्नुभयो।

## परमेश्वरले बहुवचन क्रिया र बहुवचन सर्वनाम प्रयोग गर्नुभयो।

**पहिलो पाँच आदेश**

परमेश्वरले आफैलाई सम्बोधन गर्न यी पाँच समान क्रियाहरू दोहोर्याउनुभएन। बरू, यी आज्ञाहरुले मानिसहरूको लागि परमेश्वरको स्पष्ट, रणनीतिक खाका प्रस्ताव गर्दछ। परमेश्वरले ती दुवैसँग बोल्नुभएको हुनाले, पुरुष र स्त्री दुवैलाई यी प्रत्येक आज्ञाहरू पूरा गर्न आवश्यक छ।

**पारह (फल्दै–फुल्दै जानु)**– परमेश्वरले पहिलो दम्पतीलाई एक अर्काको आनन्द लिनु र परमेश्वरको स्वरुप धारण गरेका अरु मानवहरू पुर्नात्पादन गर्नु भनी निर्देशन दिनुभयो। यो कार्य एकलो लिङ्गीबाट मात्र सम्भाव हुन्छ भनेर सोच्नु मुर्खता हुन्छ। त्यसैगरी, मण्डलीमा, परमेश्वरले पुरुष तथा स्त्री दुवैलाई फलवान्त हुने, परमेश्वरको स्वरुप धारण गरेका अन्य चेलाहरू बनाउने उद्देश्य राख्नुहुन्छ।

**राबह (गुणात्मक वृद्धि हुनु)**– यो आज्ञापकको अर्थ पुरुष र स्त्रीहरूले सबै राष्ट्रहरूमा छिटो परमेश्वरको प्रशस्तको जीवन फैलाउनुपर्छ (थप्नुको सट्टा गुणा गर्नु) भन्ने हो। फल फलाउँदा जीवनको अनुकरण हुन्छ, राबहले गति बढाउँछ।

**माले (भरिएर जानु)**– यसको अर्थ भरिएर पोखिनु, तृप्त हुनु, भर्नु हो। पुरुष र स्त्रीहरूले समाजको कुनै पनि क्षेत्रलाई परमेश्वरको महिमाबाट वञ्चित नराख्ने परमेश्वरको इच्छन थियोः शिक्षा, व्यापार, मनोरञ्जन, सरकार, मिडिया, स्वास्थ्य सेवा आदि। हामीले हाम्रो प्रतिभा, जोस, र अनुभवको आधारमा संस्कृतिको हरेक क्षेत्रलाई प्रभाव पार्ने हो।

**काबाश (वशमा राख्नु)**– यसको अर्थ विजयी हुनु वा अधीनमा ल्याउनु हो। काबाशको अर्थ खेतबारी खेतबारी खाली गर्नु वा जनावरहरूलाई पाल्नु मात्र होइन। परमेश्वरले हरेक शत्रुमाथि विजय चाहनुहुन्छ। येशू शत्रुको कामलाई नष्ट गर्न आउनुभयो (१ यूहन्ना ३:८)। पुरुष र स्त्री, मिलेर अन्धकार र अराजकता हटाउन र परमेश्वरको ज्योति र शान्ति ल्याउन हो।

**राडाह (शासन गर्नु)**– परमेश्वरले आफ्ना मानिसहरूले शासन गरेको र सबै सृष्टिको हेरचाह गरेको चाहनुहुन्छ। पृथ्वीमा शासन गर्ने कार्य एउटै लिङ्गलाई दिइएको काम होइन। उत्पत्ति १ मा, परमेश्वरले उनीहरूलाई शासन गर्न भन्नुभयो, तर एक अर्कामाथि होइन! परमेश्वरले मानवजातिलाई नेतृत्व गर्न आशिष् दिनुभयो, र दुवैले परमेश्वरको शासन गर्ने राज्यको राजदूतको रुपमा प्रभुत्व गर्ने अधिकारको अभ्यास गर्नुपर्दछ।

### निष्कर्ष

परमेश्वरले स्त्री र पुरुष दुवैलाई आशिष् र आज्ञा दिनुभयो। उहाँले नेतृत्व गर्ने जिम्मेवारी पुरुषमा मात्र सीमित राख्नुभएन। बरु, दुवैले शक्तिशाली अवसर तथा गहकिलो निर्देशनहरू प्राप्त गरे। शत्रु यी हरेक आज्ञाहरूलाई विकृत गर्न र परमेश्वरको टोलीलाई नष्ट गर्न चाहन्छ। तर हामी एक–अर्काको सहयोगको लागि हौं।

### ४ महत्वपूर्ण प्रश्नहरू

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

# यसको साथ दौड्नुहोस

एक पृष्ठ

## के स्त्रीहरू पुरुषको सहयोगी हुनलाई बनेका हुन्?

हो, तर सायद तपाईंले सोचे जस्तो होइन! उत्पत्ति २:२० ले भन्छ:

परमप्रभु परमेश्वरले भन्नुभयो, "मानिस एक्लो रहन असल छैन।

म त्यसलाई सुहाउने एक जना सहयोगी बनाउनेछु।"

मुख्य शब्द

עֵזֶר

एजर

### सुहाउने र सहयोगी भनेको के हो?

*सहयोगी* शब्द हिब्रू शब्द एजर (ezer) बाट आउँछ –जसको उचारण ए-जर (ay-zer) हुन्छ। पुरानो करारमा एजर (ezer) शब्द २१ पटक प्रयोग गरिएको छ। अब महत्वपूर्ण प्रश्न यो छ।

### बाइबलमा प्राथमिक एजर को हो? कसलाई सामान्यतया एजर भनेर वर्णन गरिएको छ?

### २१ पटक एजर शब्द प्रयोग गरिएकोमा १६ पटकले परमेश्वरलाई जनाउँछ !

शत्रुहरूबाट "सहायता" प्रदान गर्ने र मृत्युबाट बचाउने परमेश्वर हुनुहुन्छ। परमेश्वर उच्च शक्ति र सैन्य सार्मथ प्रदर्शन गरेर मद्दत गर्ने परमेश्वर हुनुहुन्छ, जसले कमजोर पक्ष (मोशा, दाऊद, इस्त्राएली, इत्यादि)लाई सहायता प्रदान गर्नुभयो। सोह्र पटक परमेश्वर एजरको रुपमा प्रस्तुत हुनुभयो। इस्त्राएलीहरूलाई शक्तिशाली सैन्य उद्धारको आवश्यकता पर्दा तीन पटक एजरको प्रयोग भएको छ। महिलाको सन्दर्भमा उत्पत्ति २ अध्यायमा दुई पटक एजरको प्रयोग भएको छ। तल दिएका पुरानो नियमका ती सबै सन्दर्भहरू हेर्नुहोस्। जब हिब्रू स्रोताहरूले एजर शब्द सुने, तिनीहरूले "उद्धार गर्ने शक्ति" वा कमजोरहरूलाई "सहायता गर्ने शक्ति" को रुपमा बुझे।

### एजर*(ezer)*–सार्मथ

स्पष्ट रुपमा, एजर शब्दको घरेलु कर्तव्य वा पदसँग कुनै सम्बन्ध छैन। यसको बारेमा सोच्नुहोस्... यदि तपाईंलाई आफ्नो गणित गृहकार्यमा मद्दत चाहिन्छ भने, के तपाईंले आफूभन्दा कम जान्ने व्यक्तिलाई खोज्नु? यदि कसैले तपाईंलाई आक्रमण गर्यो भने, के तपाई आफूभन्दा कमजोरबाट मद्दत चाहनुहुन्छ? अवश्य होइन[ तपाईंले आफूभन्दा धेरै शक्ति, सीप,वा क्षमता भएको कसैलाई रोज्नुहुन्छ।

एजर शब्दले परमेश्वरको चरित्रको वर्णन गर्दछ। परमेश्वर उद्धारकर्ता, रक्षक, सहायक हुनुहुन्छ। परमेश्वर कमजोरहरुलाई अमूल्य तथा विशेष बल दिनुहुन्छ। परमेश्वर महिलाहरुको लागि त्यही शब्द प्रयोग गर्न रोज्नुहुन्छ जुन उहाँले आफ्नो लागि प्रयोग गर्नुभयो[

यद्यपि, *सहयोगी* शब्दलाई पछ्याउने शब्द *सुहाउने* को हिब्रू शब्द **के' नेगेडु** (k' negedu) हुन्छ। *के' नेगेडु* शब्द मुनीको *नेगेड* शब्दबाट आएको हो। *नेगेड*को अर्थ 'सामनेमा', 'नजरमा', 'विपरितमा', 'प्रतिपक्षमा' भन्ने हुन्छ। *के (k'negedu)* शब्दले 'जस्तै', 'अनुसार' शब्दको अर्थ थप्छ। तसर्थ, ***के' नेगेडु*** *(k' negedu)* ले एजर*(ezer)* शब्दलाई परिमार्जन गर्दछ, र यसले परमेश्वरको पूर्ण अनुरुपता प्रकट गर्दछ।

मुख्य शब्द

כְּנֶגְדּוֹ

*के ' नेगेडु*

### *के ' नेगेडु (k'negedu)* = बराबर, ऐना जस्तै

परमेश्वरले स्त्रीलाई एक 'शक्ति' वा 'सामर्थ' को रुपमा सृष्टि गर्नुको उद्देश्य पुरुषसँगको 'अनुरुपता' –समान सामर्थमा आउन सकोस् भन्ने थियो। यस पाठमा कुनै पनि यस्तो संकेत छैन जसले स्त्री पुरुषभन्दा तुच्छ, कमजोर, तल, सिमित वा कम अधिकारभएको भनेर भन्छ। परमेश्वरले स्त्री र पुरुषलाई विश्वव्यापी मिशनको साथ शक्तिशाली समकक्ष हुन सृष्टि गर्नुभयो।

**एजर*(ezer)* लागि पुरानो करारका पदहरू**

परमेश्वरलाई उल्लेख गर्ने पदहरू –१६ पटक: प्रस्थान १८:१४, व्यवस्था ३३:७,२६,२९, भजनसंग्रह २०:२, ३३:२०, ७०:५, ८९:१९, ११५:९,१०,११, १२१:१,२, १२४:८, १४६:५, होशे १३:९

परमेश्वरलाई उल्लेख नगर्ने खण्डहरू– ५ पटक: उत्पत्ति २:१८,२०, यशैया ३०:५, इजकिएल १२:१४, दानियल: ११:३४

**४ महत्वपूर्ण प्रश्नहरू**

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?


www.servingshouldertoshoulder.com

## के ‘पहिले सृष्टि गरिएको’ अर्थ पुरुषले नै सधैं नेतृत्व गर्नुपर्छ भन्ने हो ?

**अवश्य होइन!** ‘सृष्टिको क्रम’ सम्बन्धी विश्वासले बताउँछ, “किनभने परमेश्वरले मानिसलाई पहिले सृष्टि गर्नुभयो, त्यसैले उनी नै अगुवा हो।” तर के सृष्टिको क्रमले नेतृत्व निर्धारण गर्छ? वा परमेश्वरले सृष्टिको कथाद्वारा फरक, सुन्दर उद्देश्य चित्रण गर्नुहुन्छ? आउनुहोस् यस ‘सृष्टिको क्रम’ सम्बन्धी सिद्धान्तमाथि केही तर्क लागू गरौं।

सृष्टिको क्रम–को ग्राफिक उद्देश्यहरू। के तलका कुनै पनि दृष्टिकोणले उत्पत्ति १ र २ अध्यायको उद्देश्यलाई  देखाउँछ?

| मुख्य शब्द |
|---|
| **हिब्रू समानान्तरता** |





चित्र १. ठूलोदेखि सानो अधिकार

चित्र २. जटिलता बढ्दै

चित्र ३. टुप्पो, त्यसपछि तलदेखि स्त्रीसम्म

- **चित्र १** –पुरुष स्त्रीहरू भन्दा पहिले आयो, तर बिरुवाहरू र जनावरहरू (र माटो) मानिसहरु भन्दा पहिले सिर्जना गरिएको थियो। के ‘सृष्टिको क्रम’ अनुसार बिरुवा/जनावरहरूले पुरुषको नेतृत्व गर्छन् ? वा तिनीहरू पहिले बनिएका कारण पुरुषको भन्दा ठूलो अधिकार छ? होइन!
- **चित्र २.** के ‘सृष्टिको क्रम’ को अर्थ सृष्टि झन् जटिल, अझ सिद्ध (स्त्री उत्तम) भएको हो? होइन!
- **चित्र ३.** के ‘सृष्टिको क्रम’ ले पुरुषहरू सृष्टिको उच्चत्तम शिखर हो भन्ने बुझाउँछ? परमेश्वरले पछि पुरुषको दासी स्त्रीलाई समान तर अलिकति तल, अर्थात **‘समान तर फरक’** बनाउनुभयो? होइन!

### त्यसोभए ‘सृष्टिको क्रम’ प्रश्नको समाधान के हो?




चित्र ४. हिब्रू समानान्तर साहित्य ढाँचा

**हिब्रू समानान्तरता**– ‘पहिलो बराबर अन्तिम’

हिब्रू समानान्तरताले पहिलो र अन्तिमलाई बराबर देखाउँछ। उत्पत्ति २ अध्यायमा, परमेश्वरको सृष्टिको सममित क्रमले पुरुष र स्त्रीलाई बराबर देखाएको छ। दुवै आशिषित्, दुवै बलियो, दुवै शुद्ध, दुवै परमेश्वरको स्वरुप धराण गरेका। सम्पूर्ण सृष्टिमा, कोही समान पाउन सकेन। स्त्रीको सृष्टि मार्फत, परमेश्वरले पुरुषको आवश्यकता पूरा गर्नुभयो किनभने पुरुष एक्लो थियो। पुरुषले स्त्रीलाई “मेरो हाडको हाड र मेरो मासुको मासु।” भनेर परमेश्वरको समान स्वरुपको रुपमा स्वीकार गरे।

### निष्कर्ष

‘पहिलो’ जहिले पनि ‘अगुवा’ हुदैन्। उत्पत्ति २ अध्यायमा, सृष्टिको मुकुट (पुरुष) सृष्टिको अर्को मुकुट (स्त्री) बीच समानान्तर पाउँछौं। दुवै परमेश्वरको स्वरुपमा, साझा आशिष, आज्ञाहरू, र जिम्मेवारीहरूसहित सृजना गरिएको थियो। पहिलो स्त्री पुरुषबाट आयो, अहिले हरेक पुरुष महिलाबाट आउँछन्। संसारलाई आशिष् दिनको लागि कस्तो शक्तिशाली दम्पतीको सृष्टि भयो! पाठमा “पहिलो बनिएको” बराबर “अगुवा वा अधिकार” भनेर पढ्नुको सट्टा, परमेश्वरको शक्तिशाली, पारस्परिक योजनाको लागि उत्सव मनाउनुहोस्।

| ४ महत्वपूर्ण प्रश्नहरू |
|---|
| ⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ? |
| ⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ? |
| ⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ? |
| ⇒ हामीले यस विषयमा कसलाई **भन्ने**? |

# पतित् परिवार

दुःखको कुरा, आज हामी सबै एक टुक्रिएको संसारमा, पतित परिवार भित्र बाँचिरहेका छौं।

उत्पत्ति ३ अध्यायले, बाइबलको सबैभन्दा दुखद कथा, छल, शंका, पाप, दण्ड, अरू धेरै तोडिएका सम्बन्धहरू (परमेश्वरसँग, अरूसँग, आफैसँग, र सृष्टिसँग) बारे बर्णन गर्दछ र साथै मानिसहरूको लागि परमेश्वरको खोजी बारे पनि। अहिले हरेक संस्कृतिमा, पुरुष र स्त्री दुवै पतनमा बराबर साझेदार छन् र परमेश्वरको शिद्ध आर्दशबाट धेरै टाढा। के अपराध, लाज र डरले भरिएको संसारमा विजयी हुने आशा छ?

www.servingshouldertoshoulder.com

## के परमेश्वरले पीडा, काँडा, पसिना र पुरुष–एकल शासन चाहनुहुन्छ?

**पक्कै होइन।** त्यसो भए परमेश्वरले किन उत्पत्ति ३:१६–१७ मा यसो भन्नुभयो:

"...त्यसले तँलाई अधीनमा राख्नेछ। ...तेरो जीवनभरि दु:खसँग त्यसको उब्जनी तैँले खानेछस्। त्यसले तेरो निम्ति काँढा र सिउँडीहरू उमार्नेछ, तैँले खेतको सागपात खानेछस्।"

**यदि परमेश्वरले कुनै अवस्थाको वर्णन गर्नुहुन्छ भने, के यसको मतलब उहाँ त्यस्तै भएको चाहनुहुन्छ?**

परमेश्वरले संसारलाई एकता र पूर्णतामा बनाउँनुभयो (उत्पत्ति १–२)। उत्पत्ति ३ अध्यायले पतनको त्रासदीको विवरण दिन्छ। पापले परमेश्वरको सिद्ध संसारलाई बिगार्‍यो परमेश्वरको स्वरुप धारण गरेका मानिसहरू लज्जित, भयभीत र पापी भए। पतित संसारले अब परमेश्वरको आदर्शको प्रतिनिधित्व गर्दैन।

**मुख्य शब्द**

יִמְשָׁל

*इमसाल yimshal* - त्यसले तँलाई अधीनमा राख्नेछ।

## निर्धारण वा वर्णन?

**के परमेश्वरले मानिसहरूको लागि *आफ्नो इच्छा* व्यक्त गर्नुभएको हो? वा उत्पत्ति ३ अध्यायमा *पतनको नतिजा* बारे भन्नुभएको हो?**

उत्पत्ति ३: १४–१९ मा परमेश्वरले धेरै घोषणाहरू गर्नुभयो, र अहिले हामीसँग छनौट गर्ने विकल्प छ। के हामी विश्वास गर्छौं कि परमेश्वरले संसार कस्तो हुनुपर्छ भनेर **निर्धारण** गरिरहनुभएको थियो, वा उहाँले टुटेको संसारको **वर्णन** गरिरहनुभएको थियो? उदाहरणको लागि:

- काँडा र सिउँडीहरू –के परमेश्वरले काँडाहरू चाहनुहुन्थ्यो, वा उहाँले कठिनाइको वर्णन गर्दैहुनुहुन्थ्यो?
- तेरो निधारको पसिनाले कमाएको भोजन तैँले खानेछस् –के परमेश्वरले पसिना चाहनुहुन्थ्यो, वा उहाँले कठिनाइको वर्णन गर्दै हुनुहुन्थ्यो?
- सुत्केरी–वेदना –के परमेश्वर यस पीडादेखि प्रसन्न हुनुहुन्छ, वा उहाँले परिणामको वर्णन गर्दै हुनुहुन्छ?
- महिलाको इच्छा पतितर्फ नै हुनेछ –के महिलाको इच्छा (*टुʼसुकह (T' suqah)*) परमेश्वरको योजना हो, वा पतनको परिणाम हो?
- पुरुषले महिलालाई अधीनमा राख्नेछ –के पुरुषले गर्ने शासन (मशाल) परमेश्वरको योजना हो, वा पतनको परिणाम?

यदि परमेश्वरले मानव पीडा, काँडा, र पसिना चाहनुहुन्छ भने **मानिसहरूले काँडा, पसिना, वा दुखाइ कम गर्न खोज्दा उहाँको इच्छा अवज्ञा गर्छन्!** किसानले काँडा रोप्नु पर्छ, हटाउनु हुँदैन। शितल रहने कोशिश गर्नुभन्दा, काम गरेर पसिना बगाउनुपर्छ। र बच्चा जन्माउने महिलाहरूका लागि (आइया, आथा!)–पीडा कम गर्ने कुनै औषधिहरू छैनन्, कुनै शितल कपडा छैन, न कुनै सान्त्वना दिने शब्दहरू। त्यसको सट्टा, परमेश्वरले थप पीडा चाहनुहुन्छ! के यो सही सुनिन्छ? निश्चय पनि सुनिन्दैन।

## माशाल बराबर शासन

उत्पत्ति ३:१४–१९ का पाँच परिणामहरूले परमेश्वरको सिद्ध योजनाबाट केही परिवर्तनभएको देखाउँछ। तैपनि, केही बाइबल शिक्षकहरूले अन्तिम दुई वाक्यांशहरू दावी गर्छन्, महिलाको 'इच्छा पतितर्फ हुनु' र पुरुषले 'महिलालाई अधीनमा राख्ने' भन्ने कुरामा नै हामी जीउन खोज्नुपर्छ भन्ने परमेश्वर योजना हो। फेरि पनि, यी परिणामहरू परमेश्वरको आदर्श होइनन्। (*टुʼसुकह (T' suqah)* ) ले संकेत गर्दछ कि महिलाले आफ्नो नजरलाई परमेश्वरबाट पुरुषतर्फ 'फर्काउनेछ'। (एक पृष्ठे हेर्नुहोस्: के एउटी महिलाले अफ्नो इच्छा पतितर्फ नै राख्नुपर्छ?) महिलामाथि पुरुषको 'शासन'ले सह–शासन र सह–प्रभुत्वबारे परमेश्वरको योजनालाई परिवर्तन गर्‍यो। उत्पत्ति १ र २ अध्यायमा, दुवैलाई एक–अर्कामाथि शासन गर्न भनिएको थिएन, तर परमेश्वरले उत्पत्ति १:२८ पदमा सृष्टिमाथि प्रभुत्व जमाउन दुवैलाई आज्ञा दिनुभएको थियो। एक–अर्कामाथि शासन गर्दा घमण्ड/दुर्व्यवहार, पितृसत्ता/मातृसत्ता, र पुरुषबाद/महिलाबाद सहित धेरै पापपूर्ण कार्यहरू र प्रणालीहरू निम्त्यायो।

### निष्कर्ष

उत्पत्ति ३ अध्यायमा, परमेश्वरले पतित संसारको परिणामहरू बारे *वर्णन* गर्नुभयो। महिलाको *(पतितर्फको इच्छन्) (टुʼसुकह (T' suqah)* ) र पुरुषको *( महिलामाथिको शासन) माशाल (Mashal)* सामंजस्यपूर्ण तथा विश्व परिवर्तन गर्ने शक्तिशाली परिवारको लागि परमेश्वरको योजना थिएन। ती पदहरूले त्यो भयानक त्रासदीबारे बताएका थिए जो पतनको समयमा घटेको थियो –परमेश्वरको शक्तिशाली, सामंजस्यपूर्ण र सहकार्यपूर्ण समूहको विघटन।

**४ महत्वपूर्ण प्रश्नहरू**

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

## के स्त्रीले आफ्नो इच्छा पतितर्फ नै राख्नुपर्छ ?

**पर्दैन।** उत्पत्ति ३:१६ को सन्दर्भ अनुसार पर्दैन। परमेश्वर स्त्रीलाई भन्नुहुन्छ:

“तेरो इच्छा पतितर्फ नै हुनेछ,

र त्यसले तँलाई अधीनमा राख्नेछ।”

**यो इच्छा किन राम्रो कुरा होइन? यहाँ इच्छाको अर्थ के हो?**

***इच्छा* शब्द हिब्रू** *टु'सुकाह (T' suqah) (tuh-soo-kah)* शब्द बाट आएको हो। यो शब्द पुरानो नियममा केवल ३ पटक प्रयोग गरिएको छ: उत्पत्ति ३:१६, उत्पत्ति ४:७, र श्रेष्ठगीत ७:१०

मुख्य शब्द

תְּשׁוּקָה

*t'suqah*

## टु' सुकाह (T' suqah) इच्छा वा फर्काउनु?

### टु'सुकाह (T' suqah) इच्छा

लगभग हरेक बाइबल अनुवाद र टिप्पणीले आज टु'सुकाह (T' suqah) लाई 'इच्छा' को रूपमा अनुवाद गरेको छ। यो इच्छालाई सामान्यतया या त आफ्नो पतिप्रतिको कामुक इच्छा वा आफ्नो पतिमाथि नियन्त्रण गर्ने इच्छाको रूपमा बुझिन्छ।

यद्यपि, १५२८ सम्म, कसैले पनि टु'सुकाह (T' suqah) लाई 'इच्छा' वा 'वासना' वा 'नियन्त्रण' को रूपमा अनुवाद गरेका थिएनन्। कसैले पनि! सन् १५२८ मा, इटालीका एक डोमिनिकन भिक्षु पाग्निनोले हिब्रू शब्द टु'सुकाह (T' suqah) लाई 'इच्छा' वा 'अभिलाषा' को रूपमा अनुभाद गर्न थाले। उनी रबिनिक परम्परामा धेरै झुकाव राख्थे, जसले महिलाहरूको यौन आभिलाषाको बारेमा कुरा गर्छ। थप अध्ययनको लागि, यहूदी ताल्मुडमा भएको हव्वाको दस श्रापहरू बारे हेर्नुहोस्।

### टु' सुकाह (T' suqah) फर्काउनु

हामीले सन् १५२८ भन्दा पहिले यो शब्द कसरी अनुवाद गरिएको थियो भनेर जाँच गर्नुपर्छ। १२ वटा चिनिएको प्राचीन संस्करणहरू मध्ये प्रत्येकले, 'टु' सुकाह' (T' suqah) लाई 'फर्काउनु' को रूपमा अनुवाद गरे । ल्याटिनले यसलाई 'रुपान्तरण' (conversio) को रूपमा अनुवाद गरे र 'सेप्टआजिन्ट' (ग्रीक)ले यसलाई 'अपोस्ट्रोफ' को रूपमा अनुवाद गरे। ल्याटिन र ग्रीक दुवैले इच्छा वा नियन्त्रणको सट्टा 'फर्काउने' अवधारणालाई संकेत गरे।

मुख्य शब्द

***apostrophe***

अपो *apo* - देखि from  स्ट्रोफ *strophe* - फर्काउनु turn

पतन अघि, स्त्री कहाँ केन्द्रित थिइन् ? पतन पछि उनी कताँ फर्किन्? **स्त्रीले आफ्नो निष्ठा बदलिन् र उत्पत्ति ३ मा आफ्नो ध्यान ठूलोदेखि सानोमा सारिन्।** उनी परमेश्वरबाट मानिसतर्फ फर्किन्। अब पतित संसारमा, स्त्रीले परमेश्वरप्रतिको ध्यानलाई छोडेर यसलाई पुरुषप्रतिको भक्तिमा परिणत् गर्ने झुकाव राख्छिन्: गलत स्रोतबाट सुरक्षाको तृष्णा र उद्देश्य राख्छिन्। स्पष्टरूपमा, यस्तो ध्यान 'फेर्न'ले धेरै दुखद परिणामहरू निम्त्याउँछ।

### निष्कर्ष



पतनमा धेरै कुराहरू परिवर्तन भयो! पापले संसारमा प्रवेश गरेर परमेश्वर र मानिस बीचको सङ्गति मात्र तोडेको छैन, पुरुष र स्त्री बीचको सम्बन्धलाई पनि तोडेको छ।'टु ' सुकाह' (T' suqah) शब्दद्वारा, परमेश्वरले पतनको कारण महिलाहरूमा आएको एक प्रवृत्ति प्रकट गर्नुभयो। तिनीहरुले आफूलाई परमेश्वरमा समर्पण गर्न संघर्ष गर्छन् –प्राय: एउटा पुरुषलाई प्रसन्न पार्ने कोशिश् गर्छन्। आजको दिनसम्म सबै विश्वासीहरूले संसारतिर फर्कनुको सट्टा परमेश्वरतिर आँखा, ध्यान र इच्छाहरू फर्काउनको लागि संघर्ष गर्नुपर्छ।

* १२ पुरातन संस्करणहरू जसले टु'सुकाह (T' suqah) शब्दलाई 'टर्निङ्ग, फर्काउनु' को रूपमा अनुवाद गरेका छन्: ग्रीक सेप्टुअजिन्ट, सिरियाक पेशिट्टा, सामरिटन पेन्टाटेच, पुरानो ल्याटिन, सहिदिक, बोहाइरिक, इथियोपिक, अरबी, अक्विलाको ग्रीक, सिम्माकसको ग्रीक, थियोडोसनको ग्रीक, र ल्याटिन भल्गेट। यी २८ सन्दर्भहरू मध्ये २१ मा ' टु' सुकाह'(T' suqah) शब्दलाई 'टर्निङ्ग, फर्काउनु' को रूपमा अनुवाद गरेका छन्।

क्याथरीन बुशनेल, वाल्टर कैसर द्वाराको थप रिसर्च हेर्नुहोस्

*** 12 ancient versions that translated *t'suqah* as "turning":**
Greek Septuagint, Syriac Peshitta, Samaritan Pentateuch, Old Latin, Sahidic, Bohairic, Ethiopic, Arabic, Aquilla's Greek, Symmachus' Greek, Theodotion's Greek, and the Latin Vulgate. These translated *t'suqah* as "turning" in 21 out of 28 references.
**See additional research by:**
Katherine Bushnell, Walter Kaiser

### ४ महत्वपूर्ण प्रश्नहरू

⇒ यसले हामीलाई **परमेश्वरको** चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिसको** बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com

## के ग्रीक, रोमन र यहूदी संस्कृतिहरू पतित छन्?

मुख्य शब्द

**बाइबलीय संस्कृति**

बाइबलीय सन्दर्भ बुझ्नु महत्वपूर्ण हुन्छ

**अवश्य छन्!** पापले संसारमा प्रवेश गरेको समयदेखि नै हरेक संस्कृति पतनबाट प्रभावित भएको छ। पतित परिवारले हरेक समाजलाई पाप, रोग, लाज, मृत्युबाट संक्रमित पारेको छ। ती हरेकले मानिसहरूको लागि परमेश्वरको अभिप्रायलाई विकृत गरेको छ।

ग्रीक, रोमन र यहूदी संस्कृतिहरू बुझ्न महत्वपूर्ण छ, किनभने तिनीहरूले विश्व इतिहासलाई प्रभाव पारेका थिए, र यी संस्कृतिहरू जहाँ थिए त्यही नै प्रारम्भिक चर्च सुरू भएको थियो। सुरूका श्रोताहरूको सन्दर्भबाट हामीलाई बाइबल बुझ्नको लागि प्राय संकेत मिल्छ।

**ग्रीक समाजः** ग्रीकहरूले महिलाहरूलाई कसरी हेर्थे?

ग्रीक समाजका कविहरू, दार्शनिकहरू, सरकारी अगुवाहरू, देवता/देवीहरू र काल्पनिक पात्रहरूले महिलाहरूबारे साझा दृष्टिकोण प्रकट गर्छन्।

- ग्रीकहरूले महिलाहरू देवताहरूबाटको सजाय/श्रापको रूपमा पुरुषहरूभन्दा छुट्टै सृष्टि गरिएका थिए भनेर सिकाउँथे।
- एरिस्टोटलले महिलाहरू "दोषपूर्ण मानवको नमूना" "एक विरुपता पुरुष" र "राक्षसीता" हुन् भनी सिकाए।
- मेन्डरले महिलाहरू एक घिन्लाग्दो जात हुन्, सबै देवताहरूले घृणा गर्छन् भनी लेखे।
- ओरेस्टेसको कोरसले "महिलाहरू पुरुषहरूको जीवन बिगार्न जन्मिएका हुन्।" भनी गाएको थियो।
- युरिपीड्सले "चतुर महिलाहरू खतरानाक हुन्छन्।" भनी लेखे।

**रोमन सोसाइटीः** रोमीहरूले महिलाहरूलाई कसरी हेर्थे?

- रोमीहरूले पहिलो शताब्दीमा ग्रीकहरूलाई एक प्रभावशाली समाजको रूपमा विस्थापित गरे। येशूको जन्म हुँदा तिनीहरूले प्यालेस्टाइनमा शासन गर्थे।
- रोमन समाजले धेरै ग्रीक विचारहरूलाई आफ्नै रूपमा ग्रहण गर्यो। तिनीहरूको विवाहको देवी जुनो थियो। उनको श्रीमानले उनलाई शारीरिक दुर्व्यवहार र धोका दिएका थिए। जुनो चलाक र अनाकर्षक थिइन्।
- शुक्र कामुक प्रेमको रोमन देवी र वेश्याहरूको रक्षक थियो। उनी सुन्दर र आकर्षक थिइन्। त्यो समाजले वेश्याहरू भेट्नु पुरुषहरूको लागि राम्रो कुरा हो भनी ठान्थ्यो।
- रोमन महिलाहरूको कुनै व्यक्तिगत नाम थिएन। छोरीहरूले आफ्नो बुवाको नामको स्त्रीलिंगी रूप लिन्थे।
- रोमन कानूनले पहिलो छोरी पछि जन्मेको कुनै पनि छोरीलाई "शिशु अवस्थामा नै मार्ने" अनुमति दिएको थियो।
- रोमन संस्कृतिले ग्रीकहरूले भन्दा माथिल्लो वर्ग र धनी महिलाहरूलाई केही बढी अधिकार दिएको थियो, तर बिरलै।

**यहूदी समाजः यहूदी नेताहरूले महिलाहरूलाई कसरी हेर्थे ?**

**यहूदी नेताहरूले 'आधिकारिक' मापदण्डहरू ताल्मुड (कानूनको व्याख्याहरू) र मिश्नाह (रबिनिक परम्पराहरू) मा अभिलेख राखे।**

- हव्वा, सबै महिलाहरूको प्रतिनिधिको रूपमा, 'दश श्रापहरूद्वारा श्रापित्' थियो।
- 'अनुशासनहीन छोराको बाबु हुनु अपमानजनक हो, र छोरी जन्मनु घाटा हो।'
- रब्बीहरूले पत्नीहरूलाई मासुको टुक्रासँग तुलना गर्थे। 'एउटा पुरुषले आफ्नी पत्नीसँग जे मन लाग्छ त्यही गर्न सक्थे…जसरी बधशालाबाट आउने मासुलाई नुनमा साँदेर, तेलमा भुटेर, तारेर पकाएर, वा उमालेर जे गरेर पनि खान सकिन्छ।
- ताल्मुडले भन्छ, "तोराहका शब्दहरू जलाउन दिनुहोस्, तर ती महिलाहरूलाई पढ्न नदिनुहोस्।"
- एउटी महिलाले आफ्नो पति र छोरालाई सभाघरमा पठाएर आफ्नो आध्यात्मिक गन्तव्यमा पुग्छिन्।

### निष्कर्ष

प्रत्येक पतित संस्कृतिमा गरीब र टुटेको सम्बन्धको समान सूची छ। तपाईंले आफ्ना जीवनमा धेरै उदाहरणहरू बिचार गर्न सक्नुहुन्छ। हरेक समाज परमेश्वर को आदर्श परिवारबाट टाढा भइसकेको छ। यस दुखी, उदास, अँध्यारो, अधर्म, पापी संसारमा… येशूले प्रवेश गर्नुभयो! येशू आउनुभयो र नयाँ स्तर, नयाँ सम्मान, नयाँ आशाको साथ चम्कनुभयो।

### ४ महत्वपूर्ण प्रश्नहरू

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com

# उद्धार गरिएको परिवार

धन्यवाद येशू! परमेश्वरले पतित अवस्थामा मानवजातिलाई उहाँबाट अलग र उहाँको आदर्श योजनाबाट टाढा भएको देख्नुभयो। त्यसैले परमेश्वरले हामीलाई उहाँमा फर्काउनको लागि काम गर्नुभयो। येशूको चमत्कारी जन्म, पापरहित जीवन, बलिदानी मृत्यु, र विजयी पुनरुत्थानले मानिसहरूप्रति परमेश्वरको प्रेमलाई प्रमाणित गर्दछ। जसरी पुरुष र स्त्रीहरू येशूको रगतले किनिएका छन्, हामी (परमेश्वर, अरू, स्वंम र सृष्टि)सँगको सम्बन्धहरूलाइ ʻ पुनर्स्थापित गरेर बाँच्न सक्छौं। ख्रीष्टमा, पापमाथि विजय र मृत्यु पराजित भएको छ। हामी धेरै धन्यका छौं। हामी परमेश्वरको उद्धार गरिएको परिवारमा सामेल हुन सक्छौं। यो भन्दा बढि के हुन सक्छ?

www.servingshouldertoshoulder.com

## येशूले महिलाहरूलाई कस्तो व्यवहार गर्नुभयो?

**उहाँले तिनीहरूलाई बहुमूल्य र भरपर्दो दिदी–बहिनीहरूको रूपमा व्यवहार गर्नुभयो।** उहाँले तिनीहरूलाई माया गर्नुभयो, कदर गर्नुभयो, र सम्मान गर्नुभयो, जुन परमेश्वरको राज्यमा सामान्य थियो, तर यहूदी संस्कृतिमा चकित पार्ने कुरा थियो। उहाँको रगतले पापलाई हरन गर्यो, र उहाँको पुनरुत्थानले मृत्यु र पतित संसारलाई पराजित गर्यो, र उद्धार गरिएको परिवारको स्थापना भयो।

मुख्य शब्द

**उद्धारक**

येशूले परमेश्वरको बिचारलाई मुल्य तिरेर फिर्ता लाउनुभयो

**येशू कट्टरपन्थी हुनुहुन्थ्यो।**

**यूहन्ना ४:१–४२**

येशूले इनारमा सामारी स्त्रीसँग कुरा गर्नुभयो, उनीसँग धर्मशास्त्रको चर्चा गर्नुभयो, र आफूलाई मसीहको रूपमा पहिलो पटक प्रकट गर्नुभयो। उहाँले उहाँको पहिलो "म हुँ" भन्ने बयान दिनुभयो। त्यसपछि त्यो स्त्री गाउँमा प्रचारिका भइन्। येशूले धेरै सिमाहरू पार गर्नुभयो –सामारी (जाति), महिला (लिंग), पापपूर्ण (पवित्रता), ईश्वरशास्त्र (परम्परा)।

**लूका १०:३८–४२**

मरियम येशूको खुट्टामा बसिन्। यहूदी संस्कृतिले महिलाहरूलाई टोरा (व्यवस्थाका पुस्तकहरू) सिक्न निषेध गरेको थियो। मरियमले शिक्षकको खुट्टामा बस्दा चेलाको स्थान लिइन्। तिनले चेलाहरूसँग तिनीहरूले सिकेको कुरा तिनलाई सिकाउन भन्ने अपेक्षा गरेकी थिइन्। मरियम वास्तवमा शिक्षिका बन्न सिक्दै थिइन्।

**लूका १३:१०–१७**

सभाघरहरूमा, महिलाहरूलाई पछाडि बस्न नियुक्त गरिएको थियो। येशूले स्त्रीलाई आफूकहाँ अगाडि आउन बोलाउनुभयो... उहाँले तिनलाई निको पार्नुभयो र तिनलाई "अब्राहामको छोरी" भन्नुभयो। "अब्राहामको छोरी" एक सामान्य शब्द थियो, तर "अब्राहामको छोरी" कहिल्यै प्रयोग गरिएको थिएन्। येशूले महिलाहरूको ठूलो मूल्य र मर्यादा छ भनी देखाउनुभयो।

**यूहन्ना ११:१७–२७**

लाजरसको मृत्युमा मार्था र येशूले गहिरो धर्मशास्त्रीय कुराकानी गरेका थिए। येशूले आफ्ना चेलाहरूलाई उहाँ "पुनरुत्थान र जीवन" हुनुहुन्छ भनी बताउनुभएको थिएन तर उहाँले मार्थालाई यो अविश्वासनीयत सत्यता बताउनुभयो! परमेश्वरले पुरुषहरूलाई जस्तै महिलाहरूलाई पनि आध्यात्मिक सत्यता प्रकट गर्न सक्नुहुन्छ भनेर देखाउँदै उनले पत्रुसले प्रयोग गरेको विश्वासका शब्दहरूका साथ जवाफ दिइन्।

**लूका ११:२७–२८**

एउटी महिलाले परम्परागत गुरुले दिने आशीर्वाद बोलिन्, "धन्य त्यो नारी जसले तपाईंलाई गर्भधारण गरिन्, र आफ्नै दुध खुवाइन्।" साँचो "धन्यकी" त्यो हो जसले परमेश्वरको वचन सुन्छ र पालन गर्छ भनेर येशूले यो विश्वासलाई सच्याउनुभयो। आफ्ना छोराछोरीको हेरचाह गर्ने स्त्रीहरू मात्र धन्यकी होइनन्, जो कोहीले पनि धन्यकी हुन सक्छन्!

**चार प्रमुख जीवन घटनाहरूको केन्द्रमा रहेका ती कुराहरूलाई माथि ल्याएर येशूले महिलाहरूप्रति सम्मान प्रकट गर्नुभयो।**

**येशूको जन्म** –मरियमले गर्भधारण गरिन्, जन्म दिइन् र दुध खुवाइन्।
**दफनको लागि येशूको अभिषेक** –एउटी स्त्रीले मूल्यवान अत्तरले उहाँको शरीरलाई अभिषेक गरिन्। तिनलाई सधैं सम्भिनेछन्।
**येशूको मृत्यु** –उहाँको मृत्युको समयमा महिलाहरू विश्वासयोग्यपूर्वक नजिकै रहेर हेर्दै शोक गरे।
**येशूको पुनरूत्थान** –महिलाहरू येशूको मृत शरीरलाई सम्मान गर्न त्यहाँ आए। येशूले मरियम मग्दलिनीलाई पुनरुत्थानको सन्देश दिनुभयो!

## निष्कर्ष

येशूले स्त्रीहरूको श्रेष्ठता पुरुषहरूको भन्दा माथि देखाउनुभएन। बरू, उनले स्त्रीहरूलाई पुरूषको साथमा उनीहरूको उचित स्थानमा पुनर्स्थापित गर्नुभयो। येशूले परमेश्वरको चरित्रमा निर्मित नयाँ राज्यको नैतिकता प्रकट गर्नुभयो। येशूले आफ्नो मृत्यु/पुनरूत्थानद्वारा पुनर्स्थापित, उद्धार गरिएको परिवारको सम्भावना ल्याउनुभयो।

### ४ महत्वपूर्ण प्रश्नहरू

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

## किन येशूले १२ पुरुष र ० स्त्री छान्नुभयो?

**एउटा प्रतीक पूरा गर्न!** जुन कारणले येशूले 'पुरूषहरू' लाई छान्नुभयो, र त्यही कारणले उहाँले 'यहूदीहरू' लाई रोज्नुभयो र 'बाह्र' संख्या पनि, अर्थात नयाँ इस्राएललाई प्रतिनिधित्व गर्न! यो 'नमूना' पूरा गर्न उहाँले दासहरू, वा महिलाहरू, वा अन्यजातिहरू *लिन सक्नुभएन*। अन्य कुनै पनि पनि व्यवस्थाले उहाँका श्रोताहरूलाई उस्तै अर्थ दिनेछैन। त्यसकारण, येशूले जानाजानी १२ यहूदी पुरूषलाई चमत्कारले भरिएको, ईश्वरीय उपचारको उजाडस्थान यात्रा, डाँडाको शिक्षा, र शैतानी शक्तिहरूमाथि विजयको नेतृत्व गर्न चयन गर्नुभयो। पहिलेका पुस्ताहरू, परमेश्वर आफैंले इस्राएलका १२ कुलहरूलाई ४० वर्षको चिन्ह र आश्चार्यकर्महरू मार्फत डोऱ्याउनुभएको थियो। आफ्नो छनौटद्वारा, येशूले नयाँ इजरायललाई संकेत गर्नुभयो, र उहाँको आफ्नो रगतमा भएको नयाँ करार स्थापनागरी, नयाँ आज्ञाहरू प्रदान गरी उहाँले प्रतीकात्मक रूपमा आफ्नो इश्वरत्व प्रकट गर्नुभयो, आफूलाई नयाँ इजरायलको अगुवाको रूपमा स्थापित गर्नुभयो।

**मुख्य शब्द**

**"बाह्र"**

कूल वा चेलाहरूलाई देखाउँछ... वा येशूलाई?

**आत्माले भरिएको सेवकहरू कसैमाथि हावी हुने अगुवा हुदैन्।**

१२ पुरूष चेलाहरू भएकोले आज स्त्रीहरूलाई परमेश्वरको वरदानहरूमा आधारित येशूको सेवा गर्न निषेध गर्नु हुँदैन! येशूले बाह्र जनालाई कहिल्यै 'पास्टर' वा 'अगुवा' भनेनन्। उहाँले तिनीहरूलाई मित्र र सेवकहरू भन्नुभयो, र अख्तियारको लागि तिनीहरूको संघर्षमा अन्यजाति जस्तै भएकोमा उहाँले तिनीहरूलाई हप्काउनुभयो (मर्कूस १०:४२-४५)। ती बाह्र जना प्रेरितहरू भनेर चिनिन्थ्यो, तर पावल, सिलास, बर्नाबास, एन्ड्रोनिकस र युनिकस (रोमी १६:७)। एक पृष्ठ हेर्नुहोस्, के तपाईं मलाई एक महिला नेतृत्वको राम्रो बाइबल उदाहरण देखाउन सक्नुहुन्छ? तर येशूको पुनरूत्थान भएको ५० दिनपछि एउटा महत्वपूर्ण घटना भयो। इतिहास परिवर्तन गर्नको लागि केही भयो, सदाको लागि परमेश्वरले मानिसहरूसँगको सम्बन्धित बाटो परिवर्तन गर्नको लागि! त्यो के थियो?

पेन्तिकोसको दिन, प्रेरित पत्रुसले अगमवक्ता योएललाई उद्धृत गरे जब उनले प्रेरित २:१७-१८मा भने,

१७ "आखिरी दिनहरूमा यस्तो हुनेछ भनी परमेश्वर भन्नुहुन्छ, म सबै मानिसहरूमाथि मेरा आत्मा खन्याइदिनेछु, र तिमीहरूका छोराहरू, तिमीहरूका छोरीहरूले अगमवाणी बोल्नेछन्, र तिमीहरूका युवकहरूले दर्शन देख्नेछन्, र तिमीहरूका बूढापाकाहरू स्वप्नदर्शी हुनेछन्। १८ हो, म आफ्ना दास-दासीहरूमाथि ती दिनमा मेरा आत्मा खन्याइदिनेछु, र तिनीहरूले अगमवाणी बोल्नेछन्।

जब पवित्र आत्माले विश्वासीहरूमा बास गर्नुभयो, त्यहाँ 'बाह्र' संख्याको प्रतिकलाई निरन्तरता दिन आवश्यक थिएन। पेन्तिकोस भन्दा अघि एघार संख्यामा यहूदाको सट्टामा अर्को चेला थपियो। तर पछि, तिनीहरूले याकूब (प्रेरित १२:१-२) वा अरूलाई तिनीहरूको मृत्यु पछि प्रतिस्थापित गरेनन्। एउटा नयाँ अध्याय सुरू भयो, र प्रारम्भिक चर्चको 'बाह्र, यहूदी, पुरूष' चेलाहरू भन्दा ठूलो दर्शन थियो!

**सबै जातिका चेलाहरू, सबै विश्वासीहरूको पुजारी**

सुरूमा, येशू यहूदी जाति कहाँ आउनुभयो र सबै चेलाहरू यहूदी थिए। तर महान आज्ञा र पेन्तिकोसले यो सबै परिवर्तन गऱ्यो! चेलाहरू अब सबै देशका जातिहरूबाट छन्, सबै जातिहरूलाई पवित्र आत्माले मण्डलीमा शक्ति दिनुहुन्छ। पहिले, पुजारीगिरी लेवीका पुरुषहरूमा सीमित थियो, अब ख्रीष्टमा, सबै विश्वासीहरू पुजारी हुन्। (१ पत्रुस २:४-५)

**'बाह्र' संख्याको प्रतिक पूरा भयो। अब सबै देशका जातिहरूलाई चेला बनाऔं, किनकि हामी 'पुजारीहरूको राज्य र पवित्र जाति' हौं!**

## निष्कर्ष

येशूले एउटा प्रतीक पूरा गर्न १२ यहूदी पुरूषहरू छान्नुभयो ...जसले नयाँ इस्राएललाई र येशूलाई एक अगुवा(परमेश्वर)को रूपमा इशारा गर्दछ ! अब, यो पेन्तिकोस पछिको नयाँ दिन हो। अब पवित्र आत्मा सबै विश्वासीहरूमा बास गर्नुहुन्छ। अब कोही पनि येशूको सेवा गर्न अयोग्य नठहरियोस्-चाहे दास होस् वा फुक्का, यहूदी वा अन्यजाति, पुरूष वा स्त्री।

**४ महत्वपूर्ण प्रश्नहरू**

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

## आदर्श विवाह खोज्न येशूले कता तिर औंल्याउनुभयो?

मुख्य शब्द

**संकेत बिन्दु**

येशूले 'आदि'का कुरालाई संकेत गर्नुभयो।

**'आदि' तिर!** तपाईंले हिब्रू बाइबलमा विवाहको राम्रो उदाहरण कहाँ पाउनुहुन्छ? अब्राहाम र सारा, याकूब र लेआ/राहेल/बिल्हा/जिल्पा, दाऊद र बतशेबा, सोलोमन र उनको ७०० पत्नी? आदर्श विवाह पत्ता लगाउन हामीले धर्मशास्त्रमा कहाँ हेर्नुपर्छ? जब येशूलाई फरिसीहरूले मोशाले सम्बन्धविच्छेदको अनुमति दिनुभएको बारेमा प्रश्न गरे, येशूले कडा अडान लिनुभयो। मत्ती १९:४–८ ले भन्छः

*"के तिमीहरूले पढेका छैनौ, कि सृष्टिकर्ताले तिनीहरूलाई सुरूमा नै नर र नारी बनाउनुभयो, र भन्नुभयो, यसैकारण मानिसले आफ्नो पत्नीसँग मिलिरन्छ, र ती दुई जना एउटै शरीर हुनेछन्। ती अब दुई होइनन्, तर एउटै शरीर हुन्छन्। यसकारण परमेश्वरले जसलाई एकसाथ जोड्नुभएको छ, त्यसलाई कुनै मानिसले नछुट्ट्याओस्।"*

*येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूको हृदयको कठोरताले गर्दा नै मोशाले पत्नीलाई त्याग गर्ने अनुमति तिमीहरूलाई दिएका हुन्। तर सुरूदेखि यस्तो थिएन।*

दुई पटक, येशूले आफूले उल्लेख गर्नुभएको बुँदालाई प्रकट गर्नुभयो। त्यो 'सुरुवात' पछिका कुनै पनि कुराले पतित संस्कृति, पापमय संसारलाई प्रतिबिम्बित गर्दछ। येशूले विवाहको लागि परमेश्वरको योजनाको नमूनाको रूपमा पतन अघिको पहिलो विवाहलाई देखाउनुभयो। हामीले परमेश्वरको योजना र पहिलो पुरूष र स्त्रीलाई दिइएको आज्ञाको महत्वबारे अध्ययन र मनन गर्नुपर्छ। हामीले यो आशिषित् र बलियो गठबन्धनलाई दृढताका साथ दिमागमा राख्नुपर्छ किनभने अरु धेरै आवाजहरूले हामीलाई प्रलोभनमा पार्न बोलाइरहेको छ।

### संस्कृति चर्को स्वरमा चिच्याउछ

सायद तपाईंको संस्कृति शताब्दीयौं वा त्यो भन्दा पनि पछि सहस्त्राब्दीसम्म जान सक्छ। तपाईंको समाजमा पुरूष र स्त्रीहरूबीचको सम्बन्ध यसरी गाँसिएको हुन सक्छ कि, परमेश्वरको प्रत्यक्ष हस्तक्षेप बाहेक, तपाईंको संस्कृतिको बारेमा केही पनि परिवर्तन हुनेछैन। वा, सायद तपाईंको संस्कृतिले पुरूष र स्त्री बारे पहिले विश्वास गरेको सबै कुरालाइ संचार वा मनोरञ्जन वा 'कुलीन बुद्धिजीवीहरू'ले चुनौती दिन्छ र आक्रमण गर्दछ। हुनसक्छ, तपाईंको संस्कृति अचानक अमूल परिवर्तनबाट गुज्रिरहेको छ, पुरूषहरू पुरूष हुन् र महिलाहरू महिला हुन् भनी अस्वीकार गर्ने बिन्दुसम्म पनि। परमेश्वरको हस्तक्षेप बाहेक, तपाईंको समाजको नैतिक कपडा च्यातिरहेको देखिन्छ। चाहे तपाईं सोच्नै नसकिने ठोस जस्तो देखिने समाजबाट आउनुभएको होस्, तपाईंलाई पछाडि तान्दैगरेको वा आफ्नो ठोस जग गुमाएका संस्कृतिबाट आउनुभएको होस्, 'प्रगतिशील रुपमा' तपाईं मूर्खतामा अगाडि बढ्दै हुनुहुन्छ, केवल परमेश्वरले तपाईंलाई मार्गदर्शन गर्न सक्नुहुन्छ। "यो नै बाटो हो!"भनी जब संस्कृति कराउँछ, तब तपाईं कसको कुरा सुन्नुहुन्छ?

### येशूको शिक्षाका बुदाँहरू

परमेश्वर मोशा भन्दा ठूलो अख्तियार हुनुहुन्छ – सृष्टिकर्ताको मूल योजना पहिले आयो, यो अझै पनि सत्य छ।

परमेश्वरले मानिसलाई नर र नारी गरी सृष्टि गर्नुभयो –प्रत्येक संस्कृतिलाई परमेश्वरको स्तरहरूसँग तौलिनेछ।

परमेश्वरको योजना एकता र एकरूपताको लागि हो। –सम्बन्धविच्छेद जस्ता केही अभ्यासहरू पापका कारण अस्तित्वमा छन्, परमेश्वरको योजना होइन।

पुरूषले आफ्नो बुबा र आमालाई छोड्नु पर्छ। –महिलाले आफ्ना आमाबाबुलाई छोड्नुपर्छ भनी पाठमा भनिएको छैन।

## निष्कर्ष

येशूले जस्तै, आफ्नो आँखा परमेश्वरको मौलिक अभिप्रायमा राख्नुहोस्। पुरूष र स्त्री– सँगसँगै, काँधमा काँध, एउटै उद्देश्यमा एकताबद्ध। परमेश्वरले पुरूष र स्त्रीहरूलाई समान शक्तिको रूपमा प्रेम र नेतृत्व गरेको चाहनुहुन्छ। तिनीहरू सँगै परमेश्वरको शान्ति, शक्ति, सम्मान, सद्भाव र पवित्रता प्रदर्शन गर्नको लागि हुन्।

### ४ महत्वपूर्ण प्रश्नहरू

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

# यसको साथ दौड्नुहोस

एक पृष्ठ

## के यहूदी पुरुषहरूले उनीहरूलाई नारी नबनाएकोमा परमेश्वरलाई धन्यवाद दिन्थे ?

मुख्य शब्द

**Beraka**

**धन्यको**

**हो, तिनीहरूले दिन्थे!** हरेक दिन, यहूदी मानिसहरूले *बेराका* प्रार्थना गर्थे। *बेराका*को अर्थ 'धन्यको' हो। जसमा यी शब्दहरू थिए:

**धन्यको** हुनुहुन्छ उहाँ जसले मलाई अन्यजाति बनाउनुभएन।

**धन्यको** हुनुहुन्छ उहाँ जसले मलाई नारी बनाउनुभएन।

**धन्यको** हुनुहुन्छ उहाँ जसले मलाई अशिक्षित मानिस (वा दास) बनाउनुभएन।

–टि. बेराखोट ७.१६–१८

**सुसमाचारले संस्कृति परिवर्तन गर्छ!**

पावलले परम्परागत यहूदी प्रार्थना बुझेका थिए। हरेक दिन, उनलाई थाहा थियो कि यहूदी पुरूषहरूले तिनीहरू महिला, अन्यजाति, वा दासको रूपमा नजन्मेकोमा बिहान उठेर परमेश्वरलाई धन्यवाद दिन्थे। पावललाई येशूको सुसमाचारको वास्तविकता र खीष्टले कसरी सबै कुरा परिवर्तन गर्न सक्नुहुन्छ भन्ने कुरा पनि थाहा थियो। बेराका परम्परा र सक्रिय यहूदीहरूको प्रतिक्रियामा, पावलले गलाती ३:२६–२९ मा लेखेः

*२६ किनकि विश्वासद्वारा तिमीहरू सबै ख्रीष्ट येशूमा परमेश्वरका सन्तान हौ। २७ किनकि तिमीहरूमध्ये जतिको ख्रीष्टमा बप्तिस्मा भयो, तिमीहरू सबैले ख्रीष्टलाई धारण गरेका छौ। २८* ***अब न त यहूदी छ न ग्रीक, त कमारा छ न फुक्का, न त पुरूष न स्त्री छ, किनभने ख्रीष्ट येशूमा तिमीहरू एउटै हौ।***
*२९ यदि तिमीहरू ख्रीष्टका हौ भनेता तिमीहरू अब्राहामका सन्तान हौ, र प्रतिज्ञाबमोजिम उत्तराधिकारीहरू हौ।*

**स्थायी उत्तराधिकारीको रूपमा वर्गीकृत**

यहूदी संस्कृतिले जाति, सामाजिक स्थिति, वा लिङ्गको आधारमा मानिसहरूलाई अलग र वर्गीकरण गऱ्यो। स्पष्ट रूपमा यहूदी हुनु भनेको फुक्का हुनु, पुरूषको शीर्षता थियो। तै पनि, अन्यजातिहरू यहूदी बन्न सक्थे र दासहरूले आफ्नो स्वतन्त्रता प्राप्त गर्न सक्थे। तर महिलाहरू कहिल्यै पुरूष बन्न सकेनन् (आधुनिक चिकित्सा/प्रविधिको द्वारा पनि)। बेराकाले महिलाहरूलाई निरन्तर भेदभावको व्यवस्थामा राख्यो। तर पावलको बेराकाको भविष्यसूचक पुनरावृत्तिले देखाएको छ कि खीष्टले सबैले आशिष् पाउनको लागि ढोका खोलिदिनुभयो।

## खीष्टमा– सन्तान(छोरा)हरू, एउटै हौ, खीष्टका हौ, उत्तराधिकारीहरू!

**"छोराहरू" पूर्ण रूपमा उत्तराधिकारी!**

यस खण्डमा मुख्य शब्दहरू समावेश छन्: 'खीष्टमा–सन्तान(छोरा)हरू... एउटै हौ... खीष्टका हौ... उत्तराधिकारीहरू...खीष्ट येशूमा।' गलाती ३:२६मा ग्रीक शब्द 'सन्तान' छैन तर 'छोराहरू' (υἱοί). यो स्पष्टिकरण महत्वपूर्ण छ किनभने सांस्कृतिक सन्दर्भमा जहाँ पावलले सेवा गर्थे, छोराहरूले मात्र पूर्ण उत्तराधिकार प्राप्त गर्थे। व्यक्तिको जन्म वा जीवन परिस्थिति जस्तोसुकै भएतापनि, खीष्टमाथिको विश्वासले विश्वासीहरूलाई 'छोरा'को आशिषित् वर्गमा राख्छ भनेर पावलले सिकाए। पुत्रत्वको साथ पूर्ण उत्तराधिकारको प्रतिज्ञा पनि आउँछ।

**खीष्टमा तपाईंले कस्तो उत्तराधिकार पाउनुभयो?**

बिचार गर्नुहोस्, आत्मिक उत्तराधिकार एक खीष्टियनबाट अर्को खीष्टियनमा कसरी फरम हुन्छ? के जातियता, सामाजिक हैसियत, शिक्षा, आर्थिक स्तर वा लैगिङ्ककताले खीष्टमा हामीले पाएको कुरालाई असर गर्छ? धर्मशास्त्रले भन्छ, "गर्दैन[" हामी सबैले क्षमा, मुक्ति, पवित्र आत्मा, परमेश्वरमा पहुँच, आत्मिक वरदान, र स्वर्गीय नागरिकता प्राप्त गर्दछौं।

## निष्कर्ष

पावलले यहूदी प्रार्थनालाई अगाडि पल्टाए –बेराका अब प्रभावकारी रहेन! अब फुक्का, यहूदी पुरुषहरूमात्र धन्यका भन्ने कुराहरू रहेनन्। अब एउटा व्यक्तिको शारीरिक वा सांस्कृतिक स्थितिले चर्चमा उनीहरूको प्रवेश र पूर्ण सहभागितालाई सिमित गरेन। अब खीष्टमा, सबैजना उहाँको हुन्, सबैजना उहाँका छोराहरू हुन्, सबै उत्ताधिकारीहरू हुन् र सबै बेराका –आशिषित् वा धन्यका हुन्।

**४ महत्वपूर्ण प्रश्नहरू**

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com

# यसको साथ दौड्नुहोस

एक पृष्ठ

## के तपाईं मलाईं एउटी महिला नेतृत्वको राम्रो बाइबलीय उदाहरण देखाउन सक्नुहुन्छ?

**हो, धेरै सक्छु!** बाइबलमा हामी महिला अगुवाहरूको धेरै उदाहरणहरू पाउँछौं। यसलाई सहज बनाऔं र एउटा खण्डमा ध्यान केन्द्रित गरौं (एफिसी ४:११-१२)।

*"अनि उहाँका वरदानहरूचाहिँ यी नै थिए, कि कोही प्रेरितहरू, कोही अगमवक्ताहरू, कोही प्रचारकहरू, कोही मण्डलीका पास्टरहरू, र कोही शिक्षकहरू बनून्, कि ख्रीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्न सन्तहरू सुसज्जित होऊन।"*

मुख्य शब्द

**पञ्च दलिय सेवकाई**

एफिसी ४:११-१२

### पअपपश

**सुसज्जित पार्ने वरदानहरू- मानिसहरू जसले अरूलाई सेवकाईको लागि सुसज्जित पार्छन्।**

पावलले चर्चमा अरूलाई निर्माण गर्ने उद्देश्यले प्रभु येशूले दिनुभएको पाँचवटा सुसज्जित गर्ने कामहरूलाई श्रृंखलाबद्धरूपमा सुचीकृत गर्दछ। यी प्रतिभाशाली व्यक्तिहरूले संसारलाई प्रभाव पार्न ख्रीष्टको शरीरलाई नेतृत्व गर्ने, तालिम तथा शिक्षा दिने र तयार पार्ने काम गर्दछ। के बाइबलमा कुनै महिला सुसज्जित पार्ने कामको लागि योग्य छन् ? **धेरै छन्!**

- प -प्रेरितहरू जुनिया (रोमी १६:७) पावलले उनलाई "प्रेरितहरूमध्ये उत्कृष्ट" भनेका छन्। प्रेरितहरू मिसनरीहरूको रूपमा पठाइएका मानिसहरू हुन् (जस्तै पावल, सिलाश र बर्नाबास -ती बाह्र जना मात्र प्रेरित होइनन्)
- अ -अगमवक्ता फिलिपका छोरीहरू (प्रेरित २१:९), अन्ना (लूका २:३६), मिरियम (प्रस्थान १५:२०), योएल २:२८ पनि हेर्नुहोस्। देबोरा -न्यायकर्ता ४:४, हुल्दा (२ राजा २२:१४), यशैयाकी पत्नी (यशैया ८:३)
- प -प्रचारक मरियम मग्दलिनी, योअन्ना, याकूबकी आमा मरियम -मत्ती २८:८-१०, लूका २४:९-१०, र यूहन्न २०:१७-१८), सामरी स्त्री (यूहन्ना ४:३९)
- प -पास्टरहरु कुनै पनि पुरूष र स्त्रीहरूलाई बाइबलमा "पास्टर" भनिएको छैन, बरू तिनीहरूलाई गोठालो भनिएको छ, जसको काम चर्चको पालनपोषण गर्नु हो। पहिलो शताब्दीको चर्चमा "वरिष्ठ पास्टर"को काम थिएन। स्त्रीहरू घरेलु चर्चको अगुवा थिए: फीवी, क्लो, र निम्फा।
- श -शिक्षक प्रिस्किला (प्रेरित १८:२४)

यी असाधारण स्त्रीहरूको प्रशंसा र सिफारिस गरिएको थियो। तिनीहरूको इस्राएली जाति, येशू ख्रीष्ट, पावल, वा सुरूका चर्चद्वारा सम्झना र सम्मान गरिएको थियो। तिनीहरू इतिहासमा परमेश्वरका दासीहरूको रूपमा चिनिन्छन् (कसैको पत्नी/आमाहरूको रूपमा होइन)। उनीहरू पठाइएका अगुवाहरू थिए जसले परमेश्वरको आवाज सुने र बोले, सुसमाचार बाँडे, गोठालोपन र निर्देशन दिए।

माथिका खण्डहरूमा कुनै पनि कुराले तिनीहरूको सेवामा यी स्त्रीहरूप्रति परमेश्वर असन्तुष्ट हुनुहुन्थ्यो भनी देखाउँदैन। केही पनि देखाउँदैन!

कुनै पनि बाइबलीय आज्ञाले यी इश्वरीय स्त्रीहरूलाई चुप बस भनी निर्देशन दिँदैन। महत्वपूर्ण कुरा, परमेश्वरले तिनीहरूलाई निरूत्साहित वा निषेध गर्नुभएन।

**अन्य स्त्रीहरू जसलाई बाइबलीय विवरणमा एक अगुवाको रूपमा सिफारिस गरिएको थियो (र आज पनि)**

- हव्वा -आफ्नो पति आदमसँगै संसारभरी भरिन्दै र त्यसलाई वसमा पार्दै जानको लागि परमेश्वरद्वारा नियुक्त गरिएको थियो।(उत्पत्ति १-२)
- मरियम -उजाडस्थानमा इस्राएलीहरू माझ आराधनाको अगुवाइ गरिन्। -प्रस्थान १५:२०
- लिडिया -उनीद्वारा सुसमाचारको लागि युरोपमा ढोका खोलियो। उनको घरनाबाट नै युरोपको पहिलो चर्च स्थापना भएको थियो। -प्रेरित १६
- फीबी - उनी डिकन र प्रोस्टेटिस् थिइन, एउटा यस्तो शब्द जसले सेवक अगुवापनको उच्चतम रूपको वर्णन गर्दछ। (रोमी १६:१-२)
- महान आज्ञा पालन गर्ने स्त्री - आज प्रत्येक स्त्री जसले येशूलाई विश्वास गर्छिन मत्ती २८:१९-२० लाई पालन गर्न चाहन्छ।

अरू सेवकहरूको सेवा गर्न र सुसज्जित् पार्न उहाँको मिशनमा सामेल हुने स्त्रीहरूदेखि परमेश्वर प्रसन्न हुनुहुन्छ। पुरूष र स्त्री, काँधमा काँध मिलाएर सेवा गर्ने परमेश्वरको मौलिक योजना थियो। परमेश्वरका सेवकहरूलाई कसैले किन बदनाम गर्ने वा सीमित गर्ने? कस्तो प्रकारको व्यक्तिले परमेश्वरको फसलका खेतालाहरूलाई सीमित गर्न चाहन्छ?

### निष्कर्ष

**परमेश्वर एकरूप हुनुहुन्छ। यदि हामीले धर्मशास्त्रमा ईश्वरभक्ति स्त्रीले अगुवाइ गरेको उदाहरण फेला पार्छौं, र परमेश्वरले तिनीहरूलाई प्रमाणित गर्नुहुन्छ भने, परमेश्वरले ईश्वरभक्ति स्त्रीहरूको अगुवापनलाई स्वीकृत गर्नुहुन्छ।**

### ४ महत्वपूर्ण प्रश्नहरू

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

## के पवित्र आत्माले लैगिङ्गकताको आधारमा वरदान दिनुहुन्छ?

मुख्य शब्द


**χάρισ**

*करिश* = अनुग्रह; करिश्माता*(Charismata)* =अनुग्रही वरदान

**होइन!** सांसारिक बिचारधारा भएका मानिसहरूले व्यक्तिको बाहिरी रूप वा बौद्धिक्ता हेरेर नेतृत्व खोज्ने गर्दछ। तर परमेश्वरले मानिसको बाहिरी छाला र दिमाग भन्दा भित्री कुरा हेर्नुहुन्छ। मानिसहरूले व्यक्तिको उमेर वा बल, लोकप्रियता, शक्ति वा बैंक खातालाई बिचार गर्न सक्छन्। तथापि, प्रभुले मानिसको चरित्र जान्नुहुन्छ।

१ शमूएल १६:७ पदले भन्दछः

तर परमप्रभुले शमूएललाई भन्नुभयो, "त्यो सुन्दर र अल्गो भए तापनि त्यसको ख्याल नगर्। मैले त्यसलाई इन्कार गरेको छु। **परमप्रभुले मानिसले भैं हेर्नुहुन्न**। मानिस रूप हेरेर विचार गर्छ, **तर परमप्रभुले हृदयभित्र हेरेर बिचार गर्नुहुन्छ।**



**पवित्र आत्मा परमेश्वर हुनुहुन्छ। उहाँले चुन्नुहुन्छ। उहाँले वरदान दिनुहुन्छ।**

आत्मिक वरदान कसले प्रदान गर्नुहुन्छ भन्ने कुरामा भ्रममा नपर्नुहोस्! आत्मिक वरदान भएको व्यक्तिलाई परमेश्वरबाट त्यो वरदान प्राप्त हुन्छ। चर्च निर्माण गर्न र आफ्नो विश्वव्यापी मिशन पूरा गर्नको लागि कुन विश्वासीले कुन वरदान प्राप्त गर्ने भन्ने परमेश्वरले नै निधो गर्नुहुन्छ। परमेश्वरले जसलाई उपयुक्त देख्नुहुन्छ, उसलाई वरदान दिनुहुन्छ।

**आत्मिक वरदानहरूको सूचीः कार्यहरू र मानिसहरू**

नयाँ नियमले आत्मिक वरदानहरूको केही सूचीहरू प्रदान गर्दछ। रोमी १२ अध्यायले सात वरदानहरू सूचीबद्ध गर्दछ। १ कोरिन्थी १२ अध्यायले एघार वरदानहरूको सूची दिएको छ, र १ पत्रुस ४ अध्यायले दुई वरदानहरू उल्लेख गर्दछ। यी सूचीहरूमा पवित्र आत्माद्वारा शक्ति दिएको विशेष कामहरू समावेश छन्, प्राकृतिक मानव क्षमता मात्र होइन। आत्मिक रूपमा सशक्त कार्यहरूका अतिरिक्त, एफिसी ४:११ मा अर्को सूचीमा चर्चलाई वरदानको रूप दिइएका *मानिसहरू* समावेश छन्। कोही कोहीले यस सूचीलाई 'वरदान' को सट्टा 'कार्यालय' मान्छन्, पाठले भन्छ, "अनि उहाँका वरदानहरूचाहिँ यी नै थिए, कि कोही प्ररितहरू...बनून्।" एफिसी ४ मा उल्लेखित सूचीले यो प्रकट गर्दछ कि यी वरदान पाएका मानिसहरूको काम सम्पूर्ण चर्चलाई सुसज्जित पार्नु हो। प्रेरितहरू, अगमवक्ताहरू, प्रचारकहरू, पास्टरहरू र शिक्षकहरूलाई ख्रीष्टको शरीरलाई सुसज्जित गर्ने जिम्मेवारी दिइएको छ। एक पृष्ठ हेर्नुहोस्, के तपाईं मलाईं एउटी महिला नेतृत्वको राम्रो बाइबलीय उदाहरण देखाउन सक्नुहुन्छ? चाहे आत्मिक कार्यको लागि वरदान दिइएको होस् वा चर्चलाई आत्मिकरूपमा सुसज्जित् गर्नको लागि, यो सबै कुरा पवित्र आत्माले निर्धारण गर्नुहुन्छ!

**करिश्माता*(Charismata)* =परमेश्वरको अनुग्रही वरदान**

परमेश्वरको अनुग्रह (ग्रीक शब्द करिश् *(Charis)* उहाँको उदारताबाट उत्पन्न भइ बगिनिस्कन्छ। परमेश्वरले उहाँको कृपा, उहाँको आशिष् र उहाँको सशक्त उपस्थितिको साथ उहाँको चर्चलाई अनुग्रहपूर्वक वरदान दिनुहुन्छ। स्त्री र पुरूष दुवैले परमेश्वरको अनुग्रह प्राप्त गर्छन्, हाम्रो जैविकताको आधारमा होइन। हामी सबैले ख्रीष्टको शरीरको निर्माण र परिपक्कताको लागि आत्मिक वरदानहरू (अनुग्रह) प्राप्त गर्दछौं।

## बाइबलले न कुनै "पुरूष आत्मिक वरदानको सूची" न त "स्त्री आत्मिक वरदानको सूची" बारे बताउँछ।

### निष्कर्ष

किनभने परमेश्वरले हृदय हेर्नुहुन्छ। सबै विश्वासीहरूले ख्रीष्टको शरीरको लाभ र निर्माणको लागि तिनीहरुले परमेश्वरबाट प्राप्त आत्मिक वरदानहरू प्रयोग गर्नुपर्छ। परमेश्वरका छोरीहरू र छोराहरूलाई तिनीहरूले पाएका वरदानहरू प्रयोग गर्नबाट रोकेर, निरुत्साही बनाएर वा इन्कार गरेर पवित्र आत्मालाई अपमान नगरौं। हामीले मानिसको हृदय बिचार गरौं।

### ४ महत्वपूर्ण प्रश्नहरू

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com

## यसको साथ दौड्नुहोस

एक पृष्ठ

# बृद्धिभएको परिवार

तपाईं *आशिष्* हुन *आशिषित्* हुनुहुन्छ!

हामी जो उद्धार पाएकाहरू अब आफ्नो लागि मात्र होइन्, तर जो मर्नुभयो र पुनरूत्थान हुनुभयो उहाँको लागि जिउछौं। सबै देशका जातिहरूको लागि परमेश्वरको हृदय, उत्पत्ति १ देखि प्रकाशको पुस्तकभरी पाउछौं, जसले येशूका चेलाहरूलाई 'चेला बन्न' मात्र होइन तर 'चेला बनाउन' र 'पृथ्वीभरी भरिन्दै' जान बाध्य गराउँछ। परमेश्वरको मिशनले उहाँका चेलाहरूलाई पापी/लाजमर्दो संस्कृति भन्दा बरू परमेश्वरको पवित्र चरित्र प्रतिबिम्बित गर्न प्रेरित गर्दछ। परमेश्वरको मिशनलाई इश्वरीय पुरूष र स्त्रीहरूले तिनीहरूले प्राप्त गरेका वरदानहरू प्रयोग गर्दै कम समयमा धेरै काम गर्न जरूरी छ। हामी वृद्धि हुने परिवार... परमेश्वरको अभिप्रायतर्फ फर्कन्दै...।

www.servingshouldertoshoulder.com

## के पुरुष स्त्रीको 'शीर' होइन र?

**हो, तर शायद तपाईंले सोचे जस्तो होइन की!** 'शीर' (केफाले) शब्दलाई पवलको पहिलो शताब्दीका श्रोताहरूले कसरी बुझे भनेर हेर्न ग्रीक सन्दर्भलाई खोदाल्न जरूरी छ।

१ कोरिन्थी ११ अध्ययको ३ पदलाई हरौं।

तर तिमीहरूले यो बुझ भन्ने म चाहन्छु, कि हरेक मानिसको *शिर* ख्रीष्ट हुनुहुन्छ, स्त्रीको *शिर* पति हो अनि ख्रीष्टको *शिर* परमेश्वर हुनुहुन्छ।

**मुख्य शब्द**

**κεφαλη**

केफाले = *head*

**सन्दर्भले फरक पार्दछ!**

पावल २१औं शताब्दीको अमेरिका, चीन अथवा जिम्बाब्वेका मानिसहरूसँग बोलिरहेका थिएनन्। हामीले पहिलो शताब्दीका ग्रीक–भाषीहरूले पावलको शब्द चयनको बारेमा कसरी सोचेका थिए भनेर बुझ्न आवश्यक छ। पावलले तीन पटकसम्म प्रयोग गरेका केफाले शब्दलाई *तिनीहरूले* कसरी बुझे ? येशू ख्रीष्ट पक्कै पनि राजाहरूका राजा र प्रभूहरूका प्रभू हुनुहुन्छ। हामीले येशूको अख्तियारमा शंका गर्दैनौं ! तर के ग्रीक शब्द केफालेको अर्थ कोरिन्थीको चर्चको सम्दर्भमा 'मालिक, अगुवा, अधिकारी' वा अरू केही हो ?

## केफाले = शीर

**केफाले... के यसको अर्थ यस खण्डमा 'शारीरिक शिर', 'मालिक', अथवा 'स्रोत' हो ?**

केफाले (Kephale)को सबैभन्दा सामान्य प्रयोग शाब्दिक रूपमा 'शारीरिक शिर' कै रूपमा भएको थियो। उदाहरणको लागि, यीशुले आफ्नो केफालेमा काढाको मुकुट लगाउनुभयो। तर लाक्षणिक परिभाषाहरूको साथ हेर्ने हो भने, वैकल्पिक शब्दहरू प्रशस्त हुन्छन्!* केफाले शब्दलाई लाक्षणिक रूपमा, 'मालिक, अख्तियार वा उच्च' भन्ने अनुमान लगायौं भने के हुन्छ। जब हामीले केफालेको लागि 'अधिकारी' शब्दले प्रतिस्थापन गर्छौं भने, १ कोरिन्थी ११:३ पदलाई यसरी पढ्छौं:

तर तिमीहरूले यो बुझ भन्ने म चाहन्छु, कि हरेक मानिसको *अधिकारी* ख्रीष्ट हुनुहुन्छ,

स्त्रीको *अधिकारी* पति हो अनि ख्रीष्टको *अधिकारी* परमेश्वर हुनुहुन्छ।

१. के ख्रीष्टले अहिले हरेक मानिसमा शासन गर्नुहुन्छ? (अहिले सबै पुरूषहरूले येशूलाई प्रभुको रूपमा अनुसरण गर्छन्? २. के प्रत्येक पुरूष प्रत्येक महिलाको अधिकारी हो (विवाहमा? चर्चमा? कुन उमेरमा छोराहरूले आमामाथि शासन गर्न सुरू गर्छन्? ३. के परमेश्वर अनन्तकालको लागि ख्रीष्टको अधिकारी हुनुहुन्छ? के त्रीएकत्वलाई फरक अधिकारको पदानुक्रममा स्थान दिइएको छ? (होशियार! यो बुझाइले चौथो शताब्दीमा पाखण्डको रूपमा शासन गरिएको थियो?) लाक्षणिक परिभाषाको रूपमा 'अधिकारी' शब्दले केही स्पष्ट कठिनाइहरू खडा गर्दछ।

यद्यपि, अर्को लाक्षणिक परिभाषाले फरक बुझाइ दिन्छ जुन समग्र सन्दर्भमा धेरै राम्रोसँग मिल्छ। जब हामीले शिर/केफालेको लागि 'जहाँबाट केही आउँछ/बगिनिस्कन्छ वा स्रोत' शब्दले प्रतिस्थापन गर्छौं तब पद यस्तो हन्छ:

तर तिमीहरूले यो बुझ भन्ने म चाहन्छु, कि हरेक मानिसको *स्रोत* ख्रीष्ट हुनुहुन्छ,

स्त्रीको *स्रोत* पति हो अनि ख्रीष्टको *स्रोत* परमेश्वर हुनुहुन्छ।

### कालक्रमानुसार श्रेणीबद्ध गरेको हो, अधिकारको आधारमा हो

| | | |
|---|---|---|
| ख्रीष्ट | मानिसको | स्रोत हुनुहुन्छ। |
| पुरुष | स्त्रीको | स्रोत हो। |
| परमेश्वर | ख्रीष्टको | स्रोत हुनुहुन्छ। |

**निष्कर्ष**

के 'स्रोत' तार्किक रूपमा बहन्छ? हो, बहन्छ। के यसले धर्मशास्त्रीय रूपमा अर्थ राख्छ? हो, राख्छ। के यो पहिलो शताब्दीको ग्रीक सन्दर्भसँग मिल्छ? एकदमै मिल्छ। पावलका श्रोताहरूलाई थाहा थियो कि पुरुषलाई कालक्रमानुसार पहिले सृष्टि गरिएको थियो, त्यसपछि स्त्री पुरुषबाट उत्पन्न भयो, र अन्तमा ख्रीष्ट परमेश्वरबाट आउनुभयो (यूहन्ना ६:४१–४२)। त्यसकारण, कोही पनि स्वतन्त्र छैन, र सबै कुरा परमेश्वरबाट आउँछ (१कोरिन्थी ११:११–१२)!

केफाले (Kephale) को विरलै अर्थ 'अधिकारी' हो, तर 'स्रोत' ले सही अर्थ दिन्छ। कुनै पनि पुरातन शब्दकोशले केफालेको सम्भावित परिभाषाको रूपमा 'मालिक/उच्च' प्रस्ताव गरेको छैन।

**शब्दकोशहरू**

लिडेल, स्कट, जोन्स द्वारा १८४३ र १९६७ को ग्रीक–अंग्रेजी लेक्सिकनले ४८ लाक्षणिक परिभाषाहरू सूचीबद्ध गरेको थियो, 'उच्च दर्जा' शून्य पटक थियो। स्विलर को इश्वरशास्त्रीय शब्दकोषमा २७ वटा विकल्पहरू दिएका छन्, र कुनै पनिले 'अधिकारी' शब्दको बिचार व्यक्त गरेको छैन। अन्तमा, १९७६मा बाउरको ग्रीक अंग्रेजी लेक्सिकनले केफाले शब्दको दोस्रो परिभाषाको रूपमा 'उच्च दर्जा' लाई सूचीबद्ध गऱ्यो। बाउरले उदाहरण दिनको लागि दुई समर्थन गर्ने ग्रीक उदाहरणहरू प्रयोग गरे, तर पहिलो शताब्दीको प्रयोगको लागि 'उच्च दर्जा' लाई संकेत गरेन।

**४ महत्वपूर्ण प्रश्नहरू**

- ⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?
- ⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?
- ⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?
- ⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com

## के एरिस्टोटलले महिलाहरू त्रृटिपूर्ण छन् भनेका थिए?

**हो, उनले भनेका थिए।** एरिस्टोटलले पुरूषहरू उच्च र महिलाहरू निम्न छन् भनेर विश्वास गर्थे। चेतावनी! यो अर्को तथ्यले तपाईंलाई छक्क पार्न सक्छ। एरिस्टोटलले आफ्नो विश्वासको आधारमा पुरूषहरू पूर्ण/प्राथमिक छन् किनभने तिनीहरूले वीर्य उत्पादन गर्न सक्छन्, जबकि स्त्रीले सक्दैनन्। यो क्षमता/क्षमताको कमिले गर्दा एरिस्टोटलले पुरूषहरूलाई श्रेष्ठ र महिलाहरूलाई “त्रृटिपूर्ण पुरूष” मान्थे। उनका धेरै, प्रभावशाली खण्डहरूमा उनले भने:


**मुख्य शब्द**

***κεφαλη***

केफाले = *head*

“महिला एक विकृत पुरूष जस्तै छ।”

“एउटा पुरूष शरीरमा एउटी महिलासँग मिल्दोजुल्दो छ, र एक महिला एक बाँझो पुरूष हो... उनको प्रकृतिको चिसोपनको कारण... उनमा वीर्य निर्माण गर्ने शक्तिको अभाव छ।”*




**एरिस्टोटलको ‘वैज्ञानिक बिचार’**

लगभग ३५० ई.पू. तिर दार्शनिक एरिस्टोटलले धेरै वैज्ञानिक पुस्तकहरू लेखे। उनले लेखेको एउटा पुस्तक ‘जनावरहरूको पुस्ता’ भन्ने थियो। यसमा, उनले जनावरहरूले कसरी पुर्नात्पादन गर्छन्, विशेषगरी मानवलाई भनेर वर्णन गरेका छन्। मानिसको शारीरिक शिरका आँखा, कान, नाक र मुखमा विभिन्न प्रकारका तरल पदार्थहरू पाइन्छ भन्ने अवलोकन उनले गरे। उनले पुरूषको शारीरिक शिरमा पनि वीर्य भनिने तरल पदार्थ उत्पन्न हुन्छ, जसमा ‘साना, पूर्णरूपमा बनेका मानिसहरू’ हुन्छन् भन्ने कारण दिए। उनले वीर्य शिरबाट मेरूदण्डको स्तम्भ हुँदै पुरूषको शरीरबाट, महिलाको शरीरभित्र तिर जान्छ भनी साच्थे।

!पुरूषले शुक्रकीट उत्पादन गर्न सके र महिलाले सकेनन् –त्यसैले, महिलाहरू कमजोर, त्रृटिपूर्ण, विकृत थिए। जब पुरूषले जीवनको बीउ उत्पन्न गरे, स्त्रीहरू केवल माटो थिए जसले बीउ ग्रहन गरे। एरिस्टोटलले महिलाहरूले बच्चालाई जीवनलाई विकास हुनको लागि ठाउँ दिने बाहेक अरू केही दिँदैनन्।

## केफाले=शिर=जीवनको स्रोत

एरिस्टोटलले के साच्थे भनेर कसले वास्ता गर्छ? एरिस्टोटलले शताब्दीयौंसम्म परिश्चमी सभ्यतालाई प्रभाव पारे! उनले पुरूष श्रेष्ठता र महिला हीनतालाई बढावा दिए। उनले मानिसको शिरमा नै जीवनको सुरूवात हुन्छ भनेर सकाए। प्रेरित पावलले यस्तै दृष्टिकोण भएका ग्रीक श्रोताहरूलाई पत्र लेखेका थिए। जब पावलले केफाले (शिर) शब्द प्रयोग गरे, उनलाई थाहा थियो कि आफ्ना श्रोताहरूले त्यसलाई “जीवनको उत्पत्ति भएको ठाउँ” वा “जीवन र पोषणको स्रोत” वा “जहाँबाट केही आउँछ” वा “सुरूवात बिन्दु” भनेर सोच्नेछन्। (के पुरूष स्त्रीको ‘शिर’ होइन र? एक पृष्ठे हेर्नुहोस्।) सन्दर्भले फरक पार्छ। कलस्सी २:१९ मा पावलले केफालेसँग असम्बन्धित हुदाँको प्रभाव बारे व्याख्या गरेका छन्... वृद्धि गुमाएको (दर्शन, नेतृत्व वा निर्देशन गुमाएको होइन)। “यस्ताहरुले ख्रीष्ट, अर्थात शिरलाई समातिराख्दैनन्, जसबाट पोषण पाई जोर्नी र ग्रन्थिहरूद्वारा एकसाथ गाँसिएर सारा शरीर परमेश्वरले दिनुभएको वृद्धिअनुसार बढ्दैजान्छ।” पावलका श्रोताहरूले केफालेको अर्थ “विभागको हाकिम” वा “अधिकारी” वा “नेता” भनेर सोचेका थिएनन्। यदि पावलले अख्तियारको कुरा गर्न चाहन्थे भने, तिनले अख्तियारको लागि सामान्य ग्रीक शब्द –एक्सोसियो छनोट गर्ने थिए होला।

### निष्कर्ष

एरिस्टोटलले आकार दिएको संस्कृति। जब पावलले केफाले (शिर) शब्द प्रयोग गरे, उनको पहिलो शताब्दीको ग्रीक श्रोताहरुले एरिस्टोटलको दृष्टिकोण साझा गर्ने र शरीरको चित्रण बारे सोच्ने सम्भावना थियो। फेरि, केफाले शब्दले ‘अधिकारी’को अर्थ विरलै दिन्छ। तर ‘जीवनको उत्पत्ति, वृद्धि र पोषण’ले सही अर्थ दिन्छ।

*** एरिस्टोटल स्रोतहरू**

जनावरहरूको पुस्ता 2.3 (737a) र 1.20 (728a)

**४ महत्वपूर्ण प्रश्नहरू**

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

## के शिर (हिब्रू शब्द 'रोश' '*Rosh*' लाई ग्रीक 'केफाले' मा अनुवाद गर्दछ?

**हो, गर्दछ! ...तर कहिलेकाँही!** यो 'यसको साथ दौड्नुहोस्' पाठ्यक्रम धेरै प्राविधिक छ, तर हरेस नखानुहोस्! एउटा गाडधन भित्र गाडिएको छ! सेप्टुअजिन्ट (LXX ÷Septuagint) पुरानो नियम हिब्रूको ग्रीकमा गरिएको पहिलो अनुवाद हो . LXX ÷Septuagint को लागि ल्याटिन अकं 70 हो, र यसले ७० वा ७२ विद्वानहरूलाई प्रतिनिधित्व गर्दछ जसले दोस्रो शताब्दी ई.पू.मा काम पूरा गरे। LXX ले हामीलाई पहिलो शताब्दी ईस्वीमा धेरै ग्रीक शब्दहरुको अर्थ र प्रयोगको झलक दिन्छ। उदाहरणको लागि, 'शिर' र हिब्रू 'रोश' र ग्रीक 'केफाले'लाई विचार गरौं।

> **मुख्य शब्द**
>
> ***Septuagint***
>
> *LXX* = पुरानो नियम ग्रीकमा अनुवाद

### ראש Rosh Hashanah'रोश हस्हनह' = वर्षको प्रमुख = नयाँ वर्ष

**LXX Septuagint ले हिब्रू रोशलाई ग्रीक केफालेमा कति पटक अनुवाद गर्यो?**

**पुरानो नियमको पाठले कुल ४१९ पटक *रोश* शब्द प्रयोग गरेको छ। यिनीहरूलाई दुई फरक वर्गमा विभाजन गर्न सकिन्छ।**

- **शारीकि शिर** –पुरानो नियम हिब्रू शब्द *रोश*ले शारीरिक शिरलाई उल्लेख गर्दा सेप्टुअजिन्ट (LXX\Septuagint) ले २३९ पटक मध्ये २२६ *केफाले* शब्द रोज्यो।
- **लाक्षणिक शिर** – *रोश* शब्दलाई पनि सेप्टुअजिन्ट (LXX\Septuagint) अनुवादकहरू द्वारा १८० पटक लाक्षणिक रूपमा अनुवाद गरिएको थियो। हामीले *रोश* शब्दलाई लाक्षणिक रूपमा प्रयोग गर्दा सेप्टुअजिन्ट (LXX\Septuagist) अनुवादकहरूल् प्रयोग गरेको शब्दको जाँच गर्नुपर्छ। के ग्रीक अनुवादकहरूले शासक वा नेता शब्दलाई लाक्षणिक रूपमा *केफाले* प्रयोग गरे वा तिनीहरूले अर्को शब्द रोजे?

### लाक्षणिक रोश = केफाले शब्द केवल ५ प्रतिशत कुल संख्यामा (१८० पटकमा ८ पटक मात्र)

**१८० पटक प्रयोग भएको *रोश* शब्दको विश्लेषणलाई ग्रीकमा लाक्षणिक रूपमा अनुवाद गरिएको थियो।**

| ⇒ रोश को अर्थ | सेप्टुअजिन्ट (LXX\Septuagint)को अनुवाद.. | कति पटक |
|---|---|---|
| ⇒ शासक, सेनापति, नेता | *archon* अर्चोन | १०९ |
| ⇒ कप्तान, नेता, प्रमुख, राजकुमार | *archegos* आर्कगोस | १० |
| ⇒ अख्तियार, मजिस्ट्रेट, अधिकारी | *arche* आर्क | ०९ |
| ⇒ नेता हु, शासन गर्न, प्रभुत्व प्राप्त गर्न | *hegeomai* हेजियोमाई | ०९ |
| ⇒ पहिलो, प्रमुख | *protos* प्रोटेस | ०६ |
| ⇒ जातिको पिता वा प्रमुख, कुलपति | *patriarches* प्येट्रियाक | ०३ |
| ⇒ सेनापती | *chiliarches* चिल्लियारचिस् | ०३ |
| ⇒ एक जनजाति प्रमुख | *archephules* आर्किफुल्स | ०२ |
| ⇒ एक परिवारको प्रमुख | *archipatriotes* आर्किपेट्रियोट्स | ०१ |
| ⇒ क्रियाः शासक, शासक हुनु | *archo* अर्चो | ०१ |
| ⇒ महान, शक्तिशाली, महत्वपूर्ण | *megas, megale, mega* मेगा,मेगाले,मेगा | ०१ |
| ⇒ नेतृत्व लिनु, पहिले जानु, मार्गको नेतृत्वगर्नु | *proegeomai* प्रोजियोमाइ | ०१ |
| ⇒ जेठा, पहिलो श्रेणीको | *prototokos* प्रोटोटेकोस | ०१ |
| ⇒ ??रोश?? | अनुवाद गरिएको छैन | ०६ |
| ⇒ संस्करण पढाइसँगको पाण्डुलिपि | केफाले | ०६ |
| ⇒ नेता, शीर्ष, प्रमुख | केफाले | ०८ |

> **LXX लाक्षणिक रोश *ROSH* सारंश**
>
> - LXX ले पुरानो करारका रोश शब्दले नेता वा प्रमुखलाई उल्लेख गर्दा १४ फरक शब्दहरू प्रयोग गरे।
> - LXX ले १८० पटक आर्कोन *archon* शब्द रोज्यो (६१%)
> - LXX ले १८० पटक मध्ये १८ पटक केफाले शब्द रोज्यो
>
> ⇒ ६ प्रयोगहरू एकल संस्करण पाठबाट आउँछन्।
>
> ⇒ ४ प्रयोगले 'शिर-पुच्छर' रुपक सुरक्षित गर्दछ।
>
> ⇒ १८० मध्ये बाँकी ८ (५%)मा निम्न समावेश छन् २ शमूएल २२:४४, भजन १८:४३, यशैया ७:८-९, यर्मिया ३१:७, विलाप १:५

**निष्कर्ष**

**हो!** रोश=शारीरिक शिर=केफाले। तर ग्रीक अनुवादकहरू जसले, 'अधिकार भएको नेता (अगुवा)' लाई संकेत गर्न खोजेका थिए, कहिलेकाही मात्र तिनीहरूले केफालेलाई सबैभन्दा उपयुक्त ग्रीक शब्दको रूपमा प्रयोग गरे। 'नेतृत्व' र 'आदेश' शब्दलाई जनाउने वैकल्पिक शब्दहरू अचम्मको ग्रीक भाषामा धेरै थिए। (के पुरुष स्त्रीको 'शिर' होइन र? एक पृष्ठ हेर्नुहोस्।)

> **४ महत्वपूर्ण प्रश्नहरू**
>
> ⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?
>
> ⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?
>
> ⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?
>
> ⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com

## के स्त्री परूषको गौरव हुन्? १ कोरिन्थी ११:७

**हो, र स्त्रीहरू परमेश्वरको पनि प्रतिरूप र गौरव हुन्।** नारी भनेको पुरूषको मात्र गौरव हो भन्ने गलत सोचमा नपर्नुहोस्। विशेषगरी, यहाँ सानो संयोजक 'तर' 'de' छ ! १ कोरिन्थी ११:७ मा पावलले भनेः "किनकि पुरूषले आफ्नो शिर ढाक्नुहुँदैन, किनभने ऊ परमेश्वरको प्रतिरूप र गौरव हो, *तर* स्त्री चाहिँ पुरूषको गौरव हो।"
**पावललाई यो धर्मशास्त्र थाहा थियो, जसले पुरूष र स्त्री दुवै परमेश्वरको स्वरूपमा बनाइएका हुन् भनेर सिकाउँदछ।**

> मुख्य शब्द
>
> **δϵ = De**
>
> **पनि,** अनि, तर, **यसबाहेक**, अब

उत्पत्ति १:२७ ले मात्र स्पष्ट रूपमा दुवै परमेश्वरको स्वरूपमा बनाइएका हुन् भनेर बताउँदैन, पावलले पनि भाइबहिनीहरूको लक्ष्य परमेश्वरको रूपअनुसार बढ्दै जानु हो भनी बताएका छन् (कलस्सी ३:९-१०)। त्यो विशेष स्वरूप नै मौलिक हो र दुवैको लक्ष्य हो!

संयोजक 'तर' 'de' केवल एक भिन्नता होइन।

के पावलले यस खण्डमा महिलाहरूको भिन्नता र कमी देखाउन चाहन्थे? के उनले पुरूष परमेश्वरको प्रतिरूप र गौरवा हो, तर महिला पुरूषको मात्र गौरव हो भनेर सिकाउन चाहन्थे? एकदमै होइन! सानो संयोजक 'तर' 'de' लाई भिन्नताको रूपमा प्रयोग र अनुवाद गर्न सकिन्छ। तर, 'तर' 'de' लाई स्थिर अर्थमा पनि प्रयोग र 'अनि, साथै, यसबाहेक'को रूपमा अनुवाद गर्न सकिन्छ। www.BlueLetterBible.org मा आफैं हेर्नुहोस्। यस अर्थमा, पावलले व्यक्त गरे कि पुरूष मात्र परमेश्वरको प्रतिरूप र गौरव होइन, **महिला पनि हो, साथै उनी पुरूषको गौरव पनि हुन्।** पावलको समयमा, यो बिचारले कोरिन्थी संस्कृतिलाई चुनौती दिए किनभने तिनीहरूले पत्नीहरूलाई गौरवको रूपमा मनाउँदैनन्। पावलले महिलाहरूलाई दोब्बर आशीर्वाद दिइरहेका थिए!

**दुईवटा पदहरू पढ्दा, हामीले हुनसक्छ अर्को भ्रमित अवस्थाको सामना गर्छौं।**

**१ कोरिन्थी ११:८-९ ले भन्छः**

"किनकि पुरूषले स्त्रीबाट बनिएको होइन, तर स्त्रीचाहिँ पुरूषबाट बनिएको हो।

स्त्रीको निम्ति पुरूष सृष्टि भएको होइन, तर स्त्री पुरूषको निम्ति हो।"

**पावलले यहाँ उत्पत्ति र परमेश्वरले नारीलाई सृष्टि गर्नुको कारण बारे बताएका छन्।**

११:८ पदले ऐतिहासिक तथ्यलाई मात्र बताउँछ कि पहिलो महिला पहिलो पुरूषबाट आएको हो। ११:९ पदमा पावलले महिलाहरूलाई पुरूषको आनन्दको लागि, स्वमित्वको लागि वा पुरुषको प्रयोगको लागि सृष्टि गरिएको हो भनेर देखाइरहको थिएन। अह, थिएन! एक पटक फेरि, विशेषगरी, यो सानो ग्रीक शब्द डिया "*dia*" जसको विभिन्न अर्थहरू हुन्छन्। अनलाइन लिङ्क www.BlueLetterBible.org हेर्नुहोस्। डिया "*dia*" शब्दको अर्थ जसले सबैभन्दा धैरे अर्थ दिन्छ जस्तै "कारण वा को लागि।" यो किन हो? पहिलो पुरूषको एक्लोपनको 'कारण' स्त्री सृष्टि गरिएको हो। उनको एक्लोपनलाई हटाउन 'को लागि', स्त्रीलाई सृष्टि गरिएको हो। डिया "*dia*" ले 'द्वारा' को अर्थ पनि दिन सक्छ र एक पटक फेरि, पहिलो स्त्री पहिलो पुरूष *द्वारा* बनाइएको थियो, र यसको विपरीत होइन।

> मुख्य शब्द
>
> **διά = Dia**
>
> कारण वा को लागि

## निपात शब्द डिया "*dia*" ले स्त्रीले एक्लो पुरूषको उद्धार गरेको जस्तो देखाउँछ !

### निष्कर्ष

१ कोरिन्थी ११:७-९मा सरल जवाफहरू छन् जहाँ कोही-कोहीले पुरूष श्रेष्ठता देखाउन खोजेका छन्। पुरूष र स्त्री दुवै परमेश्वरको स्वरूपमा बनाइएका हुन्, यो तपाईंलाई पनि थाहा छ र पावललाई पनि थाहा थियो। 'डे' 'मभ' को अर्थ 'पनि' हुन सक्छ र डिया "*dia*" को अर्थ 'कारण' हुन सक्छ। यी निपात शब्दहरूलाई बुझे कुनै पनि भ्रम स्पष्ट हुन सक्छ।

> **४ महत्वपूर्ण प्रश्नहरू**
>
> ⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?
>
> ⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?
>
> ⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?
>
> ⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com

## के पावल एक महिला प्रतिबन्धक वा महिला उद्धारक थिए ?

**एक उद्धारक!** पावल सारा संसारले येशूलाई चिनेको होस् भन्ने कुरामा जेशिलो थिए। चर्चको सबैभन्दा फलदायी मिसनरीको रूपमा, उनी थप कामदारहरू चाहन्थे। एक ज्वलन्त प्रचारकको रूपमा, पावलले सुसमाचार बढाउन धेरै जना बाहिर निस्केको चाहन्थे। आत्माको अगुवाइ पाएको एक सशक्तिकरण गर्ने व्यक्तिको रूपमा, उहाँले कुनै पनि विश्वासीमा भएको पवित्र आत्माको वरदानलाई अनादर गर्न र निभाउन अस्वीकार गरे। एक बुद्धिमान विचारक र रणनीतिकारको रूपमा, पावलले 'फूटबल टोलीका आधा खेलाडीहरूलाई बस्न लगाएर' मूर्खतापूर्ण काम गरेन। एक चरम सतावट पाएको भावी शहीदको रूपमा, उनलाई 'अझै कष्ट थप्ने' खराब मनसाय भएकाहरूको बीचमा पनि, सुसमाचार बढ्दा उनी रमाए। झ्यालखानामा बाँधेर राख्दा, पावलले फिलिप्पी १:१७–१८ मा उल्लेखित् निष्कर्ष निकाले:

मुख्य शब्द

**συνεργός**

*syn* *सिन* = समान, *ergos* *अर्जस* = शक्ति समकर्मी

*"जे होस्, मूल कुरो यही हो हरकिसिमले, चाहे बहानामा,*

*चाहे सत्यमा ख्रीष्टको प्रचार गरिओस्, र यसैमा म रमाउँछु।"*

एक प्रशिक्षित धर्मशास्त्रीय लेखकको रूपमा, पावलले खेतालाहरूको प्रशंसा गर्न, कामदारहरूको सम्मान गर्न, झूटा शिक्षकहरूको लागि ढोका बन्द गर्न र ईश्वरीय व्यक्तिहरूको लागि ढोका खोल्न आफ्ना शब्दहरू होसियारीपूर्वक प्रयोग गरे। पावलले थप भरपर्दो र गुणात्मक शिक्षकहरू चाहन्थे! ("के २-२-२ सिद्धान्त"ले महिला शिक्षिकाहरूका लागि ढोका खोल्छ? एक पृष्ठ हेर्नुहोस्।)

**पुरूष वा स्त्री सेवकहरूको बारेमा बोल्दा पावलले कुन शब्दहरू प्रयोग गरे?**

आफ्ना लेखाइहरूमा, पावलले सेवकाईमा संलग्न ३९ जना मानिसहरूको पहिचान गरेका छन्। उनले २२ पुरूष र १७ स्त्रीलाई समान रूपमा उल्लेख गरेका छन्। उनले तिनीहरूलाई या त *सिनर्जस (synergos)* (सहकर्मी) अथवा *कोपियाओ (kopiao)* (कामदारहरू) भन्नुभयो, उही शब्दहरू प्रयोग गरेर उनका पुरूष सहकर्मी र स्त्री सहकर्मीहरूलाई उल्लेख गरे।

रोमी १६:३

"प्रिस्का र अकिलास, ख्रीष्ट येशूमा मेरा सहकर्मीहरूलाई अभिवादन।"

रोमी १६:१२

"प्रभुमा परिश्रम गर्ने त्रुफेना र त्रोफोसालाई अभिवादन भनिदेओ। प्रभुमा अत्यन्तै परिश्रम गर्ने प्रिय परासीसलाई अभिवादन भनिदेओ।"

मुख्य शब्द

**κοπιάω**

*कोपियाओ* = कामदारहरू

फिलिप्पी ४:३

"विश्वासी सहकर्मी, म तिमीलाई पनि अनुरोध गर्दछु, कि यी स्त्रीहरूलाई मदत गर, किनकि यिनीहरूले मेरो साथसाथै सुसमाचारको काममा क्लेमेससँग र मेरा अरु बाँकी सहकर्मीहरूसँग परिश्रम गरेका छन्, जसका नाउँ जीवनको पुस्तकमा छन्।"

**फिबी...केवल एक सहयोगी थिइन् वा त्यो भन्दा बढी?**

पावलले धर्म-सेविका फिबी (रोमी १६:१-२)लाई सिजरजस्तै महान अगुवालाई वर्णन गर्नको लागि प्रायः प्रयोग हुने शब्दको साथ वर्णन गरे। उनको महत्वपूर्ण प्रभावको कारण, पावलले उनलाई प्रोस्टेटिस (ठूलो सहायता)को रूपमा वर्णन गरे। यस शब्दको लागि अन्य परिभाषाहरू समावेश छन्: अधिवक्ता, परोपकारी, संरक्षक। पावलले सार्वजनिक रूपमा आफू र किंक्रिया चर्चप्रति उनको सेवाको सम्मान गरे।

मुख्य शब्द

**προστάτις**

प्रोस्टेटिस = ठूलो सहायता, परोपकारी

### निष्कर्ष

पावलले महिलाहरूलाई घृणा वा सीमित गरेनन्। उनले तिनीहरूलाई सम्मान, प्रोत्साहन र भरोसा गरे। उनले पुरूष सेवकहरू जस्तै उनीहरूको व्याख्या गर्न उही शब्दहरू प्रयोग गरे। हामी पावललाई व्यक्तिगत रूपमा भेट्न आतुर छौं।

**महिला सहकर्मी र साथीहरूलाई पावलले सकरात्मक रूपमा उल्लेख गरेका छन्।**

अफ्फिया (फिलेमोन १:२), क्लोएका (१कोरिन्थी१:११), क्लाउडिया (२ तिमोथी४:२१), युनिस (२ तिमोथी १:५), इयोदिया -फिलिप्पी ४:२-३), युलिया (रोमी १६:१५), युनियस (रोमी १६:७), लोइस (२ तिमोथी १:५), मरियम (रोमी १६:६), नेरियस र तिनकी बहिनी (रोमी १६:१५), नुम्फास (कलस्सी ४:१५), परसीस (रोमी १६:१२), फिबी (रोमी १६:१-२), प्रिस्का (रोमी १६:३ -५, कोरिन्थी १६:१९, २ तिमोथी ४:१९, प्रेरित १८:१-३,१८,१९,२६), रूफसकी आमा (रोमी १६:१३), सन्तुखे -फिलिप्पी ४:२-३), त्रुफेना (रोमी १६:१२), त्रोफासा (रोमी १६:१२), साथै लिडियालाई प्रेरित १६:१३-१५,४०मा उल्लेख गरिएको छ।

### ४ महत्वपूर्ण प्रश्नहरू

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

## "के २–२–२ सिद्धान्त"ले महिला शिक्षिकाहरूका लागि ढोका खोल्छ?

**एकदमै फराकिलोरूपमा खोल्छ!** तिमोथीलाई आफ्नो अन्तिम पत्रमा, प्रेरित पावलले सुसमाचार फैलाउनको लागि आफ्नो जोश र आफ्नो गति प्रदर्शन गरे। तिनले तिमोथीलाई कसरी गुणात्मक वृद्धि कसरी गर्ने र कसले गर्न सक्छ भनेर स्पष्ट निर्देशन दिए। किनकि यो सल्लाह २ तिमोथी २:२ बाट आउँछ, हामी यसलाई  **२–२–२ सिद्धान्त** भन्छौं:

"धेरै जना साक्षीहरूका उपस्थितिमा तिमीले मबाट जे कुरा सुनेका छौ, ती अरूहरूलाई पनि सिकाउन सक्ने विश्वासयोग्य मानिसहरूलाई सुम्पिदेऊ।"

**मुख्य शब्द**

**ἄνθρωπος**

एनथ्रोपोस्= human

बाइबलका धेरै अनुवादकहरूले भन्छन्, "...विश्वासयोग्य मानिसहरूलाई सुम्पिदेऊ।" तथापि, पावलले एउटा ग्रीक शब्द प्रयोग गरे जसमा पुरूष र स्त्री दुवैलाई स्पष्ट रूपमा समावेश गरिएको थियो। पहिलो नजरमा, यो पद प्रत्यक्ष रूपमा पुरूष र स्त्री काँधमा काँध मिलाएर परिश्रम गरिरहेको कुरासँग सम्बन्धित नहुन सक्छ। तथापि, पावलले के भन्न सक्थे बिचार गर्नुहोस्। उनले "पुरूष"(अनेर)*(aner)* लाई मात्र विश्वासयोग्य शिक्षकको रूपमा निर्दिष्ट गर्न सक्थे। (अनेर)*(aner)* को प्रयोगले पावलले पुरूष मात्र बाइबल शिक्षक होस् भन्ने उद्देश्य राखेको स्पष्ट रूपमा देखाउँथ्यो। यसको सट्टा, पावलले नपुंसक शब्द गि एन्थ्रोपोस *anthropos* प्रयोग गरे जसको अर्थ मानव वा मानिसहरू हो। यदि पावलले महिलाहरूको लागि ढोका बन्द गर्न चाहेको हो भने, उनले ठूलो अवसर गुमाए! विश्वासीयोग्य र योग्यताप्राप्त मानिसहरू भन्दा... सुरूका श्रोताहरूले स्पष्ट रूपमा यो बुझ्थे कि असल शिक्षा अरूलाई सुम्पिनुपर्छ –अर्थात पुरूष र स्त्रीलाई –जसले यो विश्वासयोग्यरूपमा अरूलाई सुम्पन सक्छ। यस पदले ईश्वरीय स्त्री शिक्षिकाहरूको लागि ढोका खोल्छ!* एफिसीमा झूटा शिक्षकहरू प्रशस्त भएतापनि (पुरूष र स्त्री दुवै), पावलले विश्वासयोग्य मानिसहरूलाई सुसमाचार बढाओस् भन्ने चाहन्थे। (पावलले तिमोथीलाई लेखेको पहिलो पत्रमा झूटा शिक्षकहरूको बारेमा कति पटक उल्लेख गरेका छन् भनेर जान्न एक पृष्ठः के एउटी स्त्रीले ईश्वरीय अख्तियारको साथ सिकाउन सक्छिन्? हेर्नुहोस्।)

त्यसोभए, यो खुला ढोकाको आधारमा सिकाउन को योग्य छ? ईश्वरीय पुरूष र स्त्री। पावलको **२–२–२ सिद्धान्तले** तपाईंलाई प्रेरित गरून्!

### एन्थ्रोपोस *anthropos* शब्दले पावलले थप सुसमाचार फैलाउनेहरू चाहन्थे!

**हाम्रो चार पुस्तामा गुणात्मक बृद्धि**

त्यसोभए, यी ईश्वरीय एन्थ्रोपस (मानिसहरू)ले कसरी सुसमाचार फैलाउनुपर्छ? जब पावलले सबै ईश्वरीय शिक्षकहरू, पुरूष र स्त्री दुवैका लागि ढोका खोलिदिए, उहाँले बहु–पुस्ता योजनाको पनि व्याख्या गरे। २–२–२ मा हामी चार अलग पुस्ता पनि देख्छौं।

- **पहिलो पुस्ता** – पावल आफैले तिमोथीलाई भने "जे कुरा"
- **दोस्रो पुस्ता** –"तिमीले" भनेको तिमोथी हो जसले ती "कुराहरू" "मबाट सुनेका" थिए।
- **तेस्रो पुस्ता** – "सिकाउन सक्ने" "विश्वासयोग्य मानिसहरू" (एनथ्रोपोस्)लाई "सुम्पिएको" हुनुपर्छ, ताकि
- **चौथो पुस्ता** – "अरूहरू" जसलाई ती विश्वासयोग्य मानिसहरूले सिकाउँछन्।

### पुस्ताहरूको गुणात्मक बृद्धि एक पुस्ताले अर्को पुस्तालाई हस्तांतरण गर्दै जाने डीएनए जस्तो देखिन्छ।

## निष्कर्ष:

**२–२–२ सिद्धान्तले सुसमाचारको गुणात्मक बृद्धि बारे पावलको हृदय दखाउँछ। २ तिमोथी २:२ मा, पावलले सबै ईश्वरीय शिक्षक शिक्षिकाहरूलाई बाइबलीय शिक्षाको निम्ति खुला गरिदिए, र उनले सुसमाचारको गुणात्मक बृद्धि बारे योजना बनाए। के तपाईं पावल जस्तो अगुवा हुनुहुन्छ जसले सुसमाचारको गुणात्मक बृद्धि गर्न चाहनुहुन्छ वा सुसमाचार प्रचारकहरूलाई सीमित गर्ने प्रयास गर्न पावललाई प्रयोग गर्नुहुन्छ? पावल जस्तै बनौं।**

* एनथ्रोपोस्बारे अतिरिक्त नोटहरू

एनथ्रोपोस्को अर्थ पुरुष पनि हुन सक्छ, तर ती अवस्थामा यो स्त्री *(gune)* सँग जोडिएको खण्डमा प्रयोग गरिन्छ (हेर्नहोस् मत्ती १९:५, १ कोरिन्थी ७:१, एफिसी ५:३१)। जब *एन्थ्रोपोस* मात्र उल्लेख गर्दा, यसले पत्नी वा स्त्रीको सन्दर्भमा होइन, यसले 'मानव वा व्यक्ति'को मापदण्ड, नपुंसकको अर्थ दिन्छ। २ तिमोथी २:२ स्त्री *(gune)* को बारेमा होइन। त्यसैले यहाँ, एन्थ्रोपोस नपुंसक हो र यसको अर्थ "मानिसहरू" हो।

**४ महत्वपूर्ण प्रश्नहरू**

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com

## के बाइबलले महिलामाथि पुरूषको अधिकार छ भनी बताउँदैन र?

**अह, बताउँदैन!** अख्तियारको लागि नयाँ नियममा प्रयोग गएिको पहिलो ग्रीक शब्द एक्सोसिय *(exousia)* हो। यसको अर्थ "छनौट र निर्णय गर्ने शक्ति, क्षमताको शक्ति, प्रभावको शक्ति, शासन वा सरकारको शक्ति" हो। एउटा मुख्य खण्डलाई हेरौं जसले केही अनियोलता सृजना गरेको छ, १ कोरिन्थी ११:१०।

मुख्य शब्द

**ἐξουσία**

एक्सोसिय = **अधिकार**

"यसैकारण र स्वर्गदूतहरूका खातिर पनि स्त्रीले आफ्नो शिर घुम्टोले ढाकेको (अख्तियारको चिन्ह) हुनुपर्छ।"

**यो खण्ड स्वर्गदुतहरूको बारेमा होइन!**

एन्जिलस *angelous* शब्दको अर्थ "स्वर्गदूत" वा "गुप्तचर" हुन सक्छ (हेर्नुहोस् याकूब २:२५)। १ कोरिन्थी ११:१०मा, यदि पावलले "स्वर्गदूत" नै भनेको हो भने पावलले के कुरा गरिरहेका थिए भनेर कसैलाई थाहा छैन ! सायद, पावलले चर्चलाई निन्दाभन्दा माथि हुन भन्दै थिए किनभने विरोधी 'गुप्तचरहरु' चर्चमा गल्ती खोज्न चर्चमा प्रवेश गरिरहेका थिए। अव्यवस्थित वा असभ्य आचरणको परिणाम खराब प्रतिवेदन हुनेछ।

**यो खण्ड घुम्टेको बारेमा छैन!**

धेरै संस्कृतिहरूमा, महिलाहरूले टोपी, सल, दुपट्टा, वा अन्य शिर ढाक्ने घुम्टेहरू लगाउँछन्। कोरिन्थीहरूको सन्दर्भमा, कपाल र शिर छोप्ने सांस्कृतिक अर्थ थियो। "को चिन्ह" शब्दहरू ग्रीकमा पाइन्दैनन्। ग्रीक पाठले भन्छ, "स्त्रीको आफ्नै शिरमा (एक्सोसिया एपि) अधिकार हुनुपर्छ।" चर्चलाई राम्रो प्रतिष्ठा दिने गरी आफ्नो कपाल वा शिर ढाक्ने तरिकामा निर्णय गर्ने अधिकार ख्रीष्टियन महिलासँग छ।

### एक्सोसिया एपि Exousia Epi

*एक्सोसिया* शब्द नयाँ करारमा १०३ पटक प्रयोग गरिएको छ, र यो केवल १४ पटक निपात epi एपि (मा/माथि)* सहित प्रयोग भएको छ। सबै सुसमाचारका खण्डहरूमा येशूसँग सम्बन्धित *एक्सोसिया* शब्दहरू प्रयोग भएका छन्, जहाँ येशूले प्रकृति *माथि*, रोग *माथि*, भूतआत्माहरू आदि *माथि* आफ्नो अधिकार प्रदर्शन गर्नुभयो। त्यसैगरी, कोरिन्थका स्त्रीहरूले आफ्नै शिर *माथि* अधिकार अभ्यास गर्नुपर्छ। चर्चमा प्रार्थना वा अगमवाणी गर्दा सांस्कृतिक रूपमा येशूलाई *कसरी* सम्मान गर्ने भन्ने निर्णय गर्ने अधिकार स्त्रीहरूसँग छ (१ कोरिन्थी ११:५)।

## एक्सोसिया (exousia) = अधिकार

**कसलाई अधिकार छैन?**

त्यो अर्को पटक मात्र नयाँ करार, १ कोरिन्थी ७ अध्यायको ४ पदमा विवाहको सन्दर्भमा पुरूष र स्त्रीलाई उल्लेख गर्न एक्सोसिया(exousia) शब्दको प्रयोग भएको छ। पावलले एउटा अचम्मको कुरा गर्छ। उनले पति र पत्नी दुवैलाई एक–अर्काको शरीरमाथि अधिकार दिन्छ।

"पत्नीले आफ्नो शरीरमाथि **अधिकार राख्दिन**, तर उसको पतिले राख्छ।

यसरी नै पतिले पनि आफ्नो शरीरमाथि **अधिकार राख्दैन**, तर उसको पत्नीले राख्छे।"

के! पावल भन्छन् कि पति र पत्नी दुवैको एकअर्कोको शरीरमा अधिकार छ। चाखलाग्दो कुरा के छ भने, १ कोरिन्थी ७ अध्यायको सम्पूर्ण अध्यायमा, पावलले पति र पत्नी दुवैको आपसी कर्तव्य र समानान्तर जिम्मेवारीहरू देखाउँछन्।

## निष्कर्ष

येशूसँग स्वर्ग र पृथ्वीमाथिको सारा अधिकार छ (एक्सोसिया एपि) Exousia Epi। येशूले पुरूष र स्त्री दुवैलाई चेला बनाउने अधिकार दिनुहुन्छ। येशूले शक्ति साझा गर्नुहुन्छ, र हामीले पनि गर्नुपर्छ! *धर्मशास्त्रमा, एक्सोसिया exousia शब्द स्त्रीमाथि पुरूषको अधिकार व्यक्त गर्न कहिल्यै प्रयोग गरिएको छैन!*

*** एक्सोसिया एपि Exousia Epi को १४ प्रयोगहरु (...माथि अधिकार)**

मत्ती ९:६, मत्ती २८:१८, मर्कूस २:१०, लुका ५:२४, लुका ९:१, लूका १०:१९, प्रेरित २६:१७, १ कोरिन्थी १०:११, प्रकाश २:२६, प्रकाश ६:८, प्रकाश १३:७, प्रकाश १४:१८, प्रकाश १६:९।

**४ महत्वपूर्ण प्रश्नहरू**

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com

## के त्रिएकत्वलाई पदानुक्रममा मिलाएर राखेको हो? पुरूष अनि स्त्री हो?

**होइन, एकदमै होइन!** पिता, पुत्र र पवित्र आत्मा, हरेक तरिकामा सिद्ध, अधिकार, शक्ति वा इच्छाको स्तरमा फरक हुनुहुन्न। त्रिएकत्व एक श्रेणीबद्ध पदानुक्रम होइन। बरू, त्रिएक परमेश्वले गुण र कार्यहरूमा पारस्पारिक र सिद्धरूपमा साझादारी गर्नुहुन्छ। यूहन्ना १४:१६, २३ र २६ हेर्नुहोस्।

"...र म **पितासँग** बिन्ती गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ। ...जसले मलाई प्रेम गर्छ, त्यसले मेरो वचन पालन गर्नेछ, र मेरा पिताले त्यसलाई प्रेम गर्नुहुनेछ, र **हामी त्यसकहाँ** आउनेछौं, र **त्यससँग वास गर्नेछौं**। ...तर सल्लाहकार, अर्थात **पवित्र आत्मा,** जसलाई पिताले मेरो नाउँमा पठाउनुहुेछ, उहाँले तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ, र मैले तिमीहरूलाई भनेका सबै कुरा तिमीहरूलाई याद दिलाउनुहुनेछ।"

मुख्य शब्द

**वरिपरि घुम्ने वा आपसी बसाई**

**एरियन भ्रूटा शिक्षाहरू आधुनिक संसारमा पुनःदेखा पर्छन्।**

चौथो शताब्दीमा, इजिप्टको अलेक्जान्ड्रियाका पुजारी एरियसले परमेश्वर पिताले पुत्र येशूलाई सृष्टि गर्नुभएको हो भन्ने विश्वासलाई बढावा दिए। एरियसले भने, एक समय थियो जब उहाँ (येशू) हुनुहुन्थिएन। यस खराब शिक्षाले ख्रीष्टियन विश्वासलाई प्रदूषित नगरोस् भनेर, चर्चले त्रिएकत्व सिद्धान्तलाई स्पष्ट गर्न नाइसिया (३२५ ईश्वी) परिषद र कन्स्टान्टिनोपलमा (३८१ ईश्वी)भेला बसे।* आज केही इभान्जेलिकल ईश्वारशास्त्रीहरू र अगुवाहरू आंशिक रूपमा एरियसको विश्वास प्रणालीमा फसेका छन्। जब कि तिनीहरू सही रूपमा येशू अनन्त हुनुहुन्छ भन्ने विश्वास गर्छन्, *तिनीहरूले पिता र पुत्रको अधिकारको स्तरहरू फरक छन् भनेर प्रचार गर्छन्।* तिनीहरू भन्छन्, "पिताले आज्ञा दिन्छन्, पुत्रले पालन गर्दछ।" यो दृष्टिकोणले पिताको सर्वोच्चतामा एरियसको शिक्षा केन्द्रित भएको देखाउँछ। तिनीहरूले गल्तीले येशूको अवतारको सीमिततालाई लिएर अनन्तको त्रिएकत्वमाथि अक्रमण गर्छ। यो त्रिएकत्व बारे खराब ईश्वरशास्त्रले धेरै जनालाई पुरूष र स्त्रीहरू बीचको निश्चित पदानुक्रम "समान तर फरक"लाई न्यायसंगत तुल्याउन तिर डोऱ्याउँदछ।

## पेरिकोरेसिस *(PERICHORESIS)* = वरिपरि घुम्ने वा आपसी बसाई

**यो पागल शब्दको अर्थ के हो?**

सुरूको चर्चले एरियन भ्रूटा शिक्षकसँग लड्न र त्रिएकत्व सम्बन्धहरूलाई स्पष्ट पार्न प्रयोग गरेको एउटा शब्द पेरिकोरेसिस थियो। (पेरी=वरिपरि, कोरेसिस = घुमाउने, वा आपसी बसाई पनि) पेरिकोरेसिस भनेको त्रिएकत्वको कुनै पनि व्यक्तिले अन्य व्यक्तिहरूबाट स्वतन्त्ररूपमा काम गर्दैन। जब पुत्रले काम गर्नुहुन्छ, पिता र आत्माले पनि काम गर्नुहन्छ। जब पिताले काम गर्नुहुन्छ, पुत्र र पवित्र आत्माले पनि काम गर्नुहुन्छ। जब पवित्र आत्माले काम गर्नुहुन्छ, पिता र पुत्रले पनि काम गर्नुहुन्छ। येशूले भन्नुभयो, "जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ।" येशूले पेन्तिकोसको बारेमा वर्णन गर्नुभयो जब पवित्र आत्मा विश्वासीहरूमा बास गर्न आउनुभयो। त्यही समयमा, पिता र पुत्र पनि *हाम्रो बास्थान बनाउन आउनुहुन्छ।* सृष्टि, क्रुस र पेन्तिकोसको हरेक परमेश्वरीय काममा त्रिएकत्वका तीन व्यक्तिहरू समावेश छन्।

पेरिकोरेसिसको अर्थ यो पनि हुन सक्छ कि हामीले ट्रिनिटिको एक व्यक्तिमा भएको कुनै पनि चरित्र विशेषता वा मनोवृत्ति अन्य व्यक्तिहरूको लागि सहि हुनुपर्छ। त्यसोभए, यदि हामीले येशूलाई प्रेमिलो, निको पार्ने, क्षमा दिने व्यक्तिको रूपमा देख्छौं भने, पिता र पवित्र आत्मालाई पनि त्यही रूपमा पाउँदछौ। त्यसैगरी, जब येशुले नम्रतापूर्वक सर्म्पण गर्नुहुन्छ र आफैलाई सुम्पिनुहुन्छ, तब हामी जान्दछौं कि पिता र पवित्र आत्माले पनि नम्रतापूर्वक सर्म्पण गर्नुहुन्छ र आफैलाई सुम्पिनुहुन्छ।

### निष्कर्ष

पिता, पुत्र र पवित्र आत्माले अनन्त रूपमा शक्ति र अख्तियार दिनुहुन्छ, कोही सानो वा कोही ठूलो छैन। परमेश्वरलाई एक निश्चित, अनन्त पदानुक्रममा श्रेणीबद्ध गरिएको छैन। त्यसैगरी, पुरूष र स्त्रीलाई निश्चित पदानुक्रममा वर्गीकरण गरिनु हुँदैन।

*** सुरूका का चर्चको विश्वास र त्रिएकत्व**

**नाइसिया–कन्स्यन्टिनोपल** "...हामी विश्वास गर्दछौं एक प्रभु येशू ख्रीष्टमाथि परमेश्वरको एक्ले पुत्र, पिताबाट अनन्त रूपले जन्मिनुभएको, साँचो परमेश्वरकाबाट आउँनुभएको साँचो परमेश्वर, पितासित एउटै स्वभाव हुनुभएको...।"

**एथेनासियन**– "कोही अघि वा पछि, कुनै ठूलो वा सानो छैन।" थप अनुसन्धान गर्न – फादर क्यापाडोसियन(Cappadocian Fathers)

**४ महत्वपूर्ण प्रश्नहरू**

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

## १ कोरिन्थी १४:३३ पदमा पूर्णविरामले के फरक पार्छ?

**धेरै फरक पार्छ!** मूल ग्रीक पाण्डुलिपिमा कुनै विराम चिन्ह थिएन –कुनै अल्पविराम, प्रश्न चिन्ह, उद्धरण, वा पूर्णविराम चिन्हहरू। यो भाषिक विवरण सानो देखिनसक्छ, तर यसले अनुवाद र खण्डको अर्थमा ठूलो फरक पार्न सक्छ। उदाहरणको लागि, १ कोरिन्थी १४:३३मा

पूर्णविरामले चर्चलाई पावलको निर्देशनको अर्थ परिवर्तन गर्न सक्छ:

मुख्य शब्द

**कुनै विराम चिन्ह नभएको**

अनुवादकले रोज्नुपर्ने

३३ किनकि परमेश्‍वर गोलमालका परमेश्‍वर हुनुहुन्न, तर शान्तिका परमेश्‍वर हुनुहुन्छ।

सन्तहरूका सबै चर्चमा भएको प्रथाअनुसार, ३४ स्त्रीहरू चर्चको सभामा चूपचाप रहून्।

**अथवा**

३३ किनकि परमेश्‍वर गोलमालका परमेश्‍वर हुनुहुन्न, तर शान्तिका परमेश्‍वर हुनुहुन्छ –सन्तहरूका सबै चर्चमा भएको प्रथाअनुसार।

३४ स्त्रीहरू चर्चको सभामा चूपचाप रहून्।

**के पावल सबै "स्त्रीहरु चूपचाप" रहेको वा "सबै मण्डलीहरूमा शान्ति" भएको चाहन्छन् ?**

मौलिक पाण्डुलिपिमा कुनै पुर्णविराम(।) चिन्ह नभएकोले, अनुवादकहरूले चिन्ह कहाँ लाग्छ भनेर चयन गर्नुपर्छ। विभिन्न बाइबल अनुवादहरूले पूर्णविरामलाई विभिन्न ठाउँहरूमा राखेका छन्। यस पदमा, –"सन्तहरूका सबै चर्चमा भएको प्रथाअनुसार" वाक्यांशले कि चाहिँ अघिल्लो खण्डसँग कि चाहिँ निम्न खण्डसँग जोड्दछ। "हुनुहुन्छ" पछिको पूर्णविरामले सबै चर्चहरूमा स्त्रीहरू चूपचाप बस्नुपर्छ भन्ने अर्थ लाग्छ। तर "प्रथाअनुसार"पछि लागेको पूर्णविरामले परमेश्‍वर गोलमालको होइन तर शान्तिको परमेश्‍वर हुनुहुन्छ भन्ने अर्थ दिन्छ। पूर्णविरामले ठूलो फरक पार्छ! तर कुन चाहिँ सही हो भनेर हामीले कसरी थाहा पाउन सक्छौं।

**हामीले कसरी थाहा पाउन सक्छौं?**

- १ कोरिन्थी १४ मा, पावलले तीनवटा समूहहरूलाई चूप रहन भनिरहेका थिए: अन्य भाषा बोल्नेहरू, अगमवक्ताहरू र महिलाहरू र उहाँले महिला, अगमवक्ता र अन्य भाषा बोल्नेहरू: तीन समूहहरूलाई बोल्ने अनुमति दिदैँ थिए। (के १ कोरिन्थी १४ अध्यायमा व्यतिक्रम* (CHIASM) छ? कसलाइ चूप रहन भनिएको छ? एक पृष्ठ हेर्नुहोस्) यो कडा व्यतिक्रम*(CHIASM)मा, पावलले कोरिन्थीहरूलाई उनको चार मुख्य कुराहरू सम्झाएका छन् –चर्च बलियो हुनुपर्छ (१४:२६), शन्तिपूर्ण हुनुपर्छ (१४:३३), नजान्ने हुनुहुदैन (१४:३७–३८), व्यवस्थित हुनुपर्छ (१४:४०)। "...सबै चर्चमा भएको प्रथाअनुसार .."भन्ने वाक्यांस स्पष्ट रूपमा प्रत्येक चर्चको विशेषताहरू वर्णन गर्ने उद्देश्यले विश्‍वव्यापी सल्लाहहरूसँग सम्बन्धित छ। सबै चर्चहरू परमेश्‍वरको शान्ति र व्यवस्थाद्वारा छाप लगाइएको हुनुपर्छ। (व्यतिक्रम *दोस्रो वाक्य प्रथमको उल्टो क्रम)
- बाइबलीय व्याकरणको तर्क बाहेक, १ कोरिन्थी ११ मा पावलले स्त्रीहरूलाई तिनीहरूले प्रार्थना र भविष्यवाणी गर्दा कसरी आचरण गर्ने भन्ने बारे निर्देशन दिए। पावलले पक्कै पनि केही अध्यायहरूमा पहिले लेखेका कुराहरू बिर्सेका थिएनन्। पावल पागल थिएनन्, स्त्रीहरूलाई सार्वजनिक आराधना सेवामा बोल्नको लागि उचित शिष्टाचार बारे बताएपछि, लगत्तै स्त्रीहरूलाई चर्चमा चूप लाग्न आदेश दिए।
- तपाईंको हृदयमा, के तपाईं विश्‍वास गर्नुहुन्छ कि परमेश्‍वरले *सबै* स्त्रीहरुलाई *सबै* समय, हरेक राष्ट्र र *हरेक* पुस्ताका *हरेक* चर्चमा मौन बसेको चाहनुहुन्छ ? यदि त्यसो हो भने, स्त्रीहरूले कहिल्यै एकल गाउनु हुँदैन, गवाही दिनु हुँदैन, ठूलो स्वरमा प्रार्थना गर्नु हुँदैन, बच्चाहरूलाई सिकाउनु हुँदैन, सुचना दिनु वा निश्‍चितरूप कहिल्यै प्रचार गर्नु हुँदैन!

## पावलले चार पटक "सुव्यवस्थित आराधना"लाई जोड दिएका छन्।

**निष्कर्ष:**
पावलले व्यवस्थित आराधनालाई यस खण्डभरी जोड दिएका छन्। जब १ कोरिन्थी १४ अध्यायमा व्यतिक्रम* (CHIASM)को रूपमा देखिन्छ, व्यवस्थित र शान्तिपूर्ण आराधना संचालन गर्न चार वटा अनुस्मारकहरू द्वारा विभाजित हुन्छ, पावलको कुरा स्पष्ट छ। पूर्णविराम "प्रथाअनुसार"पछि प्रयोग हुन्छ, "हुनुहुन्छ" पछि होइन। सबै चर्चहरूले परमेश्‍वरको शान्ति र व्यवस्थापनलाई प्रदर्शन गर्नुपर्छ।

**4 Crucial Questions**

⇒ यसले हामीलाई **परमेश्‍वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com

## के १ कोरिन्थी १४ अध्यायमा व्यतिक्रम* (CHIASM) छ? कसलाई चूप रहन भनिएको छ?

**हो छ, र यो जटिलता सुन्दर छ!** ग्रीक अक्षर ची (CHI) 'x' पछि नामकरण गरिएको भाषिक संरचनाले धारणाहरूको समानतता देखाउँछ –जस्तै (ABBA वा ABCBA वा ABCCBA)। पावलले कोरिन्थीको चर्चमा भएको अनियोलता र गोलमाललाई सम्बोधन गरेका छन्। १ कोरिन्थी १४:३४–४० मा भएको पावलको संवादलाई हेर्नुहोस्।

मुख्य शब्द

**chiasm**

A-B-C-C-B-A



हात –A
कुहिनो –B
काँध –C
काँध –C
कुहिनो – B
हात –A

**१४:२६ मुख्य कुराहरूको परिचय दिन्छ – "यी सबै कुरा आत्मिक बृद्धिको निम्ति गरिऊन।"**
१४:२८ अन्य भाषा बोल्नेहरूलाई चूप रहन भनिएको छ। *A*
१४:३० अगमवक्ताहरूलाई चूप रहन भनिएको छ। *B*
**१४:३३ मुख्य कुराहरू फेरि दोहोऱ्याउँछ –** परमेश्वर गोलमालका परमेश्वर हुनुहुन्न, तर शान्तिका परमेश्वर हुनुहुन्छ
१४:३४ स्त्रीहरूलाई चूप रहन भनिएको छ। *C*
१४:३६ स्त्रीहरूलाई बोल्न मुक्त गरिएको छ। C
**१४:३७–३८ मुख्य कुराहरू फेरि दोहोऱ्याउँछ – परमेश्वरको आज्ञा, अजान नहुनु**
१४:३९ अगमवक्ताहरूलाई बोल्न मुक्त गरिएको छ। B
१४:३९ अन्य भाषा बोल्नेहरूलाई मुक्त गरिएको छ। A
**१४:४० मुख्य कुराहरूसहित अन्त गर्दछ – सबै काम शिष्टतापूर्वक र सुव्यवस्थित ढङ्गले हुनुपर्छ।**

### पावलले चार मुख्य बिचारलाई 4X दोहोऱ्याउँछन्... सुव्यवस्थित आराधना।

- **पावलले तीनवटा समूहहरूलाई चूप रहन भनेका छन् –आत्मिक मानिसहरूलाई सुधार** गर्दै कोरिन्थीको चर्चमा धेरै समस्याहरू थिए, र पावलले प्रत्येक समूहलाई सुधारमा ल्याए। पहिले उहाँले आत्मिक भनौदाहरूलाई सम्बोधन गरे, जसले कुनै पनि समयमा बोल्न पाउनुपर्छ भन्ने स्वतन्त्रतालाई प्रवर्द्धन गरे। यो स्वतन्त्रताले ठूलो अनियोलता र गोलमाल निम्त्यायो। पावलले सही समयको छनौट गर्ने, अन्यभाषालाई सिमित गर्ने, भविष्यवाणी गर्ने र निश्चित स्त्रीहरूलाई बोल्ने नियमहरू दिए। पावलले ती सबैका लागि एउटै शब्द प्रयोग गरे – सिगाटो *(sigato)*। तिनीहरूले अबरोध पुऱ्याएको हुनाले पावलले तीनै समूहलाई "चूप रहन" भने।
- **पावलले तीन समूहलाई मुक्त गरेका छन् – ख्रीष्टियन सन्तहरूलाई सुधार गर्दै**
  अर्को तर्फ, सन्तहरूले कुनै पनि स्वतन्त्रतालाई सीमित गर्न चाहन्थे। तिनीहरूले अन्यभाषा बोल्न, अगमवाणी बोल्न निषेध गर्न चाहन्थे, तिनीहरू सोच्थे कि महिलाहरूलाई बोल्नु शर्मको कुरो हो! त्यसैले पावलले सन्तहरूमा कडा सुधार ल्याए। उनले सन्तहरूलाई यसो भन्दै स्त्रीहरूलाई पद ३६ मा मुक्त गरे, "के परमेश्वरको वचन तिमीहरूबाट सुरू भएको हो? अथवा के तिमीहरूकहाँ मात्र यो आएको हो?" त्यसपछि उनले अगमवक्ताहरू र अन्यभाषा बोल्नेहरूलाई पद ३९ मा व्यतिक्रम पूरा गर्न मुक्त गरे।

**संवादले समग्र उद्देश्यलाई प्रभावकारी रूपमा प्रदर्शन गर्छ।**

पवलले कोरिन्थीको चर्चमा गोलमाल देखे र एक व्यवस्थित प्रणाली बारे सिकाए। अन्यभाषा बोल्नेहरू (पुरूष र स्त्री दुवै)को सीमा थियो, अगमवक्ताहरू (पुरूष र स्त्री दुवै)को सीमा थियो, र जिज्ञासु, विघटनकारी स्त्रीहरूको सीमा थियो। यो सैद्धान्तिक संरचनाभित्र सबैलाई सँगै राख्ने परमेश्वरको अभिप्राय थियो –एक बलियो, शान्त, जानकार र व्यवस्थित चर्चको रूपमा।

### निष्कर्ष

कोरिन्थीको चर्चमा एकता र शान्ति प्रदर्शन गर्न सहायता गर्न पावलले यो व्यतिकम्रको संवाद प्रस्तुत गरे। पावलले दुई मुख्य समूहहरूद्वारा उत्पन्न अराजकतालाई सच्याउनुभयो – आत्मिकरूपमा लिप्त मानिस र नियम पालक सन्तहरू। पावलले पहिले अन्यभाषा बोल्ने, अगमवाणी गर्ने र जिज्ञासु स्त्रीहरूलाई सिमित गरेर भावुक आत्मिक मानिसहरूलाई सुधार गरे। त्यसपछि उनले एउटै तीन समूहलाई मुक्त गरेर नियम पालक सन्तहरूलाई सुधार गरे।

#### ४ महत्वपूर्ण प्रश्नहरू

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

## के एक स्त्रीको लागि चर्चमा बोल्नु "शर्म"को कुरो हो?

**होइन!** चर्चमा आफ्ना छोरीहरूको आवाजलाई परमेश्वरले शर्मको कुरो ठान्नुहुन्न! यो शिक्षाले उहाँको मन दुख्छ। बिचार कहाँबाट आउँछ? कोरिन्थीलाई उनको पास्टरीय पत्रमा, चर्च निर्माण गर्ने पावलले एक निष्क्रिया चर्चलाई सुधार गर्दछ। १ कोरिन्थी १४:३४-४० खण्डलाई उत्खनन् गरौं।


"स्त्रीहरू मण्डलीको सभामा चूपचाप रहून्। तिनीहरूलाई बोल्न अनुमति छैन, तर व्यवस्थाले भनेझैं तिनीहरू अधीनमा रहून्। केही कुराको बारेमा तिनीहरू सोध्न चाहन्छन् भने घरमा आ-आफ्ना पतिलाई सोधून्। **किनभने मण्डलीमा स्त्रीहरूले बोल्नु शर्मको कुरो हो।** के परमेश्वरको वचन तिमीहरूबाट सुरू भएका हो? **अथवा** के तिमीहरूकहाँ मात्र यो आएको हो? कसैले आफूलाई अगमवक्ता **अथवा** आत्मिक मानिस मानिस सम्भन्छ भने, मैले लेखेको कुरा प्रभुको आज्ञा हो भन्ने त्यसले स्वीकार गरोस्। तर कसैले यसको वास्ता गर्दैन भने, त्यसका पनि वास्ता गरिनेछैन।"

**मुख्य शब्द**

**कोरिन्थी कथनहरु**

**आत्मिक मानिसहरू ——————— सन्तहरू**

## पावलले कोरिन्थी कथनहरू दोहोऱ्याए र सुधार गरे




**कोरिन्थीका दुई अति उतेजित-ध्रुवीकरण समूहहरू -आत्मिक मानिस र सन्तहरू**


कोरिन्थीको चर्च भित्र, दुई समूहले आफ्नो चरम दृष्टिकोणलाई प्रोत्साहित गरेका छन्। पावलले दुवै समूहलाई बारम्बार सच्याउनुभयो। **आत्मिक मानिसहरू** सबै कुरामा भोगी हुन चाहन्थे - मूर्तिहरूलाई चढाइएका खानेकुरा खाने, यौन अभ्यासहरूमा कुनै सीमा नकोर्ने, घिचुवापन, अन्यभाषा बोल्ने स्वतन्त्रता, नम्रता वा उचित चलनको प्रवाह नगरी जस्तोसुकै लुगा र कपालको पूर्ण स्वतन्त्रता। अर्कोतर्फ, सन्तहरू स्वतन्त्र जस्तै देखिने कुनै पनि कुरामा प्रतिबन्ध लगाउन चाहन्थे -मूर्तिलाई चढाएको नखाने, कुनै यौन सम्बन्ध नराख्ने, विवाह नगर्ने, कुनै अन्यभाषा नबोल्ने, कुनै भविष्यवाणी नगर्ने, कुनै स्त्रीलाई बोल्न नदिने।

**(के १ कोरिन्थी १४ अध्यायमा व्यतिक्रम* (CHIASM) छ? कसलाई चूप रहन भनिएको छ? हेर्नुहोस्)**

**कसले के भन्यो?**

कोरिन्थीको चर्चलाई लेखेका पत्रहरूमा, पावलले प्रायः कोरिन्थीहरूका सीधा उद्धरणहरू प्रयोग गर्थे, र त्यसपछि तिनले ती कथनहरूलाई सच्याउँथे। उदाहरणको लागि, कोरिन्थीहरूले भने, "म पावललाई पछ्याउँछु। म केफासलाई पछ्याउँछु।" वा "खानाको लागि पेट"। वा "सबै कुरा मेरो लागि ग्रहणयोग्य छ।" वा "पुरूषले स्त्रीलाई छुनु हुँदैन।" ग्रीकमा कुनै विराम चिन्ह हुँदैन, त्यसैले पाठकहरूले पावलका सुधारात्मक शब्दहरूलाई लिएर अईश्वरीय कोरिन्थी कथनहरूसँग भ्रममा नपर्न त्यसको सन्दर्भलाई बुझ्न जरूरी छ। हामी विश्वास्त हुन सक्छौं कि "मण्डलीमा स्त्रीहरूले बोल्नु शर्मको कुरो हो।" भन्ने वाक्यांश परमेश्वरको अवधारणा होइन्। यो पावलको निर्देशन पनि होइन। यो वाक्यांश कोरिन्थी सन्तहरूको तर्क थियो जसमा पावलले तीव्र सुधार ल्याए!

**पावलले यो भयानक "अपमानजनक/लज्जास्पद/अनुचित" कथनलाई कसरी सच्याए?**


γάρ ἐστιν γυναικὶ λαλεῖν ἐν ἐκκλησίᾳ.
for it is for a woman to speak in a church.
36 ἢ ἀφ' ὑμῶν ὁ λόγος τοῦ θεοῦ ἐξῆλθεν,
Or from you the word – of God went forth,
ἢ εἰς ὑμᾶς μόνους κατήντησεν; 37 Εἴ
or to you only did it reach? If

पावलले ग्रीक प्रतीक (η) प्रयोग गरेका छन् जुन प्रश्नको जवाफ दिन प्रयोग गर्दा, कडा विरोध देखाउँदछ -"के?!" "कुनै हालतमा हुदैन!" "बकवास!" यी अक्षरहरू एक शब्द मात्र होइन, तर अस्वीकृतिको आवाज हो। पावलले ११:३६ पदमा त्यो कथनलाई चुनौती दिए, "के सुसमाचार तिमीहरूबाट सुरू भएका हो? र के यो तिमीहरूमा समाप्त भएको हो?" के ती सन्तहरूले आफूलाई अल्फा र ओमेगा ठान्थे? के तिनीहरू ईश्वर थिए? वास्तवमा, पावलले भनेको यो थियो कि, "सबै महिलाहरूलाई सीमित गर्ने र एउटी महिलाको आवाजलाई अपमानजनक ठान्ने तिमी को हौ!" ध्यान दिनुहोस् कि पावलले नियम पालक कोरिन्थीहरूलाई सच्याउन दुई पटक (η) प्रयोग गरेका छन्।

## निष्कर्ष

पावलले कोरिन्थी भोगी र नियम पालक सन्त दुवैलाई चुनौती दिए। पावलको सुधारले स्त्रीहरूलाई बोल्न, गाउन, प्रार्थना गर्न, भविष्यवाणी गर्न र ख्रीष्टको शरीरमा अन्य व्यक्तिहरू जस्तै अन्य भाषाहरूमा बोल्न स्वतन्त्र बनायो -सुव्यवस्था र सम्मानका साथ। हामीले कोरिन्थी कथनलाई परमेश्वरको योजनाको रूपमा सिकाउन नपरोस्।

**४ महत्वपूर्ण प्रश्नहरू**

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com

## के पुरुषको तुलनामा स्त्री सजिलै छलिएर पापमा फस्छिन् ?

**कहिलेकाहीँ हो...तर कहिलेकाहीँ होइन!** बिचार गर्नुहोस्, बुद्ध धर्म कसले सुरू गऱ्यो? बुद्धले। इस्लाम? मोहम्मद। मरमनिजम?जोसेफ स्मिथ। ती तीन जनाले २ अर्बभन्दा बढी मानिसको आध्यात्मिक गन्तव्यलाई प्रभाव पारेका छन्। पुरूष र स्त्री दुवैलाई छल्न सकिन्छ र उनीहरूले अरूलाई पनि बहकाउन सक्छ! यो स्त्री मात्रको कुरा होइन। यो पुरूषको मात्र कुरा होइन। छल भनेको मान्छेको कुरा हो!

मुख्य शब्द

**आर्तेमिस**

एफिससका आमा देवी

केही मानिसहरू १ तिमोथी २ अध्याय पढेर विश्वास गर्छन् कि बाइबलले महिलाहरूलाई कहिल्यै सिकाउनु हुँदैन भनेर सिकाउँछ। तिनीहरू विश्वास गर्छन् कि पावलले नै सबै संस्कृति र समयका स्त्रीहरूलाई शिक्षा दिने कुरामा विश्वव्यापीरूपमा प्रतिबन्ध लगाएका हुन्। किन? किनकि हव्वा छलिएकी हुन, सबै स्त्रीहरू सजिलै छलमा पर्छन्। १ तिमोथी २:१४ले भन्छः

"किनभने आदम नै पहिले सृजिएका हुन, त्यसपछि हव्वा। आदम छलिएका होइनन्,

तर **स्त्रीचाहिँ छलिएर अपराधमा परेकी हुन्**।"

**एफिसस र आर्तेमिसको शिक्षा**



बाइबलीय खण्डहरू बुझ्नको लागि, सधैं सन्दर्भ बुझ्न महत्वपूर्ण हुन्छ। प्रथम शताब्दीमा, एफिसस एक कामुक, अनैतिक, ज्ञान खोज्ने (प्रि–नोस्टिक) महानगरीय क्षेत्र थियो। यसको धेरैजसो अर्थतन्त्र रहस्यमय गतिविधिमा आधारित थियो (प्रेरित १९:२३–४१ हेर्नुहोस्)। एफिससमा देवी आर्तेमिस (डायना)को पूजा गरिन्थ्यो। उनको सुनले ढाकिएको मन्दिर, संसारको सात आश्चर्य मध्ये एक हो, जसलाई निर्माण गर्न १२० वर्ष लागेको थियो र समुन्द्रबाट देख्न सकिन्थ्यो।



आर्तेमिस एक शक्तिशाली उर्वरताकी देवी थिइन्, जसलाई प्रायः दुई दर्जन नाङ्गो स्तनहरू (वा जादुई 'तरल औषधि'को झोला)ले चित्रण गर्थे। उनी एसियाको महान आमा भनेर चिनिन्थ्यो। आर्तेमिसको शिक्षाले जीवन र शैतानी आत्माहरूमाथि उनको ब्रह्माण्डीय शक्तिको उपासना गर्थे। एफिसीहरूले पनि आमा हव्वा (तिनलाई आर्तेमिससँग जोडेर) आदम भन्दा पहिले सृष्टि भएको हो भनेर मान्थे। उनीहरूले रहस्य ज्ञान प्राप्त गर्नु राम्रो माने का थिए किनभने मानिसहरूले अब ज्ञान प्राप्त गर्न सक्थे। यो ज्ञानलाई माया गर्ने, शक्ति खोज्ने सहरमा, चर्च भित्र र बाहिर झूटा शिक्षाहरू प्रशस्त थिए। तिमोथीले यस मण्डलीलाई सत्यमा डोऱ्याउन मेहनत गरे।

**पावलले एफिससमा कुन झूटो शिक्षालाई सच्याइरहेका थिए ?**

**विधर्मी सांस्कृतिक दन्त्यकथाहरूको विरोध गर्दै, पावलले तिमोथीलाई मुख्य सिद्धान्तहरू प्रदान गरेः**

- पहिलो स्त्री पहिलो पुरूष भन्दा अघि थिएन। **"किनभने आदम नै पहिले सृजिएका हुन, त्यसपछि हव्वा।**
- स्त्रीलाई (असल र खराबको) ज्ञानले बुद्धत्व दिइएन। **उनी छलमा परिन्।**
- हव्वाले पाएको यो ज्ञान राम्रो थिएन। **बरू, तिनी अपराधमा परेकी हुन्।**

## पावलले आर्तेमिस शिक्षाको एफिसी पाखण्डीहरूलाई जवाफ दिइरहेका थिए।

**निष्कर्षः**

केही ख्रीष्टियन शिक्षकहरूले बाइबलबाट सिकाउन स्त्रीहरूलाई सीमित पार्न खोज्छन् किनभने तिनीहरू दाबी गर्छन् कि स्त्रीहरू सजिलै छलिन्छन्। यस व्याख्यामा पावलका कुराहरू छुटेका छन्। बरू, पावलले आर्तेमिस पंथका झूटा शिक्षाहरूलाई सच्याइरहेका थिए। पुरूषले मात्र सिकाउनुपर्छ भन्ने प्रमाणको रूपमा निर्मित व्यवस्थालाई स्थापना गरिरहेका थिएनन्।

**४ महत्वपूर्ण प्रश्नहरू**

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com

## के स्त्रीले ईश्वरीय अख्तियारले सिकाउन सक्छ?

**सक्छ, तर अईश्वरीय अख्तियारले होइन!** परमेश्वर बृद्धिको निम्ति सत्य कुरा सिकाउन नम्र, ईश्वरीय शिक्षक चाहनुहुन्छ। तर एफिससको मूर्तिपूजक शहरमा, चर्चमा भ्रूटा शिक्षकहरू थिए। पावलले तिमोथीलाई तिनीहरूलाई रोक्न निर्देशन दिए। १ तिमोथीमा, पावलले पौराणिक कथा र वंशावलीका भ्रूटा शिक्षकहरूलाई बारम्बार उल्लेख गरेका छन् र तिनीहरूलाई वर्णन गर्न तेस्रो व्यक्ति बहूवचन सर्वनामहरू प्रयोग गरे –निश्चित व्यक्तिहरू, यी, केही, तिनीहरू। यी तेस्रो व्यक्ति बहूवचन सर्वनामहरूले भ्रूटा शिक्षकहरू पुरूष र स्त्री दुवै थिए भनेर देखाउँछन्। (हेर्नुहोस् १:३–७, ४:७, ५:१५, ६:३, ६:९, ६:१७–१८, ६:२०)। सबै भ्रूटा शिक्षाहरू तुरून्तै बन्द होस् भन्ने पावल चाहन्थे! विशेषगरी, १ तिमोथी २:११–१२ मा, पावलले अख्तियार/शिक्षकको एक विशिष्ट शैलीमा ध्यान केन्द्रित गरेः

**मुख्य शब्द**

**Αύθεντεο**

*authenteo* = **अधिकार (राम्रो वा नराम्रो)**

"स्त्रीले पूर्ण **दीनतासाथ चूपचाप** बसेर **सिकून्**।

तर स्त्रीले पुरूषलाई सिकाउने र पुरूषमाथि **अधिकार जमाउने** काममा म अनुमति दिन्नँ, तर तिनी चूपचापै रहून्।"

### एक शान्त, सिक्ने र सिकाउने महिला

यस खण्डमा अख्तियारको लागि प्रयोग गरिएको अद्वितीय शब्दमा हाम फाल्नु अघि हामीले दुईवटा बुँदाहरू स्वीकार गर्नुपर्छः

- सुरूमा ध्यान दिनुहोस्, पावल बहुवचन "महिला" (२:१५ख)मा फेरी फर्केर आउनुभन्दा अघि बहुवचन "महिला" (२:९)बाट एकवचन "महिला" (२:११–१५क)मा सरे। बहुवचन/एकवचन/बहुवचन को यो व्यतिक्रमले एक मुख्य कुरालाई जोडदिन्छ। यदि पावलले महिलाहरूलाई विश्वव्यापी रूपमा निषेध गर्ने उद्देश्य राखेका थिए भने, किन महिलाको अगाडि सम्पूर्ण खण्डमा बहुवचन नराखेको? यो नै एउटा संकेत हो कि पावलले सबै समयका लागि सबै स्त्रीहरूको शिक्षा/अधिकारलाई मौन पार्न चाहँदैनन् थिए, तर एफिससमा भएका केही निश्चित प्रकारको भ्रूटा शिक्षकहरूलाई मात्र चूप पार्न चाहन्थे।
- पावलले अनिवार्य रूपमा एक "स्त्री" लाई निर्देशन दिनु हो। उनले यो विशेष स्त्रीलाई सिकाउन योग्य विद्यार्थीको स्थितिमा "सिक" भनेर आदेश दिन्छन्। पावलले कुनै भ्रूटा शिक्षकको पुनर्स्थापनाको लागि वकालत गरेका हुन, स्त्रीहरूलाई चूप लगाउन होइन।

### (दमन गर्ने अधिकार...)*(Authenteo...)* एक पटक मात्र

पवलले अधिकारको लागि यो असामान्य शब्द आफ्नो सबै लेखहरूमा एक पटक मात्र प्रयोग गरेका छन्। पावल र अन्य लेखकहरूले नयाँ नियममा *एक्सोसिया exousia (अधिकार)* १०५ पटक प्रयोग गरेको हुनाले, यस अवस्थाको बारेका केहि अद्वितीय हुनुपर्दछ। एपोक्रिफल (अप्रमाण पुस्तकहरू)को प्रसंगहरूमा दुई पटक भेटिएको यो विशेष शब्द वास्तवमा "हिंसक" बाल बलिदानसँग सम्बन्धित छ (सोलोमनको बुद्धि १२:६ हेर्नुहोस्), वा आफूलाई "उत्पत्ति" भन्नु (३ म्याकाबीज २:२८–२९ हेर्नुहोस्)। मुख्य कुरा ***(Authenteo...)*** अधिकारको लागि एक सामान्य शब्द थिएन। (के पुरूषको तुलनामा स्त्री सजिलै छलिएर पापमा फस्छिन् ? हेर्नुहोस्)। कोही–कोही विश्वास गर्छन् कि आर्तेमिसका स्त्रीहरूले पुरुषहरूलाई श्राप दिन सक्छन् –सायद यी स्त्रीहरूले तिनीहरूको उदाहरण पछ्याउन खोजेका थिए की?

### राम्रो वा नराम्रो अधिकार?

त्यसोभए, पावलले कस्तो प्रकारको अख्तियारलाई अस्वीकार गर्दै थिए? हामीसँग दुईवटा विकल्प छन्। कि चाहिँः १. पावलले ईश्वरीय स्त्रीहरूद्वारा अभ्यास गरिएको स्वभाविक तथा असल अख्तियारलाई रोकिरहेका थिए, वा २.पावलले पुरूषहरूमाथि स्त्रीहरूको एक प्रकारको दमन, आत्मा–केन्द्रित, हिंसक अधिकारलाई निषेध गर्दै थिए। छनोट स्पष्ट हुनुपर्छ। पावलले भ्रूटा शिक्षाका घमण्डी शिक्षकहरूलाई आत्म–प्रवर्द्धन गर्न अनुमति दिएनन्।

## पावलले एफिससको भ्रूटो शिक्षालाई उजागर गर्न अधिकार *(Authenteo)* शब्द प्रयोग गरेर कोही पनि कसैमाथि "स्वमी" बन्नुहुदैन भन्ने कुरा देखाए।

### निष्कर्ष

सबै भ्रूटा शिक्षकहरू चूपचाप रहनुपर्छ, भ्रूट सिकाउन बन्द गर्नुपर्छ, र सही जानकारी सिक्नुपर्छ। पावलले भ्रूटा शिक्षकहरूलाई अख्तियार हडप्न र विश्वासीहरूमाथि हावी हुन अनुमति दिएनन्, र न त आजको चर्चले नै त्यसो गर्नुहुन्छ। ईश्वरीय शिक्षक, पुरुष होस् वा स्त्री, नम्रतामा पाइला चाल्नुपर्छ।

**४ महत्वपूर्ण प्रश्नहरू**

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

## के पावलले मण्डलीको नेतृत्व गर्न सक्नेलाई सीमित पार्न चाहन्छ?

**हो, उनले चाहन्छ!** पावलले चर्चका अगुवाहरूका लागि योग्यताहरू स्पष्ट रूपमा राखेका थिए। उनले एपिस्कोपोस (बिशप), डेकोनोस् (डिकन), र प्रिस्बुटेरोस (एल्डरहरू) को वर्णन गरेका छन्। यस्तो जिम्मेवारी सबैलाई मिल्दैन। यसको निम्ति उच्च नैतिक चरित्र चाहिन्छ। ती योग्यताहरू जाँच गरौं १ तिमोथी ३:१–७ मा पाइन्छ।

मुख्य शब्द

**τις**

tis = whoever, anyone ***कुनै मानिस***

*यो भनाइ विश्वासयोग्य छ, यदि **कुनै मानिसले** बिशपको काम गर्ने चाहना गर्छ भने **त्यसले** असलै कामको इच्छा गर्छ। यसकारण बिशपचाहिँ कसैले दोष लगाउन नसक्ने, एउटै पत्नीको पति, संयमी, समझदार, सम्मानित, अतिथिसत्कार गर्ने, सुयोग्य शिक्षक होऊन, मतवाला र रिसाहा होइन तर **तिनी** विनम्र, झगडा नगर्ने, धनको लोभ नगर्ने, आफ्नो घर राम्ररी चलाउन सक्ने र **आफ्ना** छोरा–छोरीलाई आदरपूर्वक आज्ञापालन गर्ने बनाऊन्। (यदि **कुनै मानिसले** आफ्ना घरकाहरुलाई तह लगाउन जान्दैन भन्, **तिनले** परमेश्वरका मण्डलीको रेखदेख कसरी गर्न सक्छ र?) **तिनी** नयाँ विश्वासी नहोऊन्, नत्रता घमण्डले फुलेर **तिनी** दियाबलसले पाउने दण्डमा पर्नेछन्। फेरि, बाहिरकाहरूका दृष्टिमा पनि **तिनी** असल ठहरिनुपर्छ, नत्रता **तिनी** निन्दा र दियाबलसको पासोमा पर्नेछन्।*

# TIS = कुनै मानिस (नपुसंक लिङ्ग)

***केवल दुई पटक एकै सर्वनाम – टिस (कुनै मानिस)***

यी सात पदहरूमा, पावलले अगुवाहरूका लागि दुई पटक एउटै सर्वनाम मात्र प्रयोग गर्छन्, र त्यो सर्वनाम नपुसंक लिङ्ग हो (३:१ टिस = कुनै मानिस र ३:५ टिस=कुनै मानिस)। टिस शब्द प्रयोग गरेर, पावलले पुरूष र स्त्री दुवैलाई नेतृत्वको निम्ति ढोका खुला गर्दछ। उनले यस खण्डमा नेतृत्वलाई केवल पुरूषहरूमा मात्र सीमित राखेनन्। यदि पावलले एनेर (पुरूष) शब्द प्रयोग गरेको भए यसले स्पष्ट रूपमा संकेत गर्थ्यो कि उनले नेतृत्वमा पुरूषहरूलाई मात्र खाजेका थिए, तर उनले टिस (कुनै मानिस) प्रयोग गरेका छन्। ध्यान दिनुहोस् कि **प्रत्येक** सर्वनाम वा अधिकारवाचक सर्वनाम (अंग्रेजीमा १२ पटक) नपुसंक लिङ्ग टिसलाई उल्लेख गर्दछ। अंग्रेजीमा कुनै नपुसंक लिङ्ग सर्वनाम बिना, "त्यो व्यक्ति" वा "उनको/उनी" भन्न अप्ठ्यारो हुन्छ त्यसैले धेरैजसो अनुवादहरूले सरलताको लागि, "उनी, उनलाई र उनको" प्रयोग गर्दछ। दुःखको कुरा, त्यो अनुवाद गर्दाको छनौटले ईश्वरीय तथा वरदान पाएका पुरूष वा स्त्री अगुवाहरूको लागि पावलले प्रस्ताव गरेको खुला ढोकालाई अस्पष्ट बनाउँछ। चाहे पुरूष होस् वा स्त्री, सबैमा उत्कृष्ट चरित्र हुनुपर्छ।

**विश्वासयोग्य = "एक स्त्री–स्त्री"**

"आफ्नी पत्नीप्रति इमान्दार" वा "एउटै पत्नीको पति" अनुवाद गरिएको वाक्यांशले वास्तवमा "मियास गुनाईकोस आन्द्रा" *mias gunaikos andra* भन्छ। अर्थात, पावलले व्यभिचारलाई निषेध गर्दछन् र पवित्रता अवश्याक ठान्छन्, जुन "एउटै पत्नीको पति"ले देखाउँदछ। एफिसी संस्कृतिमा, पुरुषहरूसँग अनैतिक सम्बन्धको लागि धेरै विकल्पहरू हुन्थे। स्त्रीहरूसँग पुरुषहरूलाई जस्तै विकल्पहरू थिएनन्, र तिनीहरूमा विश्वासयोग्यताको अपेक्षा गरिन्थ्यो। पवित्रता र इमान्दारिता अगुवापनको लागि चाहिने दुई प्रमुख योग्यताहरू हुन् भन्ने कुरा स्पष्ट गरौं। सन्तान सहितको विवाहको अवश्यकता छैन, किनकि न त येशू, न त पावल योग्य छन् (सन्तानबिहीन अविवाहित पुरुषको रुपमा)। फेरि, मुख्य कुरा यौन आचारणमा शुद्धता र इमान्दारिता हो। सायद आज, परमेश्वरले अगुवाहरूलाई अयोग्य ठहराउनुहुनेछ (पुरुष वा स्त्री) जसले अश्लील सामग्री हेर्छन् किनभने यसले उनीहरूको हृदयको अवस्थालाई देखाउँदछ।

## निष्कर्ष

योग्य विश्वासीहरूलाई चर्चमा अगुवापनको लागि ढोका खोल्न पावलले उद्देश्य राखेर नपुसंक लिङ्ग टिसलाई प्रयोग गरे। पावलले फसलको खेतमा काम गर्ने धेरै खेतालाहरू चाहन्थे, थोरै होइन। येशूले धेरै खेतालाहरूको लागि प्रार्थना गर्न भन्नुभयो। पावलले ढोका खोले।

* अतिरिक्त अगुवापन नोटहरू

१ तिमोथी ३:८–१३ मा पावलले पुरूष र स्त्री दुवैलाई सम्भाव्य डिकनको रुपमा उल्लेख गरेका छन्। पछि तितसमा, जब पावलले एल्डरहरूका लागि योग्यताहरू सुचीबद्ध गरे, तिनले एउटै शब्द टिस (tis) प्रयोग गरे, र फेरि, सबै सर्वनामहरूले नपुसंक लिङ्ग टिसलाई उल्लेख गरे।

### ४ महत्वपूर्ण प्रश्नहरू

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

# यसको साथ दौड्नुहोस

एक पृष्ठ

## स्त्री र पुरूषको कुरा गर्दा, को कसको अधीनमा बस्नुपर्छ?

**चर्च र घरमा... पुरूष र स्त्री दुवै एक अर्काको अधीनमा बस्नुपर्छ!** ईसाइहरूसँग येशूको हृदय र नम्रता र सेवाको मनोवृत्ति प्रतिबिम्बित गर्ने ठूलो अवसर छ। यदि हामी अरू मानिसहरूमाथि शासन गर्न खोज्छौं भने हामी संसार जस्तै देखिन्छौं। संसारले एक–अर्काको अधिनमा बस्नुपर्छ भन्ने कुरालाई बुझ्न सक्दैन। पावलले एफिसी ५:२१मा विश्वासीहरूलाई यसरी निर्देशन दिए:

**"खीष्टको श्रदामा एक–अर्काको अधीनमा बस।"**

मुख्य शब्द

**ὑποτάσσω**

*hypotasso* = Submit **अधीनमा बस्नु**

**एफिसी ५:२१ एक "हुक पद"**

५:२१ महत्वपूर्ण छ किनभने यसले ठूलो रूपमा पावलको लामो वाक्यमा एक "हुक पद"को रूपमा काम गर्दछ। यस पदले पावलको "...पवित्र आत्माले भरिपूर्ण होओ" भन्ने आज्ञालाई जोड्ने र अन्त गर्ने काम गर्दछ र त्यहीं समयमा यसले "पारिवारीक नियमवली" को नयाँ खण्ड सुरू गर्छ। निम्न पदहरूले "एक–अर्काको अधिनमा बस" भनेको व्यावहारिक रूपमा के हो जसलाई अन्ततः येशू र चर्च द्वारा चित्रण गरिएको छ भन्ने कुरा पत्ता लगाउँछ। खीष्टमा, सबै एक–अर्काको अधीनमा बस्नुपर्छ, किनकि हामी येशूको उदाहरण पछ्याउँछौं।

## के पति/पत्नी बीचका अधिनता "एक तर्फी" मात्र हुनुपर्छ? हुनुहुदैन !

**पावलले कसलाई आज्ञा दिन्छ?**

एफिसी ५:२१–३३मा, ० (शुन्य) अनिवार्य आज्ञाहरू स्त्रीहरूलाई दिइएको छ, जबकि पुरुषहरूलाई तीन आज्ञाहरू दिइएको छ। पतिहरूलाई ५:२५, ५:२८, ५:३३ मा "प्रेम गर" भनिएको छ। बाँकी घरको नियमवलीमा (६:९ मार्फत), पुरुषहरूलाई थप दुई आदेशहरू (कुल पाँच), बच्चाहरूलाई दुई, र दासहरूलाई एउटा दिइएको छ, स्त्रीहरूको लागि शुन्य आदेशहरू दिइएका छन्। पत्नीहरूलाई सम्बोधन गर्ने क्रियाहरू या त १. ग्रीक भाषामा उपलब्ध छैन यद्यपि अघिल्लो पदबाट "दीर्घवृत्त (¨¨)" द्वारा निष्कर्षित गरिएको छ। पाठले शाब्दिक रूपमा भन्छ, "पत्नी हो प्रभूको अधिनमा रहेजस्तो आ–आफ्ना पतिको" (५:२२) र "पत्नीहरू..पतिहरूका..." (५:२४)। वा २. ५:३३ पदमा धेरै "नरम" व्यक्तिपरक, मध्य/निष्क्रिय क्रिया छ, र "आदर गरोस्" भनेर अनुवाद गर्छ।

**यस खण्डमा शीर "केफाले" शब्दको बारेमा के छ?**

निश्चय, येशू राजाहरुका राजा हुनुहुन्छ, तर यस खण्डमा, पावलले उहाँलाई प्रभुहरुको प्रभुको सट्टा मुक्तिदाता भनेर वर्णन गरेका छन्। येशू नम्रतापूर्वक दिनुहुन्छ, सेवा गर्नुहुन्छ, बलिदान दिनुहुन्छ र बचाउनुहुन्छ। केफाले जीवन, आशिष्, र पोषण वास्ताको स्रोत हो। (के पुरुष स्त्रीको शीर होइन र? एक पृष्ठे हेर्नुहोस्)

*के मैले खीष्टमा भएका अन्य भाइबहिनीहरुलाई आपसी रुपमा अधीनमा बस्नुपर्छ? पर्छ।*

*के मैले मेरै आफ्नै पत्नी/पतीको अधीनमा बस्नुपर्छ, जसलाई म अति नै प्रेम गर्छु? अवश्य पनि!*

### एफिसी ४–६ अध्याय बीचको व्यतिक्रम

| | |
|---|---|
| ४:१–६ | पावल एक कैदी |
| ४:७–१६ | येशुले वरदानहरू दिनुहुन्छ/बलियो पार्नुहुन्छ |
| ४:१७–३२ | अन्यजाति/छेमेकीहरूसँग सम्बन्धित |
| ५:१–२० | पवित्र अनि प्रिय छोराछोरीसँग सम्बन्धित |
| ५:२१–२३ | एक अर्काको अधीनमा बस्ने |
| ५:२४ | पत्नी पतिको अधीनमा |
| ५:२५ | पतिहरु पत्नीहरूको अधीनमा |
| ५:२५ | खीष्टले मण्डलीलाई |
| ५:२६–२७ | मण्डली खीष्टको |
| **५:२८** | **ऊ जसले** |
| | **आफ्नो पत्नीलाई** |
| | **प्रेम गर्छ उसले आफैलाई प्रेम गर्छ।** |
| ५:२९ | मण्डली खीष्टको |
| ५:२९ | खीष्टले मण्डली |
| ५:३३ | पतीहरू पत्नीहरूको |
| ५:३३ | पत्नीहरू पतिहरुको |
| ६:१–४ | आज्ञाकारी छोराछोरीको रुपमा |
| ६:५–९ | कमराहरूसँग सम्बन्धित |
| ६:१०–१७ | येशूले हातहतियार/सुरक्षा दिनुहुन्छ |
| ६:१८–२० | पावल साङ्लाले बाँधिएको एक राजदुत |

**पति र पत्नी यस अचम्मको व्यतिक्रमको केन्द्र तथा**

## निष्कर्ष

एक अर्काको अधीनमा बस्नुहोस् ...यो नै खीष्टको उदाहरण थियो। यो पति र पत्नी (दाजुभाई/दिदीबहिनी) को पनि लक्ष्य हो। के येशूले आफैलाई सीमित गर्नुभयो, आफैलाई इन्कार गर्नुभयो, आफैलाई नम्र तुल्याउनुभयो, आफ्नो भन्दा दुलहीको आवश्यकतालाई अगाडि राख्नुभयो? हो, राख्नुभयो!

जब पुरुष र स्त्रीले एफिसी ५ अध्यायमा जस्तै पारस्परिक अधिनताको उदाहरण दिन्छ भने संसारले त्यो ध्यान दिनेछ।

हामी येशूको विनम्रता, सद्भाव, ज्योतिको नमूना बन्छौं !

### ४ महत्वपूर्ण प्रश्नहरू

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com

## के बाइबलले कहिल्यै पुरूष/स्त्रीहरूको भूमिका बारे बताएका छन् ?

**छैन!** पुरूष र स्त्री बीचको भूमिका छुट्याउने कुनै बाइबलीय पद छैन। बाइबलले कहिल्यै पनि “नेतृत्व गर्ने काम पुरूषको हो” वा “खाना पकाउने काम स्त्रीको हो” भनी बताउदैन। साँचो परिभाषा अनुसार, भूमिकाहरू आदानप्रदान गरिने योग्य हुन्छन्। एउटै काम धैरै व्यक्तिहरूले गर्न सक्छन्। चाहे पुरूष वा स्त्रीद्वारा गरिने कुनै पनि कामको निर्धारण प्रायः सांस्कृतिक सन्दर्भले गर्दछ। तर जब ख्रिष्टियन नेतृत्वको कुरा आउँछ, केही व्यक्तिहरूले भूमिकाको परिभाषा परिवर्तन गरेका छन, नेतृत्वलाई निश्चित, स्थायी र लिङ्गमा आधारित भनी वर्णन गरेका छन्।

मुख्य शब्द

**जिम्मेवार**

मानिसले गर्ने काम

**पुरूष तथा स्त्रीका लागि नमूना “भूमिका” प्रश्नहरू**

| | | |
|---|---|---|
| पकाउने जिम्मेवारी कसको हो? | रेस्टुरेन्टमा सेफ हुनु कसको काम हो? | बालबालिकालाई चेलापन दिने कसको काम हो? |
| हवाइ जहाज उडाउने जिम्मेवारी कसको हो? | कारखानामा काम गर्नु कसको जिम्मृवारी हो? | कपडा सिउने काम कसको हो? |
| छोराछोरीलाई सिकाउने जिम्मेवारी कसको हो? | असायलाई साहयता गर्नु कसको काम हो? | खेतीपातीको काम कसको जिम्मेवारी हो? |
| ओछ्यान मिलाउने जिम्मेवारी कसको हो? | शहर, प्रदेश वा देशमा शासन गर्नु कसको काम हो? | टोकरी बुन्ने काम कसको हो? |
| घाँस काट्ने काम कसको हो ? | समाचार पसारणमा कसको भूमिका हुन्छ? | प्रार्थना गर्नु कसको जिम्मेवारी हो? |
| डायपर परिवर्तन गर्ने काम कसको हो? | आर्थिक व्यवस्थापनमा कसको जिम्मेवारी हो? | सुसमाचारको साक्षी दिने जिम्मेवारी कसको हो? |

### “निम्न तहको भूमिका” को संक्षिप्त इतिहास

धेरैजसो सबै पुरातन चर्चका फादरहरूले पुरूषहरू स्त्रीहरू भन्दा माथि छन् भन्ने विश्वास गर्थे। १९६० भन्दा पहिलेको हरेक बाइबलीय टिप्पणीले भनेका थिए कि पुरूष पहिलो र उच्च छ। तर १९६० को दशकमा पश्चिममा महिला अधिकार आन्दोलनले आकर्षण प्राप्त गर्‍यो र महिलाहरूको आवाज बलियो भयो। ईश्वरशास्त्रीहरूले संस्कृतिको कारणले उच्च/निच शब्दवलीलाई परिमार्जन गर्न आवश्यक महसुस गरे। कतिपय ईश्वरशास्त्रीहरूले पुरूषको प्रभुत्वलाई कसरी कायम राख्न सकिन्छ भनेर सोचेका थिए। त्यसपछि १९७७मा, *नयाँ करारमा पति र पत्नीबीचको सम्बन्धको भूमिका* नामक पुस्तकले खीष्टियन पदानुक्रमित ईसाइ नयाँ शब्दावली प्रदान गरे... “पुरूष र स्त्री सारमा समान छन्, तर भूमिकामा फरक छन्।” लेखकले स्त्रीहरू *प्रकृति* वा *अस्तित्वमा* निम्न नभई *भूमिका, कार्य र अधिकारमा* निम्न *थिए* भनेर बताएका छन्। हेर्नुहोस्! चाँडै, ईश्वरशास्त्रीहरूले भूमिकाहरू *पहिचान गरे,* भूमिकाहरूलाई *क्रमबद्ध गरे,* र महिलाहरूका निम्ति केही भूमिकाहरू *बन्द गरे*। तिनीहरूले स्त्रीको निम्न तहको भूमिकालाई *स्थायी बनाए,* र धैरेले यस बारे समर्थन प्राप्त गर्न त्रिएकत्वको आधार लिए।

### त्रिएक परमेश्वर अनन्त रूपमा असमान (निम्न तहको भूमिका) हुनुहुन्छ? के!

लेखकले पुरूष/स्त्रीहरू “भिन्न”, जसको अर्थ “असमान” भएको दाबी गरे। आफ्नो पदको रक्षा गर्न, तिनले त्रिएकत्व भित्र पुरूष/स्त्रीको “निम्न तहको भूमिका”मा आधारित छ! तिनले त्रिएक ईश्वरका अधिकार, शक्ति र इच्छामा अनन्तरूपम असमान भएको दाबी गर्दै पिता, पुत्र र पवित्र आत्माको कामलाई क्रमबद्ध गरे। केही वर्तमान, प्रख्यात बाइबल शिक्षकहरूले पनि “आज्ञा दिने पिता” र “आज्ञाकारी पुत्र” (जुन कुरा हामी अवतारमा देख्छौं) अनन्तकालसम्म बिस्तारित हुने दाबी गर्छन्। स्थायी पुरूष प्रभुत्व र महिला अधीनताको आफ्नो पदको रक्षा गर्न त्रिएकत्वलाई विकृत गर्ने बाइबल शिक्षकबाट सावधान रहनुहोस्।

## परमेश्वरले पुरूष तथा स्त्रीलाई जीवविज्ञान अनुसार फरक बनाउनुभएको छ, तर काममा होइन।

## निष्कर्ष

त्रिएकत्वलाई एक्लै छोड्नुहोस्! “भूमिकाहरू” ईश्वशास्त्रीय सठिकता सँग बोल्ने एक भयानक तरिका हो। पुरूष र स्त्री निश्चय नै सारमा समान छन्, र तिनीहरू पक्कै पनि लैंगिकता वा जीवविज्ञानको आधारमा भिन्न छन्, तर परमेश्वरको क्षमतामा होइन जो उहाँले इच्छा बमोजिम दिनुहुन्छ। परमेश्वरले पुरुष र स्त्री दुवैलाई संसारको प्रभुत्व साझेदारी गर्नको लागि सृष्टि गर्नुभएको हो (उत्पत्ति १:२८)!

**४ महत्वपूर्ण प्रश्नहरू**

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

# यसको साथ दौड्नुहोस

एक पृष्ठ

## पुरूष र स्त्रीले एकअर्कालाई कस्तो व्यवहास गर्नुपर्छ?

जसरी तपाईंलाई व्यवहार गरिएको चाहनुहुन्छ! येशुले हामीलाई सुनौलो नियम दिनुभएको छः “जसो मानिसहरूले तिमीहरूसँग गरून् भन्ने तिमीहरू इच्छा गर्दछौ, तिमीहरूले पनि तिनीहरूसँग त्यसै गर।” (लूका ६:३१) येशूले सम्बन्धमा पारस्परिकताको कदर गर्नुहुन्छ! तर, तपाईंलाई अचम्म लाग्न सक्छ, के यस किसिमको स्तरको बारेमा नयाँ करारमा फेरि कहिल्यै उल्लेख भएको छ? अवश्य, दर्जनौं पटक। तल २४ उदाहरणहरू छन्, तर त्यहाँ अझ धेरै छन्!

**मुख्य शब्द**

# ἀλλήλους

*allelois* = “एक अर्को” वा “एक अर्का”

| | एक–अर्का अवधारणा | बाइबलीय पदहरु |
|---|---|---|
| 1. | एक अर्कालाई **प्रेम गर** | यूहन्ना १३:३४ |
| 2. | एक अर्कालाई **क्षमा गर** | एफिसी ४:३२ |
| 3. | एक अर्कालाई **ग्रहण गर** | रोमी १५:७ |
| 4. | एक अर्कालाई **सहन गर** | एफिसी ४:२ |
| 5. | एक अर्कालाई **आदर गर** | रोमी १२:१० |
| 6. | एक अर्कालाई **अभिवादन गर** | २ कोरिन्थी १३:१२ |
| 7 | एक अर्कालाई **अथिति सत्कार गर** | १ पत्रुस ४:९ |
| 8. | एक अर्काप्रति **दयालु होओ** | एफिसी ४:३२ |
| 9. | एक अर्काको **विरुद्धमा गनगन नगर** | याकूब ५:९ |
| 10. | एक अर्काको **विरुद्धमा खरब कुरा नगर** | याकूब ४:११ |
| 11. | एक अर्काको **सेवा गर** | गलाती ५:१३ |
| 12. | एक अर्काको **भार उठाओ** | गलाती ६:२ |
| 13. | एक अर्कालाई **दह्रिलो पार** | १ थेसलोनिकी ५:११ |
| 14. | एक अर्कालाई **अर्ती देओ** | हिब्रू १३:३ |
| 15. | एक अर्कालाई **सान्त्वना देओ** | १ थेसलोनिकी ४:१८ |
| 16. | एक अर्काको **इन्साफ नगर** | रोमी १४:१३ |
| 17. | एक अर्कालाई **प्रेम र असल कामको निम्ति उत्साहित गरौं** | हिब्रू १०:२४ |
| 19. | एक अर्कालाई **शिक्षा देओ** | रोमी १५:१४ |
| 20. | एक अर्कालाई **नढाँट** | कलस्सी ३:९ |
| 21. | एक अर्कालाई **सिकाओ र अर्ती देओ** | कलस्सी ३:१६ |
| 22. | एक अर्कासँग **पाप स्वीकार गर...प्रार्थना गर** | याकूब ५:१६ |
| 23. | एक अर्कासँग **मिलेर बस** | रोमी १२:१६ |
| 24. | एक अर्काको **अधीनमा बस** | एफिसी ५:२१ |

ग्रीक *allelois एल्लेलोइस* को अनुवाद “एक अर्को” वा “एक अर्का” जसले पारस्परिक कार्य, बराबर मनोवृत्ति, वा लिने–दिने स्थितिको अर्थ दिन्छ।

“एक अर्का” सिद्धान्तहरू त्रिएक सम्बन्धहरूमा सबै भन्दा राम्रो देखिन्छ, किनकि तीन व्यक्तिहरूले पूर्णरूपले, पूरा सद्भावमा काम गर्छन्। जबकि पुरुष र स्त्री त्रिएकत्वको नजिक आउन सक्दैनन्, तर हामीले प्रयास गर्नुपर्छ। येशूले भन्नुभयो,

*“म तिनीहरूमा अनि तपाईं ममा, र तिनीहरू **पूर्णरूपले एक होऊन्**, र तपाईंले मलाई पठाउनुभएको हो, अनि मलाई प्रेम गर्नुभए जस्तै तपाईंले तिनीहरूलाई पनि प्रेम गर्नुभयो भनी संसारले जानोस्।” (यूहन्ना १७:२३)*

पुरूष र स्त्री जो एकतामा बस्छन्, उनीहरूले “एक–अर्का” सिद्धान्त प्रदर्शन गर्छन् र यसले “संसारलाई जान्न” दिनेछ ! यो गहिरो सम्बन्ध परमेश्वरको राज्यको एक नम्र हतियार हो!

**यी निर्देशनहरू पुरूष वा स्त्रीलिंगी होइनन्। ती सबै ख्रीष्टका चेलाहरूलाई दिइन्छ।**

### निष्कर्ष

“एक अर्का” सिद्धान्तहरू आत्मिक हतियार हुन्। यी सिद्धान्तहरूको व्यावहारिक प्रयोग विभिन्न संस्कृतिहरूमा फरक  देखिन सक्छ। यो सरल प्रकारको पृथ्वी हल्लाउने सम्बन्धले संसारको हरेक धर्मको जगमाथि चुनौती दिन्छ। “एक अर्का” हतियारहरू टिप्नुहोस् र तिनीहरूलाई प्रयोग गर्न सिक्नुहोस्!

**४ महत्वपूर्ण प्रश्नहरू**

- ⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?
- ⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?
- ⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?
- ⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com

## यी १० सामान्य आपत्तिहरूको बारेमा के ?

**मुख्य शब्द**

**आपत्तिहरू...**

प्राय दोस्रो एजेन्डा लुकाउँछन्

**१. आदमले हव्वाको नाम राखे, त्यसैले उनी नै जिम्मेवार हुन्।**

त्यहाँ दुईवटा नामकरणहरू थिए। पहिलो नाम उत्पत्ति २:२३ मा आनन्दबाट आएको थियो। पुरूषले संसारको पहिलो कविता ("मेरो हाडको हाड, मेरो मासुको मासु") मा उनीहरूको समानता बारे वर्णन गरे, समान सहयोगीको खोजी त्यहाँ आएर समाप्त भयो। त्यहाँ कुनै सङ्केत छैन कि त्यो मानिस उनको जिम्मामा थियो, तर उनी छक्क र रोमाञ्चित थिए! दोस्रो पटक पुरूषले स्त्रीको नाम उत्पत्ति ३:२०मा राखेका थिए। यस कथामा, तिनीहरू एकताबद्ध थिएनन्, र तिनीहरू पापरहित थिएनन्। तिनले उनलाई जैविक प्रक्रिया ("सबै जिवितहरूको आमा") को रूपमा बोलाए। त्यसबेलादेखि, अथवा त्यो पतन पछि संसारमा, तिनले उनीमाथि शासन गरिरहेको थियो।

**२. हव्वाले आदमको परिवारको नाम लिएका थिइन्।**

वास्तवमा, दुबैलाई "आदम"मानवजाति भनिन्थ्यो। उत्पत्ति ५:१–२ हेर्नुहोस्। "आदम" सधैं उचित नाम थिएन। आज केही संस्कृतिहरूमा, स्त्रीले पुरूषको अन्तिम नाम लिन्छ। धेरै एशियाली संस्कृतिहरूमा, स्त्रीहरूले विवाहमा आफ्नो अन्तिम नाम राख्छन्, र छोराछोरीले बुबाको नाम लिन्छन्।

**३. हव्वाले नेभाराका पातहरू सिलाईन्।**

पाठमा छैन। हव्वाले नेभाराको पात सिलाएको दाबी गर्ने मानिसहरूले पाठमा आफ्नो विश्वदृष्टिकोण पढिरहेका छन्।

**४. पहिलो मानिस आफ्नी पत्नीको कुरा "सुनेको"कारण समस्यामा पर्‍यो।**

परमेश्वरले केवल तथ्यहरू भन्नुभयो (उत्पत्ति ३:१७)। सुन्दा अनाज्ञाकारिता जनाउँदैन। निषेधित रुखको फल खानु अवज्ञा थियो। परमेश्वरले अब्राहामलाई आफ्नी पत्नीको कुरा सुन्न पनि भन्नुभयो (उत्पत्ति २१:१२)।

**५. पुरूष पहिले सृष्टि गरिएको थियो, त्यसैले उनी अगुवा हुन्।**

पुरूषको सृष्टि स्त्रीको भन्दा पहिले भएको थियो तर पुरुष भन्दा पहिले के सृष्टि भएको थियो? जनावर, बिरूवा, जमीन।

**६. स्त्रीहरू सजिलै छलमा पर्छन्।**

के तपाईं कुनै मूर्ख मान्छे चिन्नुहुन्छ? हामी चिन्छौं। के तपाईं कुनै मूर्ख महिलालाई चिन्नुहुन्छ? हामी चिन्छौं। बौद्ध, इस्लाम, मार्क्सवाद/साम्यवाद, मोर्मोनिजम सुरू गर्ने पुरुष वा महिला थिए? वास्तवमा, यो पुरुषहरूले ती बिचारधाराहरू सुरू गरे जसले शाब्दिक रूपमा अरबौं मानिसहरूलाई प्रभाव पार्छ। शत्रुले कुनै पनि लिङ्गीलाई धोका दिन सक्छ। ईश्वरीय महिलाहरूको दिमाग, हृदय र अन्तर्ज्ञानमा भरोसा गर्नुहोस्।

**७. महिलाहरू घरमै बस्नुपर्छ।**

त्यो बाइबलमा कहाँ छ? यो त्यहाँ छैन। परमेश्वरले पुरूष र स्त्री दुवैलाई "पृथ्वीमा शासन" गर्न निर्देशन दिनुभयो। पावलले स्त्रीहरूले आफ्नो घर राम्रोसँग व्यवस्थापन गर्न निर्देशन दिए (१ तिमोथी ५:१४)। तीतस २:४–५ मा पावलले "अल्छे/बेकामे" (१:१२)लाई घरमा "व्यस्त/काम" गर्ने सँगको भिन्नता बारे बताए। उनले स्त्रीहरूलाई त्यहाँ बस्न भनेन। के तपाईं घरबाहिर काम गर्ने बाइबल स्त्रीको बारेमा बिचार गर्न सक्नुहुन्छ? हामी सक्छौ!

**८. बाइबलमा कुनै महिला पास्टरहरूको नाम दिइएको छैन।**

त्यसो त एक जना पुरूष पास्टरको नाम पनि छैन। *पास्टर* शब्द नयाँ करार एफिसी ४:११ मा **एक पटक** मात्र प्रयोग गरिएको छ। प्रारम्भिक चर्चमा "वरिष्ठ पास्टरहरू", "कार्यकारी पास्टर", "शिक्षा दिने पास्टर" वा अरू कुनै आधुनिक विकल्पहरू थिएनन्।

**९. पुरूषहरू घरका "भविष्यवक्ता, पुजारी र राजा" हुन्।**

आराम गर्नुहोस्, भाइहरू। येशू तीनवटै हुनुहुन्छ, तर बाइबलले कहिल्यै पनि जिम्मेवारी तपाईंको हो भनी भन्दैन। पुरानो/नयाँ नियममा, यी कर्तव्यहरू कहिल्यै एक व्यक्तिसँग जोडिएका थिएनन्। केवल येशूले मात्र यी सबै तीनवटै जिम्मेवारी पूरा गर्न सक्नुहुन्छ!

**१०. पुलपिटमा एउटी महिला हुनु भनेको: "चर्चमा अनैतिकता स्वीकारको कारण र प्रभाव, वा औंला दिँदा हातै निले जस्तो।" हो।**

नारी हुनु पाप होइन, न त नारी हातै निल्ने मान्छे जस्तै हो ! जे राम्रो र पवित्र छ त्यसलाई ग्रहण गर्नुहोस्। अपमानजनक, लाजमर्दो पाप अश्वीकार गर्नुहोस्। एक व्यक्तिलाई चर्चमा नेतृत्व गर्नको लागि के कुराले योग्य बनाउँछ बुझ्नुहोस्... धार्मिक जीवन र बृद्धि, परिपक्क विश्वास।

**११. अगुवा बिनाको विवाह भनेको:"कप्तान बिनाको जहाज जस्तै हो", "सेनापति बिनाको सेना जस्तै", "दुई टाउको भएको राक्षस जस्तै हो"!**

समानता जहाज वा सेनाहरूको लागि सही हुन सक्छ, तर तिनीहरू विवाहको सही चित्रहरू होइनन्। दुवैले नेतृत्व र अनुसरण गर्न सक्छन्, विभिन्न समयमा तिनीहरूको शक्तिको आधारमा, असल साथीहरूले जस्तै। दुई मुटु/मनहरू एकतामा काम गर्ने शक्तिशाली नमुना हो!

**धेरै आम आपत्तिहरू जसका सरल जवाफ छन्।**

### निष्कर्ष

परमेश्वरको चरित्र, परमेश्वरको राज्य र परमेश्वरको मिशनलाई ध्यानमा राख्नुहोस्। उहाँ आफ्ना खेतालाहरूको गुणात्मक बृद्धि गर्न चाहनुहुन्छ।

**४ महत्वपूर्ण प्रश्नहरू**

⇒ यसले हामीलाई **परमेश्वरको** चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिसको** बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

# अनन्तताको परिवार

अन्तमा, जब महान आज्ञा पूरा हुन्छ तब दुष्ट सधैंको लागि पराजित हुन्छ। ख्रीष्ट र उहाँका दुलही (सम्पूर्ण चर्च) परमेश्वरको पवित्र, पापरहित उपस्थितिमा बस्नुहुनेछन्। येशूको साथ, हामी अनन्तसम्म परिवारको अनुभव गर्नेछौं। एक पटक फेरि, परमेश्वरको स्वरुप धारण गरेकाहरू परमेश्वरसँग, एक–अर्कासँग र सम्पूर्ण सृष्टिसँग पूर्ण मेलमिलाप सहित अस्तित्वमा आउनेछन्। परमेश्वरको नाम पवित्र भएको, परमेश्वरको राज्य आएको, र उहाँको इच्छा पूरा भएको कस्तो देखिन्छ भन्ने कुरा यो अन्तिम परिवारले प्रकट गर्नेछ। हुन आउने कुरा यही नै हो।

www.servingshouldertoshoulder.com

## कसरी येशू (दुलाह)ले चर्च(दुलही)लाई विवाह गर्नुहुन्छ?

मुख्य शब्द

אֶחָד and εἷς

इखाड (*Heb.*) *eis* (*Gk.*) = एक, **पूर्ण एकता**

**पूर्णता, पवित्रता र एकताको साथ!** थुमाको विवाह भोज ब्रह्माण्डको इतिहासमा सबैभन्दा अति-प्रेणादायक र गौरवमय उत्सव हुनेछ! परमेश्वरको थुमा र चर्च विवाहमा एक हुनेछन्। हाल, चर्चको येशूसँग मगनी गरिएको छ, तर प्रकाश १९ मा हामीले विवाह उत्सवको झलक पाउँछौं।

**६ त्यसपछि एउटा ठूलो भीडको सोरजस्तो मैले सुनें, उर्लंदो पानीहरूको आवाज र धेरै शक्तिसाली मेघ गर्जनको आवाजजस्तो मैले सुनें, जसले यसो भनिरहेका थियो:**

"हल्लेलूयाह! किनकि परमप्रभु हाम्रा परमेश्वर सर्वशक्तिमान्‌ले राज्य गर्नुहुन्छ।

७. हामी रमाऔं र अतयन्त खुसी होऔं, र उहाँलाई महिमा दिऔं! किनकि **थुमाका विवाहको दिन** आएको छ, र उहाँकी दुलही स्वयम् तयार भएकी छिन्।

८. चहकिलो र स्वच्छ मलमलको वस्त्र पहिरन तिनलाई दिइयो।" चहकिलो मलमलको वस्त्र सन्तहरूका धार्मिक कार्य हुन्।

९. अनि ती स्वर्गदुतले मलाई भने, "यो लेख **थुमाका विवाहको भोजमा** निमन्त्रणा पाउनेहरू धन्यका हुन्।"

**मगनी कहलेसम्मको लागि?**

यो व्यक्तिगत प्रश्नलाई बिचार गर्नुहोस्... यदि तपाईं विवाहित हुनुहुन्छ भने, तपाईं कति लामो समयसम्म मगनीको बन्धनमा रहनुभयो? यदि तपाईं अझै विवाहित हुनुहुन्न भने, तपाईं तपाईंको मगनी कति लामो समय सम्म रहने आशा गर्नुहुन्छ? १ हप्ता, ६ महिना, २ वर्ष? अब येशूको बारेमा सोच्नुहोस्। उहाँ सबैभन्दा धैर्यवान र शक्तिशाली दुलहा लगभग २००० वर्षदेखि आफ्नो प्रियसँग मगनी गरिएको छ! र उहाँ अहिलेसम्म पर्खिरहनुभएको छ!

**दुलही... तयारी र धर्मी**

प्रकाश १९:७ले भन्छ, *"उहाँकी दुलही स्वयम् तयार भएकी छिन्।"* अनन्तताको परिवारमा, दुलहीले आफ्नो दुलाहले जस्तै आफ्नो कार्य पूरा गर्छिन् (यूहन्ना १७:४)। येशूले आफ्नो प्रतिज्ञा पूरा गर्नुभयो। (यूहन्ना १४)। उहाँ ठाउँ तयार पार्न जानुभयो र त्यसपछि फेरि आउनुभयो (यूहन्ना १४)। दुलहीले त्यसै गरी, आफ्नो प्रतिज्ञा पूरा गरिन्, सबै राष्ट्रहरूलाई परमेश्वरको राज्यको घोषणा गर्दै महान आज्ञा पूरा गरेर चर्चलाई "तयार" गरिन्। उनको राम्रो कामको सम्पूर्ण अभिलेख उनको विवाहको पोशकमा स्पष्ट छ। प्रकाश १९:८ ले भन्छ, उनीलाई लगाउन चहकिलो र स्वच्छ मलमलको वस्त्र दिइएको थियो (चहकिलो मलमलको वस्त्र सन्तहरूका धार्मिक कार्य हुन्)। दुलहीले शाब्दिक रूपमा असल कामहरू वस्त्रको रूपमा लगाउँछिन्। येशूले आफ्नो दुलहीको हरेक धार्मिक कार्यलाई अनन्तकालको लागि देख्न र याद गर्नुहुनेछ!

**"एक" हुने**

सम्पूर्ण चर्च (पुरूष र महिला दुवै मिलेर बनेको) येशूको लागि दुलहीको रूपमा एकजुट हुनेछ। हामी यूहन्ना १७:२३ मा एकताको लागि गरिएको उहाँको प्रार्थना पूरा गर्नेछौं। हामी "एउटै" हुनेछौं जसरी येशू र पिता "एक" हुनुहुन्छ। थुमाको विवाहको समापनमा ठूलो रहस्य भए तापनि, एकताको लागि येशूको प्रार्थना पूरा हुनेछ भनेरे हामी पक्का हुन सकछौं। उत्पत्ति २:२३ ले पुरूष र स्त्री "एउटै (इखाड) ***(echad)*** शरीर" भए भनी बताउँछ। उही शब्द (The Shema शेमा) व्यवस्था ६:४ मा प्रयोग गरिएको छ: "हे इस्त्राएल, सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ।" (हिब्रूमा (इखाड) ***(echad)*** सेप्टुवाजिन्टमा (Septuagint LXX) मा इस *eis*)। अगाडि बढ्दै, येशूले चर्चमा **"पूर्ण एकता"** र एकताको लागि प्रार्थना गर्नुभयो (εἷς ἓν/*eis en* यूहन्ना १७:२१ हेर्नुहोस्।) येशूले चर्चमा एकताको लागि शेमा जस्तै शब्द प्रयोग गर्नुभयो। एकता भनेको *उस्तै देखिने समानता* वा *एकलता* होइन। यसको अर्थ एकिकृत हो!

## चर्च "एउटै" भएको येशू चाहनुहुन्छ। हामी "एक" हुनेछौं !

## निष्कर्ष

**स्वर्गमा मात्र विवाह येशू र चर्चको बीचमा हुन्छ** (एफिसी ५:३१-३२, लूका २०:२७-४०)। मानिसहरू परमेश्वर बन्दैनन्, तर एकताको लागि येशूले गर्नुभएको प्रार्थना चाँहि कुनै न कुनै रूपमा पूरा हुनेछ। **कस्तो अचम्मको रहस्य जुन अझै खुलाउन पर्खिरहेको छ!** (ग्रेट वर्ड स्टडी: *echad, mia, en, eis* https://www.blueletterbible.org/lexicon/g1520/niv/mgnt/0-1/)

**४ महत्वपूर्ण प्रश्नहरू**

- ⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?
- ⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?
- ⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?
- ⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com

## लक्ष्यमा पुग्न कसले परिश्रम गरे?

मुख्य शब्द

**πάντα τά εϑνη**

*panta ta ethne* = ALL nations, tribes, peoples
हरेक जाति, सबै कुलहरू, मानिसहरू

**सम्पूर्ण चर्च, पुरुष र स्त्री दुवैले परिश्रम गरे!** कुनै दिन, मानिसहरूलाई परमेश्वरले दिनुभएको सुरूको आज्ञा (उत्पत्ति १:२८) र ख्रीष्टको अन्तिम आज्ञा चर्चमा (मत्ती २८:१९-२०) पूरा हुनेछ। त्यस समयमा, हामी सबै परमेश्वरको सिंहासनको वरिपरि भेला हुनेछौं र ख्रीष्टको सम्पूर्ण शरीरको रूपमा सँगै त्यो अन्तिम रेखा पार गरेको उत्सव मनाउनेछौं।

"त्यसपछि कुनै मानिसले गन्न नसक्ने एउटा ठूलो भीड, जो हरेक जाति, सबै कुलहरू मानिसहरू र भाषा बोल्नेबाट थियो, सेता पोशाक पहिरेर हातमा खजूरका हाँगा लिई सिंहासन र थुमाको सामुन्ने उभिरहेका मैले देखें। तिनीहरू उच्च सोरले कराए: "सिंहासनमा विराजमान हुनुहुने हाम्रा परमेश्वर र थुमामा मुक्ति छ।" प्रकाश ७:९-१०

यो "ठूलो भीड" भन्नाले हरेक जाति र हरेक पुस्ताबाटका स्त्री तथा पुरुष दुवै मिलेर "हाम्रो परमेश्वर"लाई प्रशंसा गर्नेछ। सबै जातिहरूले येशूलाई आफ्नो प्रभुको रूपमा दावी गर्न सक्छन्। उहाँको मुक्ति सबै जातिहरूमा फैलिएको छ!

**त्यहाँ एक समाप्त रेखा छ।**

अनन्तताको परिवारमा, चर्चले आफ्नो काम पूरा गरेको हुनेछन् र जातिहरूमा सुसमाचार पुगिसकेको हुनेछ। त्यतिबेलासम्म लक्ष्यमा पुगिसकेको हुनेछ। अन्तिम रेखा पार गरिएको हुनेछ, दौड सकिएको हुनेछ। समाप्त रेखा बिना कसैले पनि दौड दौड्दैन। हामी बिना लक्ष्य गोलो घेरामा दौडेको येशूले चाहनुभएन। उहाँले हामीलाई एक शक्तिशाली सन्देश, एक दृढ दिशा, र स्पष्ट अन्तिम लक्ष्य दिनुभयो।

"अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ,

त्यसपछि अन्त्य आउनेछ।" मत्ती २४:१४

**सबैले सुनाउँछन्।**

"तर स्वर्गमा पुरूषहरू मात्र छन्..." वा "तर प्रकाश ७:९-१० मा पुरुषहरू मात्र छन्..." वा "तर महान् आज्ञामा पुरूषहरूले मात्र काम गरे..." वा "तर पुरूषहरूले मात्र महान् आज्ञा पूरा गरे ..." भनेर बाइबललाई माया गर्ने एक जना इश्वारशस्त्रीले पनि तर्क गर्दैनन्! सबै मानिसहरूले सुसमाचार सुनाउन आ-आफ्नो भूमिका पूरा गर्न आवश्यक छ।

स्थितिको समीक्षा गरौं। पुरूष र स्त्रीहरूले परमेश्वरको स्वरूपको रूपमा एक साझा **सृष्टि** र **पहिचान**को आनन्द उठाए। उनीहरूले समान **आशिष्** र **जिम्मेवारीहरू** साझा गरे (उत्पत्ति १:२८)। पछि तिनीहरू **पतन** र पापको **परिणाममा** पनि बराबरी सहभागी भए। पछि (येशूको प्रशंसा होस्!) दुबै पुरूष र स्त्रीहरू **मुक्तिमा** साझेदार भए किनभने येशू सबैको पापको लागि मर्नुभयो। साथै, परमेश्वरले पुरुष र स्त्री दुवैलाई **आत्मिक वरदानहरू** दिनुभयो। पेन्तिकोसमा दुवैमा बास गर्न परमेश्वरको **आत्मा** खन्याइयो र उहाँ आज सम्म पनि हुनुहुन्छ। अन्तमा, महान आज्ञाको साझा **कार्यमा** उनीहरूको साझा मेहनतको **कारण,** दुवैले साझा **उत्तराधिकारीको** आनन्द लिनेछन्।

व्यवहारिक रूपमा भन्नुपर्दा, केही महिलाहरूलाई पुरुष प्रचारकहरूले सुसमाचार कहिल्यै पनि सुनाउन सक्दैनन्, चाहे उनीहरूले जतिसुकै प्रचार गर्न चाहे पनि। सुसमाचार प्रचारक स्त्रीहरूले निश्चित पुरुषहरूलाई कहिल्यै सुसमाचार सुनाउन सक्दैनन्। *संसार*लाई सुसमाचार सुनाउनको लागि परमेश्वरले बनाउनुभएको सुन्दर *परिवार*लाई बिचार गर्नुहोस्। "सम्पूर्ण परिवार, सम्पूर्ण समुदाय, सम्पूर्ण संसार" बिचार गर्नुहोस्। चाहे विवाहित, विधवा वा अविवाहित, पुरूष होस् वा स्त्री, जवान होस् वा वृद्ध -सबै उद्धार पाएकाहरू एउटै परिवार हुन्!

**सबै जातिहरूमा सुसमाचार पुर्‍याउनको निम्ति सबै चर्च चाहिन्छ।**

## निष्कर्ष:

अनन्तकालको अर्को पक्षबाट सम्पन्न महान आज्ञालाई समिक्षा गर्दा **सम्पूर्ण चर्चलाई काम सम्पन्न गर्नको लागि सकेसम्म धेरै ईश्वरीय कामदारहरूको खाँचो पर्छ** भन्ने कुरा प्रकट गर्दछ। ("महान आज्ञा"मा महान सामयिक अध्ययनः मत्ती २८:१८-१५, मर्कूस १६:१५, लुका २४:४७, यूहन्ना २०:२१, प्रेरित १:८)

### ४ महत्वपूर्ण प्रश्नहरू

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com

## के परमेश्वरले लिङ्गको आधारमा अनन्त इनाम दिनुहुनेछ ?

**कदाचित होइन्!** केही गैर–ख्रीष्टियन धर्महरूमा, तिनीहरूका देवताहरूले निश्चित रूपमा एक व्यक्ति पुरुष वा स्त्री हो भन्ने आधारमा स्वर्गीय आशीर्वाद दिन्छन्। हिन्दु, बौद्ध, मुस्लिम र मोर्मनहरू सबैले अनन्त आनन्दको प्रदान गर्ने कुरामा स्त्रीहरू भन्दा पुरुषहरूलाई धेरै समर्थन गर्छन्। पुरुषहरूले विशाल अनन्त इनामहरू प्राप्त गर्न सक्छन्, तर स्त्रीहरू: पुनर्जन्मको चक्रबाट उम्कन सक्दैनन्, असमान इनामहरू प्राप्त गर्न सक्छन्, पुरूषहरूको यौन आनन्दको लागि मात्र अस्तित्वमा रहेका हुन सक्छन्, अनन्त गर्भवती हुन सक्छन्। ख्रीष्टियन धर्मशास्त्रमा त्यस्तो छैन! पुरूष र स्त्री दुवै परमेश्वरको अनुग्रह र बुद्धिमा आधारित छन्, हाम्रो मानव जीवविज्ञानमा आधारित होइन।

**मुख्य शब्द**

**δοῦλε**

डोलस् *doulos* = slave, servant नोकर, दास

तिनले त्यसलाई भने "स्याबास असल **नोकर**, तँ अति थोरैमा विश्वासी भइस्,

तैँले दश सहरहरूमाथि अधिकार पाउनेछस्।" लूका १९:१७

पुरानो नियमको उत्तराधिकार सम्बन्धी व्यवस्थाले पहिलो जन्मेको (जेष्ठाधिकार) र पुरूष (पितृसत्ता)लाई समर्थन गर्थे। दोस्रो जन्मेको वा तेस्रो जन्मेका छोराहरू र कुनै पनि स्त्रीहरूले उल्लेखनीय रूपमा कम उत्तराधिकार पाउँथे। पहिलो जन्मेको छोराले ठूलो आशिष्, सम्मान र धन पाउँथे। यो अवधारणाले परमेश्वरको अनन्त इनाम प्रणालीलाई प्रतिबिम्बित गर्दैन भनेर हामी कसरी जान्दछौँ ? किनभने येशू आउनुभयो र यी सबै कुराहरू स्पष्ट पार्नुभयो। डाँडाको उपदेशमा (मत्ती ५–७), येशूले आफ्ना सबै श्रोताहरूलाई, पुरूष र स्त्री दुवै (धार्मिक कामहरू गर्ने, सेवा गर्ने, गुप्तमा उपवास बस्ने, दान दिने, सतावटमा पर्नेहरूका लागि) र जसले आफ्ना इनाम पाइसकेका छन् ("देखेका" र सार्वजनिक रूपमा स्वीकार गरिसकेका छन्।) लाई इनाम दिनुहुन्छ भनेर व्याख्या गर्नुभयो। येशूले सिकाउनुभयो कि परमेश्वरले गोप्य ठाउँमा गरिएको कामहरू देख्नुहुन्छ (मत्ती ६:४, ६, १८), जुन कुरा १ शमूएल १६:७ सँग मिल्दोजुल्दो छ, "मानिसहरूले बाहिरी रूप हेरेर बिचार गर्छ, तर परमप्रभुले हृदय हेरेर बिचार गर्नुहुन्छ।"

येशूले आशिषको सामान्य धारणालाई नाटकीय रूपमा चुनौती दिनुभयो। लुका ११:२७ मा, एउटी स्त्रीले चिच्च्याएर भनी, "धन्य त्यो नारी जसले तपाईंलाई गर्भधारण गरिन् र आफ्नो दुध खुवाइन्।" यो विशिष्ट आशीर्वादले कसरी यहूदी स्त्रीहरूलाई एक असल छोरा वा पति भएकोमा सम्मान गरिन्छ भनेर प्रकट गर्दछ।

तथापि, येशूले अनन्त सत्यताको साथ जवाफ दिनुभयो "बरू तिनीहरू धन्य हुन, जसले परमेश्वरको वचन सुन्छन् र पालन गर्छन्।" कसले वचन सुन्न सक्छ? कसले पालन गर्न सक्छ? को धन्यको हुन सक्छ?

जो कोही पनि! इनाम र आशिष् आज्ञापालनमा आधारित हुन्छन्, जुन स्त्री र पुरूषले गर्न सक्छन्। हामी सम्भावित समान उत्तराधिकारी हौं !

**तपाईंको वर्तमान अवधारणा**

"स्याबास, असल र विश्वासी नोकर!..." (मत्ती २५:२१) उहाँका आज्ञाकारी नोकरहरूको लागि परमेश्वरले गर्नुभएको प्रशंसा सुन्दा हाम्रो मनमा को आउँछ? यो प्रशंसा पुरूषहरूले मात्र सुनिरहेको हुनेछ भनेर परिकल्पना गर्नुहुन्छ? के परमेश्वरले एक असल र विश्वासी स्त्रीलाई पाँच वा दश सहरको जिम्मा दिनुहुनेछ (लूका १९)? तपाईंको मनमा, स्वर्गमा नारीहरूलाई कहाँ पाउनुहुनेछ? के तिनीहरू पछाडिको कुनामा भुन्डिएका हुनेछन्? के तिनीहरूले आफूलाई अगाडि धकेलिरहेको हुनेछन्? के तिनीहरू अनन्तको लागि पुरूषहरूको सेवा गर्न वरपर दौडिरहेका हुनेछन् वा तिनीहरूको विश्वासयोग्य आज्ञाकारिताको स्तरको आधारमा येशूद्वारा सम्मानित तथा पुरस्कृत हुनेछन्? सेलाह।

## परमेश्वरले आज्ञाकारितामा आधारित पुरस्कार दिनुहुन्छ, जीवविज्ञानको आधारमा होइन।

## निष्कर्ष

तपाईंको दर्शनमा अनन्तताको परिवारलाई ठीक गर्नुहोस्। येशूले उहाँको दुलहीको हृदय जान्नुहुन्छ। उहाँलाई तपाईंको आज्ञाकारिताको हृदय थाहा छ किनकि उहाँको दृष्टि 'उहाँप्रति भक्त रहनेहरूलाई साहयता दिन सारा पृथ्वीभरि नै रहिरहन्छ '(२ इतिहास १६:९)। पुरूष र स्त्रीहरू, परमेश्वरको उपस्थितिमा खडा हुनेछन्, नम्रतापूर्वक उहाँको वचन सुनेको र विश्वासयोग्य भई पालन गरेको आधारमा आशिष् पाउनेछन्।

**४ महत्वपूर्ण प्रश्नहरू**

- ⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?
- ⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?
- ⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?
- ⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

## कहिले रोक्ने भन्ने बारे परमेश्वरलाई थाहा थियो... के हामीलाई थाहा छ?

**त्यस्तै आशा गरौं, तर हामी भेट्नेछौं!** उत्पत्तिमा भएको सृष्टिको कथाले बताउँछ कि परमेश्वरले छ दिनसम्म असल काम गर्नुभयो र सातौं दिनमा विश्राम लिनुभयो। ज्योति, समय, वायुमण्डल, जीवन र मानवताको उत्पत्ति पछि पनि परमेश्वर थाक्नुभएन। बरू, उहाँले सृष्टि प्रक्रियालाई रोक्नुभयो। त्यो रोक्ने प्रक्रियामा, परमेश्वरले फेरि मापदण्ड निर्धारित गर्नुभयो, उहाँलाई थाहा थियो कहिले रोक्ने भन्ने बारे।

२ आफूले गर्नुभएका काम छैटौं दिनमा परमेश्वरले सिद्ध्याउनुभयो। र सातौं दिनमा आफूले गर्नुभएको सबै कामबाट उहाँले विश्राम लिनुभयो। ३ अनि परमेश्वरले सातौं दिनलाई आशिष् दिनुभयो र त्यसलाई पवित्र तुल्याउनुभयो, किनभने आफूले सृष्टिमा गर्नुभएका सारा कामबाट यसै दिनमा उहाँले विश्राम लिनुभयो। –उत्पत्ति २:२-३

**मुख्य शब्द**

שָׁבַת

शबाथ = शबाथ = ७औ = काम राक्ने

**आरामको आनन्द लिने धेरै राम्रा कारणहरू... परमेश्वरका जनहरू धेरै अशिषित् छन् !**

- शारीरिक विश्राम –परमेश्वरले शबाथ विश्रामको नमूना बनाउनुभयो, र हामीले नियमित साप्ताहिक विश्रामको ढाँचा पछ्याउँदा परमेश्वरको स्वरूपमा बनाइएका मानिसहरू हामी धन्यका हुन्छौं। शारीरिक विश्रामको आवश्यकताले हामीलाई जीवित राख्नुहुने परमेश्वरमा हाम्रो दैनिक निर्भरता देखाउँछ।
- आात्मिक विश्राम – येशूले बुझ्नुभयो कि मानिसहरू थकित र बोझले दबिएका छन्। त्यसैले उहाँले मानिसहरूलाई बोलाउनुभयो "मकहाँ आओ... म तिमीहरूलाई विश्राम दिनेछु।" ताकि तिनीहरूले "आफ्ना आत्मामा विश्राम पाउनेछौ।"(मत्ती ११:२८-३०) साथै, येशूले आफूलाई यसरी चिनाउनुभयो... "मानिसको पुत्र शबाथको प्रभु हो।" (लूका ६:५) उहाँ विश्रामको मालिक हुनुहुन्छ, कहिले रोक्ने भनेर जान्नुहुन्छ।
- अनन्त विश्राम – अनन्तताको परिवारले हिब्रू ४ मा अनन्त स्वर्गीय विश्रामको आनन्द लिनेछ। यो प्रतिज्ञा गरिएको छ "परमेश्वरका जनहरूका निम्ति शबाथको विश्राम... " (हिब्रू ४:९)। यस विश्राममा प्रवेश गर्नु भनेको परमेश्वरको उपस्थितिमा प्रवेश गर्नु हो। उहाँ हाम्रो विश्राम हुनुहुन्छ!

**परमेश्वरले किन "काम रोक्नुभयो"?**

उत्पत्ति १:३१ मा परमेश्वरले आफ्नो सृष्टिलाई "साह्रै राम्रो" भन्नुभयो र सातौं दिनमा काम बन्द गर्नुभयो। त्यस बिन्दुमा परमेश्वर किन रोकिनुभयो बिचार गर्नुहोस् ...के परमेश्वरको बिचार सकिएको थियो? के परमेश्वरको सृजनाशीलता समाप्त भएको थियो? कदाचित होइन्। बरू, यो रोक्नको लागि सही बिन्दु थियो किनभने त्यो बिन्दुमा बन्द गर्नु परमेश्वर को सही उद्देश्य र अभिप्रायसँग जाडिएको थियो। विशेष गरी पुरूष/स्त्रीको मुद्दामा, सही "रोक्ने बिन्दु"लाई पनि परमेश्वरको मौलिक उद्देश्य र अन्तिम उद्देश्यसँग मिल्नुपर्छ। परमेश्वरले नर र नारी सृष्टि गर्नुभयो। रोक्नुहोस्। परमेश्वरले तिनीहरूलाई सबै मानिसहरूको लागि परमेश्वरको हृदय देखाउनको लागि आत्मिक वरदान पाएको, परमेश्वर को स्वरूप धारण गरेको, संसारलाई परिवर्तन गर्ने समूहको रूपमा सृष्टि गर्नुभयो। रोक्नुहोस्। पुरूष र स्त्रीहरूमा परमेश्वरको मापदण्ड हराउनुले गम्भीर परिणामहरू ल्याउँछ। केही छनौटहरू, नीतिहरू र ईश्वरशास्त्रहरूले परमेश्वरका कामदारहरूलाई सीमित गर्छन्। केही कार्यहरूले परमेश्वरको फसललाई सीमित पार्दछ। केही कार्यहरू र मनोवृत्तिहरूले परमेश्वरको राज्यको मापदण्डहरू विरूद्ध अधर्मी घमण्ड वा मानव संस्कृतिलाई निर्माण गर्छ।

**के तपाईं धेरै नजिक रोकिनुहुन्छ? के तपाईं धेरै टाढा जानुहुन्छ? के तपाईं परमेश्वरको चरित्र र आज्ञाहरू सही रूपमा प्रतिबिम्बित गर्नुहुन्छ?**

- के तपाईं पुरूषहरूको लागि मात्र ढोका खोल्ने, तर स्त्रीहरू द्वारा परमेश्वरले जे गर्न सक्नुहुन्छ त्यसलाई सिमित पार्ने हुनुहुन्छ? **(ज्यादै नजिक!)**
- के तपाईं अधर्मी पापी सम्बन्धहरूको लागि ढोका खोल्ने व्यक्ति हुनुहुन्छ? **(धेरै टाढा!)**
- के तपाईं ईश्वरीय पुरूष र महिलाहरूको संख्या बढाउन, तिनीहरूलाई प्रोत्साहन दिन र तिनीहरूलाई येशूजस्तै देखिने बनाउनको लागि ढोका खोल्ने हुनुहुन्छ? **(राम्रो!)**

## "धेरै नजिक" रोक्नु पाप हो। "धेरै टाढा" रोक्नु पाप हो।

## निष्कर्ष

कहिले सृष्टि गर्ने र कहिले बन्द गर्ने भन्ने परमेश्वरलाई थाहा थियो। उहाँले सृष्टि गर्नुभयो, आशिष् दिनुभयो, र दुवै लिङ्गलाई आज्ञा दिनुभयो, र त्यसपछि उहाँ रोकिनुभयो। उहाँले पुरूष र स्त्रीलाई एउटै देखिने वा परस्पर बनाउनु भएन। संस्कृति विरूद्ध बलियो रूपमा खडा हुन बुद्धि चाहिन्छ। परमेश्वर जहाँ रोकिनुहुन्छ हामी पनि त्यही रोकिएको उहाँ चाहनुहुन्छ।

**४ महत्वपूर्ण प्रश्नहरू**

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

हामी प्रार्थना गर्छौं कि तपाईं यी संक्षिप्त अन्तरदृष्टिहरू मार्फत येशूलाई अझ बढी प्रेम गर्न बृद्धि हुनुभएको होस्। हामी प्रार्थना गर्छौं कि तपाईंले परमेश्वरको सुरूको योजना र **आदर्श परिवार**सँगको आश्य देख्न सक्नुभएको होस्। हामी प्रार्थना गर्छौं कि तपाईंले **पतनभएको परिवार**को पहिचान गर्न र शोक गर्न सक्नुभएको होस्। हामी प्रार्थना गर्छौं कि तपाईं येशूको रगतले ढाकिएको र **उद्धार गरिएको परिवारमा** सामेल हुनुभएको होस्। हामी प्रार्थना गर्छौं कि तपाईं अब ईश्वरीय पुरूष र स्त्रीहरूलाई खेतलाको रूपमा फसलको खेतमा एक **बृद्धिभएको परिवार**को रूपमा परिचित गर्न प्रेरित हुनुभएको होस्। र हामी येशूको आगमन चाँडै होस् भनी प्रार्थना गर्दछौं, हामी तपाईंसँग **अनन्तताको परिवारमा** उत्सव मनाउन उत्सुक छौं।

जसै तपाईंहरू सुसमाचारको लागि भाई तथा बहिनीको रूपमा काँधमा काँध मिलाएर नम्र भई हिँड्दा र उहाँको सेवा गर्दा येशूले तपाईंलाई उहाँको उपस्थिति, हरेक आत्मिक आशिष् र सधैँ रहने फलको साथ इनाम दिनुभएको होस्।

**अब... यसको साथ दौडनुहोस्।**